
# राष्ट्रिय किसान आयोगको

## पाँचौ वार्षिक प्रतिवेदन
## (आ. व. २०७७/७८)



नेपाल सरकार

**राष्ट्रिय किसान आयोग**

कीर्तिपुर, काठमाडौं

२०७८

राष्ट्रिय किसान आयोगको पाँचौ वार्षिक प्रतिवेदन






आयोगको चौथो स्थापना दिवस मनाउने कार्यक्रमका झलकहरू






राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०७८ को उपलक्ष्यमा भएको कार्यक्रमका झलकहरू



FANSEP द्वारा कृषि क्षेत्रमा संचालित परियोजनाहरूको अनुगमनमा केही झलकहरू



कृषिजन्य तथा पशुजन्य बाली तथा बस्तुको ढुवानीको अवस्था बारे अनुगमन

# राष्ट्रिय किसान आयोगको

## पाँचौ वार्षिक प्रतिवेदन

## (आ. व. २०७७/७८)

नेपाल सरकार

**राष्ट्रिय किसान आयोग**

कीर्तिपुर, काठमाडौं

२०७८

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

डा. प्रेम प्रसाद दंगाल

**सदस्यहरू**

पुष्पा भुसाल (कृषि विज्ञ)

टेक बहादुर बोगटी

जीवन्ती पौडेल

मन्जु धिमाल

सूर्य प्रसाद खनाल

**नि. सदस्य सचिव**

दुर्गा प्रसाद पण्डित

प्रकाशक : राष्ट्रिय किसान आयोग
प्रकाशन मिति : २०७८
प्रकाशन प्रति : ५०० प्रति
मुद्रण : दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स
सर्बाधिकार : राष्ट्रिय किसान आयोग, कीर्तिपुर, काठमाडौं

## सम्पर्क ठेगानाः

कीर्तिपुर, काठमाडौं
फोन नं.: ०१-५९०६१८२, ५९०६१७६, ५९०६१८०
इमेलः nfcnepal2017@gmail.com
वेवसाइटः www.nfc.gov.np

## संयोजन लेखन

आयोगको पूर्व-स्वीकृति बिना यस प्रतिवेदनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तब्य

कृषि क्षेत्र नेपाली अर्थतन्त्रको एक महत्वपूर्ण हिस्सा रहदै आएको छ । यस पेशामा संलग्न ६०.४ प्रतिशत जनसंख्या रहेको हाम्रो देशमा कृषि क्षेत्रले कुल ग्रार्हस्थ उत्पादनमा २५.८५ योगदान गरेको छ । नेपालको पन्ध्रौं पञ्चवर्षिय योजनाले (२०७६/०७७-२०८०/८१) प्रतिस्पर्धी, जलवायु अनुकुल, आत्मनिर्भर एवं निर्यातमुखी उद्योगको रुपमा कृषि क्षेत्रलाई रुपान्तरण गर्दै समावेशी र दिगो आर्थिक वृद्धी गर्ने लक्ष्य राखेको छ । उपरोक्त लक्ष्यहरु हासिल गर्न कृषिका नीतिहरु ऐनहरु, नियमावलीहरु, आदेशहरु, निर्देशनहरु र कार्यक्रमहरुले महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् ।

मुलुकलाई आत्मनिर्भर बनाउन, जनतालाई आर्थिक रुपमा समृद्ध बनाउन र राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्न कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र औद्योगिकीकरण गरिनु पर्दछ । यसरी मात्र कृषिक्षेत्रको विकास अर्थतन्त्रका अन्य क्षेत्र सरह बनाउन सकिन्छ । कृषिको व्यवसायीकरणले उत्पादनलाई विशिष्टीकरणको अवस्थातर्फ अघि बढाउँछ । जसबाट कृषि उपजको उत्पादकत्व र उत्पादन बृद्धि हुन्छ । नेपाली कृषकहरु निर्वाहमूखी उत्पादनबाट क्रमिक रुपमा कृषिको व्यवसायीकरण गर्दै उत्पादनको विशिष्टीकरण तर्फ उन्मुख हुनथालेका छन् । अधिकांश किसानहरु निर्वाहमुखी उत्पादनमा संलग्न रहेका र केहि किसानहरु विस्तारै सामूहिक र सहकारी खेतितर्फ पनि उन्मुख हुनथालेका छन् । यसक्रममा चिया, कफी, अलैंची, अदुवा, बेसार, तरकारी, फलफूल, पुष्पखेती, मौरी, माछा, कुखुरा, पशुपालन तथा दुग्ध उत्पादन आदि विषयगत उत्पादनका क्षेत्रहरुमा किसानहरु संलग्न हुन थालेका छन् । राज्यले कृषि उत्पादन बृद्धिको योजना वनाउने, कृषक र कृषि व्यवसायिहरुको हित संरक्षण गर्ने नीति अवलम्बन गर्ने, किसानहरुलाई उत्पादन बृद्धिका लागि आवश्यक सुविधा प्रदान गर्ने तथा वजार व्यवस्थापन गर्ने जस्ता विषयमा ध्यान लिन जरुरी छ ।

त्यसैले यतिवेला राज्यले कृषि विकासलाई पूर्णरुपमा प्राथामिकता दिन जरुरी छ, किसानको वर्गिकरण र सूचिकरणको कामलाई अगाडि बढाउन जरुरी छ, कृषि क्षेत्रले राष्ट्रिय आयमा पुर्याएको योगदानकै अनुपातमा बजेटको विनियोजन गर्न आवश्यक छ । कृषि तथा कृषिजन्य उत्पादनको बजारीकरणको सहज व्यवस्था, कृषि उत्पादनको समर्थन मुल्य निर्धारण गरी उचित भण्डारण र सहज वितरणको व्यवस्था, कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण गर्नका लागि कृषि सम्बन्धी आधुनिक ज्ञान, सीप र प्रविधिहरुको बारेमा किसानहरुलाई आवश्यक जानकारी सहज रुपमा प्राप्त गर्ने व्यवस्था गर्न जरुरी छ । त्यसैगरी किसानमैत्री कृषि नीति निर्माण र त्यसको कार्यान्यिन जरुरी छ । विदेशबाट विना रोकतोक कृषि उत्पादनहरु भित्रिने व्यवस्था

अन्त्य गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न गर्न आवश्यक छ । राज्यका हरेक तहका नीति निर्माण प्रकृयामा किसान संघ-संगठनको सहभागिता अनिवार्य गर्न जरुरी छ ।

यसको लागि किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न एवं कृषि सम्बन्धी नीति, ऐन, कानुन तथा योजना तर्जुमा गरी कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाउन नेपाल सरकारबाट मिति २०७३/१०/६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो।नीति भनेको सरकारले जनाता प्रति गरेको सार्वजनिक प्रतिवद्धता हो जसले मुलकको आर्थिक सामाजिक रुपान्तरण गर्न सहयोग पुऱ्याउछ । सार्वजनिक नीतिले सामान्यतया समस्या समाधान गर्न, आवश्यकता पुरा गर्न, परिवर्तन गर्न र द्धन्दको समाधान गर्न मदत पुऱ्याउछ । ऐन, नियम र क्षेत्रगत विषयका नीतिहरु सार्वजनिक नीति हुन् । यसै सन्दर्भमा राष्ट्रिय कृषि नीति पनि एक क्षेत्रगत विषयको प्रमुख नीति हो । नीतिहरु दिगो र प्रभावकारी हुनको लागि स्थानिय जनताको आवश्यकता र मागको आधारमा तर्जुमा गरिनुको साथै सरोकारवालाको सार्थक सहभागिता र आवश्ययक पर्ने श्रोत साधनको ब्यवस्था महत्वपूर्ण पक्ष भनिन्छ ।

यसै सन्दर्भमा राष्ट्रिय किसान आयोगले आफ्ना कार्यक्रमहरुलाई नीति, ऐन, कानून तथा योजना तर्जुमा गर्न सरोकारवालाहरुको सार्थक सहभागिता गराई छलफल एवं अन्तरक्रिया मार्फत् नीति, ऐन, कानून तथा योजना तर्जुमामा सहयोग पुऱ्याई रहेको छ।आ।व। २०७७/७८ मा राष्ट्रिय किसान आयोगले सम्पन्न गरेका कार्यहरुको प्रगति र यस आयोगमा किसान संघ, संगठन, सञ्जालसँग आवद्ध सरोकारवाला बाट प्राप्त भएका विभिन्न कृषि उत्पादनसंग सम्बन्धित विभिन्न समस्याहरु र ती समस्याहरुलाई सम्वोधन गर्न भएका प्रयासहरु समावेश गरेर यो पुस्तिका प्रकाशन गरिएको छ ।

यस पुस्तिकाले कृषि क्षेत्रमा कार्यरत कृषि प्राविधिक, कृषक समूह, सहकारी, सञ्जाल, संघ, संगठनहरु, नीति निर्माताहरुलाइ तहमा अवश्य नै सहयोग पुग्न जान्छ भन्ने विश्वास लिएको छु । अन्तमा यस प्रतिवेदन तयारीको क्रममा सहयोग गर्नुहुने राष्ट्रिय किसान आयोगका सदस्यहरु, सदस्य सचिव लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद दिन चाहन्छु। यो प्रतिवेदनलाई आगामी दिनमा थप उपयोगी बनाउन पाठक वर्गको रचनात्मक सुझावको समेत अपेक्षा राख्दछु ।

डा. प्रेम प्रसाद दंगाद
अध्यक्ष
राष्ट्रिय किसान आयोग

# भनाई

नेपाल भौगोलिक विशिष्टता, जैविक विविधता तथा साना किसानहरुको बाहुल्यता भएको देश हो। कृषकको चाहाना र आवश्यकता अनुसार वातावरणमैत्री कृषी प्रविधि अवलम्बन गरी दिगो कृषि विकासका साथै खाद्य सुरक्षाको प्रत्याभुति हुने कार्यक्रम संचालन गर्न अपरिहार्य छ । नेपालको संविधानले खाद्य सम्बन्धी हकलाई मैलिक हकको रुपमा स्थापित गरे पश्चात दिर्घकालिन विकास लक्ष्य र आवधिक योजनाहरुमा खाद्य सुरक्षा सुनिश्चितता, गरिबी न्यूनिकरण, जलवायूमैत्री खेति प्रविधि अवलम्वन गरी उत्पादन र उत्पादकत्वमा सुधार गर्ने गरी कार्यक्रम तय गरिएको देखिन्छ।

कृषिको आधुनिकीकरण, ब्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि उत्पादन र उत्पादकत्व बढाउन एवं कृषकको हक हित संरक्षण एवं प्रवर्द्धन गर्न राष्ट्रिय कृषि नीति २०६१, कृषि ब्यवसाय प्रवर्द्धन नीति २०६३, कृषि विकास रणनीति (सन् २०१५-२०३५) तथा आवधिक योजनाहरु कार्यान्यवयनमा आइरहेका छन् ।

कृषि विकास रणनीति ( सन् २०१५-२०३५) ले परिलक्षित गरे बमोजिमका उद्देश्य हासिल गर्न राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३, अनुसार गठन भएको राष्ट्रिय किसान आयोगले कृषि सम्बन्धी नीति ऐन, नियम कानून तथा योजना तर्जुमामा सहयोगीको भूमिका खेल्दै आएको छ । राष्ट्रिय किसान आयोग किसानहरुको हक हित संरक्षण र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्म निर्भर बनाउन कृषि विकासका विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

राष्ट्रिय किसान आयोगले आ.व. २०७७/७८ मा सम्भावित कार्यहहरुको उपलब्धी, प्रगति, अनुगमन भ्रमणबाट विनियोजित बजेट र खर्चको स्थिती, अनुगमन भ्रमणबाट प्राप्त प्रतिवेदनहरु, कृषकको समस्याहरु, विभिन्न सरोकाकरवाला निकायवाट प्राप्त सुझाव आदिलाई समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको हो । यो पुस्तिका कृषि क्षेत्रमा संलग्न नीति निर्माता, कृषि प्राविधिक, स्थानीयतह, प्रदेश एवं संघिय सरकार सबैलाई उपयोगी हुनेछ । विषयवस्तु समावेश गर्ने क्रममा त्रुटी एवं कमी कमजोरी भएमा यहाँहरुबाट अमूल्य सुझाव र सल्लाहको अपेक्षा राख्दछु । यहाँहरुको अमूल्य सुझाव र सल्लाहको कदर गर्दै आगामी दिनमा यस पूस्तिकालाई थप परिष्कृत गर्दै लगिनेछ । पुस्तिका तयार गर्न सहयोग गर्नु हुने राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. श्री प्रेम प्रसाद दंगाल र सम्पूर्ण आयोगका सदस्यहरुलाई हार्दिक धन्यवाद दिन्छु। त्यस्तै गरी यस पूस्तिकालाई तयार गर्ने कार्यमा सहयोग गर्नु हुने अधिकृत द्वय शोभा ढकाल र चिरञ्जीवि अधिकारी  लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन्छु ।

दुर्गा प्रसाद पण्डित
निमित्त सदस्य सचिव
राष्ट्रिय किसान आयोग

# विषय–सूचि


| विषय | पेज नं. |
|---|---|
| परिच्छेदहरू | |
| परिच्छेद– १ः संगठन | १ |
| परिच्छेद– २ः नेपालमा किसान अधिकारको वर्तमान अवस्था/ व्यवस्थाहरू | ५ |
| परिच्छेद– ३ः आयोगको वार्षिक कार्यक्रम र प्रगति | १२ |
| परिच्छेद–४ः आयोगद्धारा सम्पादित किसान हक हित संरक्षण, अधिकार प्रवर्द्धन सम्बन्धि कार्यहरू | १६ |
| परिच्छेद–५ः आयोगका उपलब्धी र चुनौतिहरू | २६ |
| अनुसूचिहरू | |
| १. आयोगको पदाधिकारी तथा कर्मचारी दरवन्दी विवरण | २९ |
| २. आ.व २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम | ३१ |
| ३. सरोकारवाला निकायहरु, किसान संघ संगठन, समूहसँग अन्तरक्रिया कार्यक्रमका प्रतिवेदनहरु | ३४ |
| ४. आ.व. २०७७ सम्म राष्ट्रिय किसान आयोगबाट गरिएका अध्ययनहरूको सारांश | ४५ |
| ५. प्रदेशस्तर किसान संघ/संगठन तथा संस्थाहरूको क्षमता अभिवृद्धि, कार्यशाला र गोष्ठीहरूको संक्षिप्त प्रतिवेदन | ८३ |
| ६. कोरोना भाईरस (कोभिड–१९) का कारण भएको बन्दाबन्दी तथा निशेधाज्ञाबाट कृषि तथा पशुपन्छीजन्य उत्पादन र बजारीकरणमा उत्पन्न भएका समस्याहरु, समाधानका लागि कृषक, कृषि उद्यमी र सरोकारवाला निकायहरुसँग भएका छलफल अन्तरक्रिया र बैठकहरुबाट प्राप्त सुझाबहरु | ८६ |
| ७. आयोगद्धारा गरिएका अनुगमन प्रतिवेदनका सार संक्षेप | ९३ |
| ८.. आयोगबाट जारी गरिएका प्रेस विज्ञप्तीहरू | ११५ |
| ९. आयोगमा सूचिकृत भएका संघ/संस्था/संगठन/संजालका विवरणहरू | १२६ |

# परिच्छेद–१
# संगठन

## पृष्ठभूमी

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहदै आएको छ । देशको कूल गार्हस्थ उत्पादनमा करीव एक तिहाई (२५.८ प्रतिशत) योगदान गर्ने र करीव दुई तिहाई (६०.४ प्रतिशत) जनसंख्या रोजगारी तथा जिविकोपार्जनको लागि यसै क्षेत्रमा निर्भर रहदै आएका छन् ।नेपालको विभिन्न आवधिक योजनाहरुमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिदै आएको भएतापनि अपेक्षाकृत रूपमा विकास हुन सकेको छैन ।आर्थिक रुपले सकृय जनशक्ति विदेशिने क्रम बढदै जाँदा कृषि क्षेत्रमा बढदै गई रहेको श्रम शक्तिको अभाव, बढ्दो जग्गाको खण्डिकरण, उर्वर कृषि भूमिको गैर कृषि क्षेत्रमा प्रयोग, कृषि तथा पशुजन्य उत्पादनमा बढ्दो उत्पादन लागत, उत्पादन सामाग्रीहरुको समयमा अपर्याप्त आपूर्ति, आवश्यक प्रविधि, सिप र प्राविधिक पहुँचको अभाव, जलवायु परिवर्तनको नकारात्मक प्रभाव, कृषि तथा पशुजन्य उत्पादनहरुको विविधिकरण, प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, जीवनाशक विषादी, जुनोटिक, सिमा विहिन पशुपन्क्षीहरुको महामारी रोगहरु, खाद्य स्वच्छता बारे जानकारी नहुनुको साथै कृषि शिक्षा, अनुसन्धान र प्रसार वीच समन्वयको अभावले गर्दा आशातित उपलव्धी हासिल हुन सकेको देखिंदैन । किसानहरुको अधिकार सुनिश्चितताको लागि अभिभावकत्वको जिम्मेवारी निर्वाह गर्ने निकायको अभावमा किसानहरु कृषि पेशाबाट पलायन हुदै आएको अवस्था छ। कृषि जैविक विविधता नीति २०६३ (पहिलो संशोधन, २०७१) ले कृषकहरुको अधिकारलाई नीतिगत रुपमा अंगिकार गरेको भएपनि सोही अनुरुप कानुनी प्रावधानहरुको निरन्तरता हुन सकेको छैन ।

कृषि र किसानको हक हितको विषय मुख्यत राज्यको निर्देशक सिद्धान्त तथा नीतिको विषय बन्दै आएको थियो।नेपालको अन्तरिम शासन विधान २००७ ले राज्यका निर्देशक सिद्धान्त अन्तर्गत कृषकको हकहित संरक्षणमा भूमिका खेल्ने महत्वपूर्ण व्यवस्था गरेको थियो।प्रजातन्त्रको पुनस्थापना पछि जारी नेपाल अधिराज्यको संविधान २०४७ ले मौलिक हक अन्तर्गत नभएर राज्यका निर्देशक सिद्धान्तमा कृषिलाई नीतिगत प्राथमिकताको विषय बनाएको पाईन्छ।किसानको हकलाई मौलिक हक अन्तर्गत स्थान दिने सन्दर्भमा नेपालको अन्तरिम संविधान २०६३ मा यस व्यवस्थालाई महत्वपूर्ण फड्को मान्नुपर्दछ र त्यसको धारा १३ (३) को प्रतिवन्दात्मक वाक्यांसले किसानलाई राज्यबाट विशेष कानूनी संरक्षण प्राप्त गर्ने वर्गको रुपमा सूचिकृत गरेको पाईन्छ।साथै धारा १५४ ले किसान लगाएतको हकहितको संरक्षण र प्रवर्धन गर्न आवश्यक आयोग गठन गर्न सक्ने गरि राज्यलाई सशक्तिकृत गरेको पाईन्छ।

संविधानसभाबाट जारी नेपालको संविधान २०७२ ले कृषिलाई मौलिक हक अन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको महत्वपूर्ण अवयवको रूपमा मान्यता दिएको छ।

तसर्थ अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवम् प्रवर्द्धनका लागि कृषि सम्बन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाई किसानहरुको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन वा ञ्छनीय भएको तथ्यलाई आत्मसाथ गर्दै कृषि विकास रणनीति (सन् २०१५—३५) ले परिलक्षित गरे बमोजिमका उद्धेश्य हासिल गर्न नेपाल सरकारबाट मिति २०७३।१०।६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो ।

## आयोगको दुरदृष्टि :

आम किसानको हक हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै विकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने ।

## आयोगको लक्ष :

किसान अधिकार मैत्री वातावरण निर्माण मार्फत सबै किसानले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

## आयोगको ध्येय :

विश्वव्यापीरुपमा आत्मसात् गरिएका किसान अधिकारका सिद्धान्त, मूल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निश्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार सम्बर्द्धन र प्रवर्द्धन गर्ने संस्थाको रुपमा आयोग रहनेछ ।

## आयोगको मूल्य मान्यताहरु :

खाद्य सम्प्रभुता सहितको किसानमुखि र आत्मनिर्भर कृषि, समानता र न्याय, निश्पक्षता, खाद्य तथा कृषि उत्पादनका साधनस्रोतमा सबै किसानको समान पहुँच र लाभांशको समन्यायिक बाँडफाँड, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान आयोगका मूलभूत मान्यताहरु हुन् ।

## आयोगको गठन र कार्यक्षेत्र:

कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक हित र अधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्ने कार्यसंग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुर्‍याउनु आयोगको कर्तव्य

रहेको छ। आयोगमा अध्यक्ष, पाँच सदस्यहरू र सदस्य सचिव सहित सात जना पदाधिकारीहरुको ब्यवस्था गरिएको छ जसमा एक जना महिला सदस्य र एक जना विज्ञ सदस्यको प्रतिनिधित्व अनिवार्य गरिएको छ। अध्यक्ष र सदस्यहरुको पदावधि ४ वर्षको रहेको छ। आयोगको अध्यक्ष र सदस्यको पदमा नियुक्तीको लागि नेपाल सरकार मन्त्रिपरिषद समक्ष कृषि विकास मन्त्री अध्यक्ष रहेको सिफारिस समितिले गर्ने छ। सदस्य सचिवको हकमा नेपाल सरकारबाट नियुक्त प्रथम श्रेणीको अधिकृत रहने व्यवस्था रहेको छ। आयोगको कार्यक्षेत्र नेपालभर रहने छ।

## आयोगको काम, कर्तव्य र अधिकार:

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/१०/६ गतेको निर्णय बमोजिम राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एवम प्रवर्द्धन गर्ने कार्यसंग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुर्‍याउन राष्ट्रिय किसान आयोग गठन भएको हो । कार्यकारी आदेश अनुसार यस आयोगको काम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

१. कृषि विकास रणनितीको सफल कार्यान्वयन गर्नको लागि कृषि विकास मन्त्रालय लगायत कृषि क्षेत्र सँग सम्वन्धित निकायहरु समक्ष समय सापेक्ष सुधारका सम्वन्धमा नेपाल सरकारलाई राय सुझाव दिने ।

२. किसानहरुको हक हितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना (Farmer Welfare Scheme) तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

३. नेपाल सरकारले जारी गरेका विद्यमान निती, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (Policy Gap) को सम्वन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाब दिने ।

४. किसान हक हित अधिकार एवम् किसानहरुको राज्य प्रतिको कर्तब्य र दायित्वका लागि नयाँ नीति, ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

५. किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

६. कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत साधनमा किसानहरुको पँहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

७. विभिन्न बाली वस्तुहरुको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

८. वस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान संजाल एवम् संगठनहरुको क्षमता अभिबृद्धि गरी किसानहरुको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरु सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

९. किसानहरुको परम्परागत ज्ञान, सिप, प्रविधि, रैथाने जात, बिउ, नश्ल तथा किसानहरुले विकास गरेका बाली र पशु नश्लमा उनीहरुको पँहुच र प्रयोग बढाउन तथा त्यसमा किसानहरुको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

१०. कृषि पेशा लाई आकर्षित बनाउन अवलम्वन गर्नु पर्ने किसान अधिकार सम्वन्धी नीति तथा कार्यक्रमका सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।

११. संविधानले व्यवस्था गरेका किसानहरुका हक हित र अधिकारहरु कार्यान्वयन भए नभएको सम्वन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने ।

१२. किसान संघ संगठनहरु (समुह, सहकारी,गै.स.स. बाहेक)लाई दर्ता गरी नियमन गर्ने ।

१३. सरकारी तथा गैर सरकारी एवम् निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरुबाट किसानहरुको अधिकार हनन् भएमा संम्वन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिश गर्ने ।

१४. नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने ।

## आयोगको सचिवालय र जिम्मेवारी

आयोगको दैनिक काम कारवाही संचालन तथा पदाधिकारीहरूलाई आयोगले गर्नुपर्ने विभिन्न कार्यमा सहजिकरण गर्न गराउन सचिवालयको व्यवस्था गरिएको छ। सचिवालयको नेतृत्वमा सदस्य सचिव रहने व्यवस्था छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका कर्मचारीहरुलाई आयोगमा स्वीकृत दरबन्दी बमोजिम काजमा खटाई काम लगाउने व्यवस्था गरिएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्वीकृत गरेको दरबन्दी अनुसार आयोगमा सदस्य सचिव सहित २९ जना कर्मचारीको व्यवस्था गरिएको छ। आयोगको केन्द्रिय सचिवालय काठमाडौंमा रहने र आवश्यकता अनुसार नेपालका विभिन्न स्थानहरुमा कार्यालय खोल्न सक्ने प्रावधान राखिएको छ। आयोगको सचिवालयलाई आयोगले सम्पादन गर्ने काम कार्वाहीमा आयोगलाई सहयोग पुर्‍याउने, आयोगको निर्णयहरु कार्यान्वयन गर्ने र नेपाल सरकारबाट तोकिए बमोजिमको अन्य काम गर्ने जिम्मेवारी तोकिएको छ। आयोगको स्वीकृत दरबन्दी विवरण अनूसूचि १ मा राखिएको छ ।

# परिच्छेद–२

## नेपालमा किसान अधिकारको वर्तमान अवस्था र ब्यवस्थाहरु

नेपालको संविधान, २०७२ र कृषि र कृषक सम्बन्धी अधिकारहरू

**भाग-३**

### मौलिक हक र कर्तब्य

नेपालको संविधान, २०७२ मा कृषक र कृषि सम्बन्धी निम्न बमोजिमका मौलिक हकहरुको ब्यवस्था गरिएको छ ।

**धारा-३६ खाद्य सम्बन्धी हक :** १) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

**धारा-४० दलितको हक :** (५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

**धारा-४२ सामाजिक न्यायको हक :**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास ,रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ । (४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

**धारा-५१ राज्यका नीतिहरु :**

नेपालको संबिधान २०७२ मा कृषि र भूमि सुधार सम्बन्धि निम्न बमोजिमका नीतिहरुको ब्यवस्था गरिएको छ ।

## कृषि र भूमिसुधार सम्बन्धी नीति :

१. भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

२. अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

३. किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

४. भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

५. कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने।

**नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति :** (१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने ।

**सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः** (६) मुक्त कमैया, कम्हलरी, हरुवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।

## पेशागत रुपमा किसानका विशेष अधिकारहरु

सदियौं देखि कृषिलाई आफ्नो मुख्य पेशा र माटोलाई जीविकोपार्जन र आय आर्जनको मुख्य साधन मान्दै आएका नेपाली किसानहरु आफ्ना पेशागत विशेषाधिकारबाट प्राय बञ्चित छन्। जीवनभर माटोमा पसिना सिंचेर पनि भरपेट खान र बालबच्चाको लालनपालन गर्न नसकी कष्टकर जीवन विताउन वाध्य छन् । किसानका निम्न अधिकारहरु निर्वाध रुपले प्राप्त भएमा कृषि व्यवसाय फस्टाउनका साथै किसानको जिवनस्तर माथि उठ्न सहज हुनेछ ।

## १. भूमि र प्राकृतिक श्रोतहरु माथि किसानको अग्राधिकारः-

भूमि उत्पादनको प्रमुख साधन हो ।भूमि विना कृषि र कृषि विना किसानको परिकल्पना गर्न सकिदैन ।तर हाम्रो विद्यमान भूमि प्रशासन र भूमिमा पहुँचका हिसाबले विश्लेषण गर्दा वास्तविक श्रमजीवी किसानको पहुँचमा भूमि छैन ।यसले राष्ट्रिय उत्पादकत्वमा नै प्रतिकूल असर पारेको छ ।उत्पादकत्व बृद्धि गर्न भूमि र श्रमको उचित संयोजन आवश्यक छ ।नेपालको संविधान २०७२ मा वैज्ञानिक भूमि सुधार मार्फत किसानको पहुँचमा भूमिको सम्बन्ध विस्तार गर्ने कुरा उल्लेख भए पनि यो हाल सम्म व्यवहारमा आउन सकेको छैन ।यसलाई यथासक्य चाँडो कार्यान्वयन गरी भूमिमा श्रमजिवी किसानको अधिकार स्थापित गर्न वाञ्छनीय छ ।त्यस्तै उत्पादकत्व वृद्धिमा जमिन, जल-जंगल जैविक विविधता र चरी चरनको वीचमा अन्योन्याश्रित सम्वन्ध रहन्छ ।तसर्थ तीनको प्रयोगमा किसानको अग्राधिकार स्थापित हुनु पर्दछ।

## २. कृषिका पूर्वाधारहरु माथि किसानको अधिकार

कुनै पनि उद्योग व्यवसाय फस्टाउन र सफल हुनका लागि त्यसको निश्चित पूर्वाधार पहिलो शर्त हुन्छ । किसान वास्तवमा कृषि व्यवसायी हुन् । यो व्यावसाय सफल हुनका लागि पनि पूर्वाधारको ठूलो महत्व रहन्छ । सिंचाई, उन्नत मल वीउ, गुणस्तरीय नश्ल, कृषि सडक, वजारको उचित व्यवस्थापन उचित भण्डारण कृषि यन्त्र, सुलभ कृषि ऋण, कृषि प्रविधि, सूचना र संचार आदि कृषि विकासका प्रमुख पूर्वाधारहरु हुन् । यस्ता पूर्वाधारहरुको उचित व्यवस्थापन नभई कृषि व्यवसाय र किसानको उन्नती हुदैन । किसानहरुलाई राज्यले यी पूर्वाधारहरुको ब्यवस्था गरिदिनु पर्दछ ।

## ३. वीउ विजन, नश्ल र अनुवांशिक स्रोतहरु माथिको अधिकार

शताब्दियौ देखि किसानहरुको एकल र सामूहिक प्रयासबाट विकास गरिएका बाली तथा पशुपन्छीका जाति, प्रजाति तथा नश्लहरुको आफ्नै महत्व तथा विशेषता छ । आज विभिन्न वर्णशंकर पद्दतीबाट भित्रिएका वीउविजन र नश्ल आदिले त्यो अनुवंशिय श्रोत र मौलिक खेतीपातीको परम्परामा नै ठूलो चुनौती देखिएको छ ।यो आनुवंश्यि स्रोत र कृषि पद्यतीलाई निरन्तरता दिदै यसलाई किसानको मौलिक वौद्धिक सम्पतिका रुपमा सुरक्षित राखिनु पर्दछ ।

## ४. कृषि उपजको मूल्य निर्धारण गर्न पाउने अधिकार

कुनै पनि उद्योग व्यवसायीले आफ्नो उत्पादित बस्तुको मूल्य निर्धारण लागत लाभको आधारमा आफूले गर्ने गर्दछ तर किसानले आफ्नो उपजको मूल्य निर्धारण आफै गर्न पाउदैन । अव यो परिस्थिति अन्त्य गर्दै अन्य उद्योगीहरुले सरह किसानले पनि आफ्नो कृषि उपजको मुल्य

निर्धारण लागत लाभको आधारमा गर्न पाउनु पर्दछ र सरकारले कृषि वस्तुको न्युनतम समर्थन मूल्य निर्धारण गर्दा उत्पादक किसानको सहभागितामा तय गर्नु पर्दछ ।

## ५. शिक्षा र रोजगारको अधिकार

कृषि उत्पादनमा संलग्न किसान र नव युवाहरुलाई कृषि सम्बन्धी व्यवसायिक तालिम र प्रशिक्षणको उचित व्यवस्था गरी व्यवहारिक र सैद्धान्तिक शिक्षाको ब्यवस्था गरिनु पर्दछ । किसानका छोरा छोरीलाई रोजगारीको सुनिश्चितता हुनु पर्दछ । कृषि उत्पादनमा आजसम्म संलग्न रहेका र अब उप्रान्त संलग्न हुन चाहने किसानलाई रोजगारीको व्यवस्था राज्यले मिलाउनु पर्दछ ।

## ६. सूचना नयाँ प्रविधि र प्रसारको हक

कृषि संग संम्वधित नयाँ प्रविधि, वजार विस्तार र बजार मूल्य लगायतका विभिन्नसूचना र जानकारी पाउनु हरेक किसानको अधिकार हो । विभिन्न पत्र पत्रिका, रेडियो टेलिभिजन, अनलाईन,तालिम, प्रशिक्षण, गोष्ठि, भ्रमण, सेमिनारका माध्यमवाट किसानहरुका विचमा सूचना र प्रविधिहरुको प्रचार प्रसार गरिनु पर्दछ ।

## ७. संरक्षणको अधिकार

२३ अप्रिल,२००४मा नेपाल विश्व व्यापार संगठनको सदस्य वने पश्चात नेपाली किसानहरुले अतिविकसित देशहरुसँग खुला प्रतिस्पर्धा गर्नु पर्ने अवस्था आएको छ । उनीहरुको विकसित प्रविधि, यान्त्रिकरण र राज्यवाट पुर्ण संरक्षित किसानहरुद्धारा उत्पादित कृषि वस्तुको लागत मुल्य अत्यन्त न्युन छ । त्यसको तुलनामा हाम्रा किसानहरुको उत्पादनको लागत मूल्य बढी छ । त्यसलै हाम्रो प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न राज्यले हाम्रो किसानलाई संरक्षण गर्नु पर्दछ। देशको दुई तिहाई जनसंख्या ओगटने किसानलाई संरक्षण गर्न कृषि उत्पादन, उत्पादनका साधन र कृषि सामाग्रीमा अनुदान र अन्य सेवा सुबिधा विस्तार गर्नु पर्दछ । यसरी संरक्षित हुन पाउनु किसानको अधिकार हो ।

## ८. राहत,क्षतिपूर्ति विमा र वित्तिय अधिकार

कृषि विशुद्ध रुपमा प्रकृतिसंग जोडिएको पेशा भएकाले वातावणीय प्रभावर प्राकृतिक हिसावले कृषि अतन्त्य जोखिमयुक्त  पेशा हो। यदि वातावरणीय र प्राकृतिक प्रकोपका कारणले कृषि वाली वस्तुमा क्षति पुगेमा नोक्सानी हेरी राहत र क्षतिपुर्ति पाउनु किसानको अधिकार हो । राज्यले राहत र क्षतिपूर्ति कोष खडागरी तत्काल क्षतिपूर्ति दिने व्यवस्था गर्नुका साथै वाली तथा पशुपन्छी बिमालाई प्रभावकारी बनाई ग्रामिणस्तर सम्म सेवा विस्तार गरी यसको स्थायी समाधानको व्यवस्था गर्नुपर्नेछ ।

## ९. जलवायु र वातावरणीय प्रभावमा न्यायीक अधिकार

जलवायु परिर्वतनका कारणले अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो आदिको प्रकोप बाट किसानहरु बढी प्रभावित हुने गरेका छुन। त्यस्ता किसानलाइ राज्यले उचित क्षतिपुर्ति उपलब्ध गराउनु पर्दछ । साथै किसानकै कृषि कर्मले वातावरणीय सन्तुलनमा योगदान पनि पुगी राखेको हुन्छ। यसरी वातावरणीय सन्तुलनमा योगदान पुर्याउने किसानलाई न्याय संगत थप सेवा सुविधा र अनुदानको व्यवस्था राज्यले मिलाउनु पर्दछ ।कृषिलाई वातावरणीय अनुकुलनका अधारमा थप कार्यक्रमहरु संचालनमा ल्याउनु पर्दछ ।

## १०. स्वास्थ्य सेवाको अधिकार

किसानलाई निशुल्क स्वास्थ्य सेवाको व्यवस्था राज्यले मिलाउनु पर्दछ । किसान स्वास्थ्य नहुनुको अर्थ कृषि क्षेत्र तथा कृषि उपज उत्पादनमा योगदान कमी हुनु हो । स्वास्थ्य जीवन वाँच्न पाउने किसानको अधिकार हो ।

## ११. खाद्य सम्प्रभुताको अधिकार

पोषणयुक्त,सांस्कृतिक परम्परा र वैयक्तिक रुचि अनुसारको भरपेट खान पाउने खाद्य अधिकार सवै नागरिकको नैसर्गिक अधिकार हो ।राज्यले नागरिकको खाद्यान्नको प्रत्याभुति गर्नु पर्दछ। हाम्रो संबिधानले यसलाई प्रत्याभुत गरेको छ । संविधानमा खाद्य सम्प्रभुता ग्यारेण्टी गर्न नेपालका विभिन्न राजनीतिक पार्टी संग सम्बद्ध किसान संघ/संगठन सन्जालहरुको अहम् भुमिका रहन्छ ।

## १२. सम्मान र परिचयको अधिकार

समग्र नागरिकको खाद्य तथा पोषणको जिम्मेवारी बोकेको किसान वर्ग आफैंमा मर्यादित वर्ग हो । तर हाम्रो विद्यमान परम्पराले किसानलाई अपहेलित गरेको छ । अड्डा अदालत,सरकारी कार्यालय आदि लगायतमा पनि किसानको कम मर्यादा हुने अवस्था छ । किसानहरुको पनि स्वाभिमानका साथ अन्य वर्गका मानिसहरु जस्तै मर्यादित हुन पाउने अधिकार छ ।

## १३. सहभागिताको अधिकार

बिस वर्षे दीर्घकालीन कृषि विकास रणनीतिले कृषिको हरेक नीति निर्माण तहमा किसानको सहभागितालाई अनिवार्य गरेको छ । अहिले देश संघिय,प्रदेश र स्थानिय तह गरी तिन तहमा व्यवस्थित छ। यी तिनै तहको कृषि विकास र खाद्य पोषण नीति निर्माण, कार्यान्वयन र अनुगमन तहमा किसान प्रतिनिधिको सहभागिता अनिवार्य हुनु पर्दछ ।यसरी आफ्ना लागि तयार तथा तर्जुमा हुने नीति तथा कार्यक्रमहरुमा किसानको सहभागी हुन पाउने अधिकार किसान अधिकारको महत्वपूर्ण पाटो हो ।

## १४. सामाजिक सुरक्षा र निवृत्तिभरणको अधिकार

जीवनभर कृषि पेशामा लागेर पनि सेवा निवृत्त हुने अवस्थामा श्रम गर्न नसक्ने, आयस्रोतको कुनै विकल्प नभएका असंख्य किसानहरु छन। राज्यले ती किसानहरुको बारेमा सोचेर सामाजिक सुरक्षाको अवधारणा बनाउन जरुरी छ । राज्यबाट सामाजिक रुपमा सुरक्षा पाउनु किसानहरुको अधिकार हो ।

## किसान अधिकारको वर्तमान अवस्था

किसानका विषेश अधिकारहरु कार्यान्वयनमा आउनु अनिवार्य हुन्छ। नेपालको संविधान, २०७२ अनुसार वैज्ञानिक भूमि सुधारका माध्यमबाट सामन्ती भू-स्वामित्व अन्त्य गरी सबै भूमिहिन किसानलाई पहुँच पुर्याउने र खाद्य सम्प्रभुताको अधिकारको ब्यवस्था गरिएको छ। खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली निर्माणको तयारीको क्रममा रहेको छ ।तर भूमि सुधारको प्रश्न भने संविधानमा उल्लेख भए पनि नयाँ भूमिसुधार ऐन बनाउने कुनै पहलकदमी भएको देखिंदैन । यद्यपि करार खेती, चक्लाबन्दी, भूमि बैंक को माध्यम बाट जमिन व्यवस्थित गर्ने प्रयास भएको देखिन्छ । यसरी हेर्दा भूमि सुधार कार्यक्रम वेवारिसे जस्तो देखिएको छ।


वीस वर्षे कृषि विकास रणनितिले किसान अधिकारका बारेमा भू-स्वामित्वको प्रश्नलाई आत्मसाथ गर्नुका साथै उत्पादकत्व वृद्धि, व्यवसायीकरण र प्रतिस्पर्धाको विकास गर्न राज्यले किसानको संरक्षण गर्नु पर्ने कुरालाई स्वीकार गरेको छ र भौचर प्रणालीबाट किसानलाई अनुदान उपलब्ध गराउने कुरा उल्लेख गरेको छ । यसका साथै वीस वर्षे कृषि विकास रणनीतिको कार्यान्वयन र सोको अनुगमनको र किसान अधिकारको वकालत गर्न कृषि विकास रणनीतिमा राष्ट्रिय किसान आयोगको परिकल्पना छ र सोही बमाजिम आयोगका गठन पनि भईसकेको छ। फलस्वरुप विगत ४ वर्ष देखि उल्लेखित कार्यको लागि राष्ट्रिय किसान आयोग निरन्तर रूपमा अगाडि बढेको छ । यो समयावधिमा राष्ट्रिय किसान आयोगले किसानका तात्कालिन समस्यालाई सम्बोधन गर्न सरकार विभिन्न सरोकारवाला निकायहरूसँग छलफल तथा अन्य विभिन्न कार्यक्रमहरू संचालन गरी नेपाल सरकार समक्ष सुझाव साथै समन्वयात्मक कार्यक्रमहरु गर्नुका साथै दूरगामी प्रभाव पार्ने खालका विभिन्न अध्ययन गरी अध्ययन प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गरेको छ। यसका साथै किसानका संवेदनशिल समस्या तथा गुनासाहरूलाई तत्काल सम्वाधन गर्नका लागि सम्वन्धित सरोकारवाला निकायहरूका ध्यानाकर्षण गर्नका लागि विभिन्न समयमा विभिन्न किसिमका प्रेश विज्ञप्तीहरू पनि जारी गरिएका छन्।

यी सकारात्मक कार्यहरु सम्पादन गरेतापनि किसान अधिकार कार्यान्वयनका सन्दर्भमा धेरै चुनौतीहरु छन।राज्यको पुर्नसंरचना अनुसार विस वर्षे कृषि विकास रणनीतिलाई परिमार्जन गर्न नसकिएको कारण यो रणनीतिको कार्यान्वयन आशतित रूपमा अघि बढ्न सकेको छैन। त्यसकारण पनि किसानका कैयौं अधिकारहरुलाई स्थापित गरी कार्यान्वयनको कसीमा उतार्न बाँकी छ । त्यसकारण कृषि विकास रणनीति कार्यान्वयन अवस्था सम्वन्धमा अध्ययन गरिसकेको छ र यसका कार्यान्वयनमा भएका भिन्नताहरू समेतका आधारमा सुझाव तयार गरी सम्वन्धित निकायमा पेश गरिसकेको छ । राष्ट्रिय किसान आयोगको तदारूकता, राज्यको दृढइच्छा शक्ति र किसानहरुको आवाज एउटै ठाउँमा उजागर हुन सक्यो भने किसानका अधिकार स्थापित गर्न सकिने विश्वास लिन सकिन्छ। यसका लागि राष्ट्रिय किसान आयोग किसानका हक हित र किसान संरक्षणका कार्यक्रमहरू प्रभावकारी तरिकाले अगाडि बढाउँनका लागि सम्वन्धित सरोकारवालाहरूसँग रहेर छलफल र अन्तक्रिया गरी योजनावद्ध तरीकाले अगाडि बढेको छ।

# परिच्छेद–३
# आयोगको वार्षिक कार्यक्रम र प्रगति
## आ.व. २०७७/७८ को भौतिक र वित्तिय प्रगतिका अवस्था

आ.व. २०७७/७८ मा राष्ट्रिय किसान आयोगको बजेट उपशिर्षक ३१२२१०११ मा चालू तर्फ रू ३,४५,००,००० (तीन करोड पैतासी लाख) र पूजीगत तर्फ रू २१,००,००० (एक्काइस लाख मात्र) बजेट विनियोजन भएको थियो। सो मध्ये चालू तर्फ रू २,२१,०६,००० (दुई करोड एक्काइस लाख छ हजार मात्र ) र पूजीगत तर्फ रू २०,९२,००० (अक्षरूपी बीस लाख बयानब्बे हजार मात्र) खर्च भएको थियो । समग्रमा कूल विनियोजन भएको कूल बजेट रू ३,६६,००,००० (अक्षरूपी तीन करोड छैसठ्ठी लाख मात्र ) मध्येमा २,४१,९८,००० ( अक्षरूपी दुई करोड एकचालिस लाख अन्ठानब्बे हजार मात्र) खर्च भइ कूल भारित प्रगति ९३.०० प्रतिशत र वित्तिय प्रगति ६६.११ प्रतिशत प्रगति हासिल भएको थियो । आयोगले यस आ.व.मा चालू तर्फ ६४.०८ प्रतिशत र पूँजीगत तर्फ ९९.६२ प्रतिशत वित्तिय प्रगति हासिल गरेको छ । यस आयोगको आ.व २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसूचि २ मा समावेश गरिएको छ ।

| क्रस | विवरण | वार्षिक स्वीकृत वजेट रु लाखमा | वार्षिक खर्च वजेट रु लाखमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पूँजीगत | २१ | २०.९२ | ९९.६२ |
| २ | चालु | ३४५ | २२१.०६ | ६४.०८ |
| | जम्मा | ३६६ | २४१.९८ | ६६.११ |




| | चालु | पुँजिगत | कुल |
|---|---|---|---|
| बजेट | 345 | 21 | 366 |
| खर्च | 221.06 | 20.92 | 241.98 |

एकमुष्ठ भारित प्रगति प्रतिशत =९३.००

एकमुष्ठ वित्तिय प्रगति प्रतिशत =६६.११

## आ.व. २०७७/०७८ मा सम्पन्न भएका मूख्य मूख्य कार्यहरू

- सरोकारवाला किसान संघ, संगठन, संस्था तथा संजालहरुसँग "राष्ट्रिय कृषि नीति, २०७७" को प्रारम्भिक मस्यौदा, कोरोना भाईरस (कोभिड- १९ )का कारण कृषिक्षेत्रमा परेको असर, सलह किराले पुर्‍याएको नोक्सानी, "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली, २०७७, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ अनुसार कृषि क्षेत्रमा हुने वैदेशिक लगानी, आ.व ०७७/०७८ को नीति तथा कार्यक्रमको ११९ नम्बर बुँदामा समावेश भएको भूमि बैंकको स्थापना र उल्लेखित विषयमा किसान संघ /संस्था, संजाल तथा पेशागत संघ/संगठनहरुको भूमिका, दुग्ध विकास नीति २०७७ को मस्यौदा विषयहरुमा छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत संलग्न गरी सरोकारवाला निकायलाई पठाइएको ।

- सरोकारवाला निकायहरु (किसान संघ संस्था, संजाल तथा पेशागत संघ संगठन) हरुको क्षमता विकासका लागि प्रदेशस्तरमा क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालन गरिएको । उक्त कार्यक्रमबाट प्रदेश मार्फत संचालन हुने कृषि कार्यक्रम तथा सेवा र सुविधा सम्वन्धमा सुसूचित गराइएको र महिला शसक्तिकरणमा टेवा पुगेको।

- राष्ट्रिय किसान आयोगमा परेका उजुरी तथा आयोगलाई प्राप्त कार्यदिश तथा जिम्मेवारी बमोजिम आयोगका पदाधिकारी तथा सचिवालयबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट संचालन भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु तथा निकायहरु जस्तै प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगतका जोन र सुपरजोनहरु, कृषि ज्ञान केन्द्रहरु, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, विभिन्न सरकारी फार्म केन्द्रहरु, व्यवसायीक किसानका फर्महरु, तथा विभिन्न कृषिजन्य उद्योगहरु साथै विभिन्न आयोजनाबाट संचालित कार्यक्रमहरुको अनुगमन गरी आवश्यक सुझाव र सल्लाहहरु दिईएको।

- रासायनिक मल (यूरियाको) र उत्पादित कृषि उपजको बजारीकरणको सहजता नभएको सम्वन्धी बिज्ञप्ति जारी गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत अन्य सरोकारवाला निकायलाई आवश्यक पहल गर्न अनुरोध गरिएको ।

- बाढी, पहिरो र डुवानबाट भएको क्षतिको यथार्थ विवरण संकलन गरी कृषकहरूलाई राहत कार्यक्रम, कृषि व्यवसायको पुनस्थापना, रोजगारीको व्यवस्था र कृषकहरुलाई प्रोत्साहनको विशेष कार्यक्रम घोषणा गर्न राष्ट्रिय किसान आयोगले नेपाल सरकार र सबै सरोकारवाला

निकायहरुसंग अनुरोध गरिएको ।

- राष्ट्रिय किसान आयोगको कामलाई प्रभावकारी बनाउनको लागि साथै कृषकहरुका कृषि तथा पशुपन्छीजन्य उत्पादन, बजारीकरण र कृषिसँग सम्बन्धित अन्य क्रियाकलापहरुसँग सरोकार राख्ने क्षेत्रहरुमा भएका गुनासोहरुलाई व्यवस्थित गरी सम्बन्धित निकायमा पुर्‍याई सुनुवाई गर्नका लागि तयार गरिएको कृषक गुनासो व्यवस्थापन कार्यविधी २०७८ स्वीकृतीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गरिएको।

- कोरोना भाईरस (कोभिड १९) का कारण भएको बन्दाबन्दी तथा निषेधाज्ञाका कारण कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा बजारीकरणमा भएका समस्याहरू समाधानको लागि कृषक, कृषि उद्यमी र सरोकारवाला निकायहरुसंग छलफल/ अन्तरक्रिया संचालन गरिएको । सो को विस्तृत विवरण अनुसूची ६ मा समावेश गिरएको छ ।

- छलफल/ अन्तरक्रियाका विषयहरु
    - बीउ तथा मल उपलब्धता र वितरण प्रणाली
    - दुग्ध उत्पादन र बजारीकरण
    - कुखुरा तथा अण्डाको उत्पादन तथा बजारीकरणमा भएका समस्याहरू
    - तरकारी (आलु र च्याउ समेत), फलफूल, पुष्पको उत्पादन तथा बजारीकरण,
    - चिया, कफी, अलैचीको उत्पादन र बजारीकरण
    - माछाको उत्पादन तथा बजारीकरणमा भएका समस्याहरु

- कोरोना भाईरस (कोभिड १९) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा बजारीकरणमा भएका समस्याहरू सम्बन्धी छलफल/ अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाइ समेटी सम्बन्धित सरोकारवाल निकायलाइ नीतिगत तथा कार्यक्रमिक व्यवस्थाको लागि अनुरोध गरिएको

- कृषि विज्ञहरूसँग बैठक तथा अन्तरक्रिया गरी सान्दर्भिक विषयहरुका (ऐन, नियामावली, निर्देशिका, नीति) सम्बन्धमा मन्त्रालयलाई पृष्ठपोषणको लागि राय सुझाव उपलब्ध गराइएको

- मुलुकभर फैलिएको कोरोना भाईरस (कोभिड-१९) को महामारीका कारण जारी भएको बन्दाबन्दी/निषेधाज्ञाको कारण कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण र कृषि उत्पादनमा प्रयोग हुने सामाग्रीहरुमा सहजता भए नभएको बारे अनुगमन गरिएको

- कृषिको ब्यवसायीकरणका लागि प्रदान गरिने सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयन गरी कृषिपेशा, उद्यम र व्यवसायमा कर्जाको पहुँच अभिबृद्धि गर्दै कृषि उत्पादनमा आत्मनिर्भर हुदै खाद्य सुरक्षा कायम गर्न र आय आर्जन तथा रोजगारीको अवसर जुटाउन सर्वसुलभ रूपमा कृषक, उद्यमीलाई कर्जा उपलब्ध गराउन आवश्यक सुझावलाई आगामी मौद्रिक नीतिमा समावेश गरी कर्जा प्राप्तीमा आवश्यक सरलीकरण गर्न नेपाल राष्ट्र बैकलाई अनुरोध गरिएको ।

# परिच्छेद–४
# आयोगद्धारा सम्पादित किसान हक हित संरक्षण, अधिकार प्रवर्द्धन सम्बन्धि कार्यहरु

राष्ट्रिय किसान आयोग किसानका हक अधिकारको रक्षा र प्रवर्द्धन गर्ने जिम्मेवारीको साथ स्थापना भएको संस्था हो। यसले किसानका समस्याको वकालत गर्ने र समस्याहरु समाधानको लागि सम्बन्धित सरोकारवालाहरुको सहभागितमा छलफल गरी समस्या समाधानमा सहजिकरण गर्ने गरेको छ। किसानका समस्या पहिचान तथा समस्या समाधानमा सम्बन्धित सरोकारवाला निकायलाई जिम्मेवार बनाउने कार्य आयोगले गर्दै आएको छ। यसै क्रममा आयोगले विभिन्न पक्षहरु संग छलफल कार्यक्रम तथा अन्तरक्रियाका माध्यमवाट किसानका समस्याको समाधानका लागि पहल गर्दै आएको छ।

आ.व. २०७७/७८ मा राष्ट्रिय किसान आयोगबाट सरोकारवाला निकायहरु संघ, संगठन,संस्था/संजाल तथा पेशागत संघ संगठनहरुको क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालन गरिएको थियो। उक्त कार्यक्रममा नेपाल सरकार र प्रदेश सरकार मार्फत संचालन हुने कृषि कार्यक्रम तथा सेवा र सुविधा सम्वन्धमा सुसूचित गराइएको जसले कृषक शसक्तिकरणमा सहयोग पुगेको थियो। कार्यक्रममा आम किसानहरुले आयोगबाट राखेको अपेक्षा संकलन गरिएको थियो। कार्यक्रममा किसान अधिकारका विषयमा पनि किसानहरुलाई सुसूचित गराई किसानका अधिकारको वकालतको लागि नै आयोगको स्थापना भएको समेत जानकारी गराईएको। कार्यक्रम संचालनमा विभिन्न किसान संघ, संगठन सन्जालका प्रतिनिधिहरु, जिल्लास्थित कार्यालयहरुका कार्यालय प्रमुख, किसान तथा विभिन्न संचारकर्मीहरुको उपस्थितिमा भएका थियो।

## क) कार्यक्रमहरु

१. सरोकारवाला निकायहरु संघ, संगठन, संस्था तथा संजालहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ ।उक्त छलफल तथा अन्तरक्रिया बाट प्राप्त सुझावहरू अनुसूची ३ मा समावेश गरिएको छ ।

२. प्रदेशस्तर किसान संघ संगठन संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रममिति २०७७/११/०९ र १७ गते प्रदेश नं. २ स्थित सर्लाही जिल्लाको नवलपुर स्थित उष्ण प्रदेशिय वागवानी विकास केन्द्र नवलपुरमा प्रदेशस्तर किसान संघ, संगठन र संस्थाहरुको क्षमता अभिबृद्धि कार्यशाला गोष्ठी कृषि सहकारीसंग सम्बन्धित विभिन्न क्षेत्रका करिव ८४ जनाको सहभागितामा सम्पन्न

भएको थियो। गोष्ठीमा राष्ट्रिय किसान आयोगले हाल सम्म संचालन गरेका गतिविधिहरु लगायतका सम्पूर्ण कार्यहरुका बारेमा कार्यपत्र प्रस्तुत गरिएको थियो। त्यसै गरी नेपाल कृषि अनुसन्धान परिषद नार्क परवानीपुरले हाल सम्म गरेका सम्पूर्ण अनुसन्धान र प्रविधि तथा सेवा प्रवाहका बारेमा र उष्ण प्रदेशिय वागवानी विकास केन्द्रको बारेमा कार्यपत्र प्रस्तुत भएका थिए। प्रस्तुत भएका कार्यपत्रहरु लगायत तराइमा उखु खेती गर्ने कृषकहरुको रकम भुक्तानी समस्या, आयोगको कार्यकम, कृषि सेवा टेवाहरुको बारेमा छलफल तथा अन्तरक्रिया र सहभागीहरुबाट उठेका प्रश्न र जिज्ञासा बारेमा छलफल भएको थियो । सो को विस्तृत विवरण अनुसूचि ५ मा समावेश गरिएको छ ।

३. यस आयोगले कृषि क्षेत्रमा सन्चालित परियोजनाहरुका अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्यक्रमको सिलशिलामा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाका ४ वटा इकाई कार्यालय गोरखा, सिन्धुपाल्चोक, धनुषा र सप्तरी गई आयोजनाको कार्यक्रम र पालिकाहरुमा संचालन गरेका क्रियाकलापहरुको अनुगमन गरी प्रतिवेदन तयार पारिएको छ । सो प्रतिवेदन अनुसुची ७ मा समावेश गरिएको छ ।

४. यस आयोगले कृषि क्षेत्रमा सन्चालित परियोजनाहरुका अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्यक्रमको नेपाल लाईभस्टक सेक्टर इनोभेसन प्रोजेक्ट शिलामा बुटवल, पाल्पा तथा पोखरामा संचालन गरेका क्रियाकलापहरुको अनुगमन गरी प्रतिवेदन तयार पारिएको छ। सो प्रतिवेदन अनुसुची ७ मा समावेश गरिएको छ ।

५. २०७७ माघ ६ गते राष्ट्रिय किसान आयोगको चौथो बार्षिक स्थापना दिवस आयोगका माननिय अध्यक्ष श्री चित्रवहादुर श्रेष्ठज्यूको अध्यक्षतामा कृषि तथा पशुपन्छी विकास मंत्रालयका सचिवज्यूहरुको उपस्थितिमा आयोगले हाल सम्म गरेका गतिविधि र कामको वारेमा जानकारी गराईएको थियो ।

## विभिन्न कार्यक्रममा सहभागी विवरण

| क्र.स. | मिति | कार्यक्रम | महिला | पुरुष | बाहुन/क्षेत्री | जनजाती | मधेसी | दलित | थारु | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०७७/०४/१२ | संघ, संगठन, संस्था र संञ्जालहरुसंग बैठक तथा अन्तरक्रिया कार्यक्रम । | १२ | ३७ | ३७ | १० | २ | - | १ | - |
| २. | २०७७/०६/०९ | संघ, संगठन, संस्था र संञ्जालहरुसंग बैठक तथा अन्तरक्रिया कार्यक्रम । | ८ | ३० | २६ | ९ | २ | १ | १ | - |
| ३. | २०७७/०८/१५ | संघ, संगठन, संस्था र संञ्जालहरुसंग बैठक तथा अन्तरक्रिया कार्यक्रम । | ६ | ३३ | २६ | ११ | २ | - | १ | - |
| ५. | २०७७/०९/१७ | संघ, संगठन, संस्था र संञ्जालहरुसंग बैठक तथा अन्तरक्रिया कार्यक्रम । | ९ | ३५ | ३२ | १० | २ | - | १ | - |
| ६. | २०७७/०९/२८ | संघ, संगठन, संस्था र संञ्जालहरु तथा विज्ञहरुसंग (विदेशी लगानी तथा प्रविधि हस्तान्तरण)बैठक तथा अन्तरक्रिया कार्यक्रम । | १५ | ५५ | ५१ | १५ | ४ | - | १ | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | २०७७/१०/०६ | संघ, संगठन, संस्था र संञ्जालहरुसंग आयोगले हाल सम्म सम्पन्न गरेको गतिविधी बारेमा जानकारी कार्यक्रम । (आयोग स्थापना दिवस) | १८ | ६२ | ५७ | १६ | ७ | - | १ | - |
| ८. | २०७७/११/९ | प्रदेश स्तर किसान संघ, संगठन, संस्थाहरुको क्षमता अभिवृद्धी कार्यक्रम । | ७ | ७७ | ३२ | ११ | ४० | - | १ | - |

## ख) गुनासो ब्यवस्थापन

राष्ट्रिय किसान आयोगको कार्यादेश बमोजिम किसानका हक हित र अधिकार संरक्षण गर्नका लागि व्यवस्थित तरिकाले किसानका समस्याहरु तथा उजुरी ग्रहण गर्दै व्यवस्थित तरीकाले समाधान गर्नका लागि किसान आयागले कार्य गर्दै आएको छ। यस्ता उजुरीहरु पिडित किसान, किसान संघ संस्था संजाल. सर्वसाधारणबाट वा संचार माध्यममा सम्प्रेशित समाचारका आधारमा अथवा उजुरी स्वयं आयोगले पनि व्यवस्थापन गर्दै आएको छ।आयोगमा प्राप्त उजुरी तथा समस्या उपर अनुगमन, छलफल तथा अन्तरक्रिया गरी आवश्यक कार्वाहीको लागि सरोकारवाला निकाय समक्ष ब्यवस्थापनका लागि सिफारिस हुँदै आएको छ।यस आ. व. ०७७/७८ मा आयोगमा दर्ता भएका तथा विभिन्न संचार माध्यममा प्रेसित सूचनाको आधारमा विभिन्न उजुरी तथा समस्याको समाधान गर्ने प्रयास थियो।कोरोना भाइरसका कारण भएको बन्दाबन्दीले कृषि जन्य बस्तुको बिक्री वितरणमा भएको असहजताले गर्दा धेरै मात्रामा नोक्सान ब्योहार्नु परेको गुनासो समाधानका लागि पहल गर्दा कृषि जन्य बस्तुलाई पनि अति आवश्यक बस्तुको रुपमा राखी सहज रुपमा बिक्री वितरण हुने व्यवस्था मिलाइएको। रासायनिक मल (यूरियाको) र उत्पादित कृषि उपजको बजारीकरणको सहजता नभएको सम्वन्धी गुनासोलाई व्यवस्थित गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सामग्री कम्पनी लगायत अन्य सरोकारवाला निकायसँग आवश्यक छलफल गरी सहज ढुवानी र आपूर्तिको लागि सहजीकरण गरिएको ।

## ग) अनुगमन/अबलोकन भ्रमण

राष्ट्रिय किसान आयोगले किसानहरुको हक हित संरक्षणको लागि दुइ किसिमले अनुगमन गर्दै आईरहेको छ।पहिलो आयोग आफैंद्वारा एकल रुपमा र दोस्रो आयोग सहित सरोकारवालाहरुसंग समन्वय र सहकार्यमा अनुगमन गर्दै आईरहेको छ।आयोगले किसानहरुको गुनासो तथा आयोगले आवश्यक ठानेको विषयमा आफ्नो कार्यक्षेत्रको अधिनमा रही किसानहरुको समस्या तथा हक हितसंग सम्बन्धित विविध विषय संग केन्द्रित भई अनुगमन सम्बन्धी कार्य अगाडि बढाउदै आएको छ। सामान्यत आयोगबाट अनुगमन कार्य नियमितरुपमा हुने गर्दछ र आवश्यकता अनुसार किसानहरुको समस्या आईपरेमा आकस्मिक रुपमा अनुगमन पनि हुने गर्दछ। राष्ट्रिय किसान आयोगमा परेका उजुरी तथा आयोगलाई प्राप्त कार्यादेश तथा जिम्मेवारी बमोजिम आयोगका पदाधिकारी तथा सचिवालयबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट संचालन भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु

तथा निकायहरु जस्तै प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतका जोन र सुपरजोनहरु कृषि ज्ञान केन्द्रहरु, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,विभिन्न सरकारी फार्म केन्द्रहरु, व्यवसायिक किसानका फर्महरु, मौरी, फलफूल,तरकारी,गाईपालन,बख्रापालन,मत्स्यपालन,विभिन्न कृषिजन्य उद्योगहरु साथै विभिन्न आयोजनाबाट संचालित कार्यक्रमहरुको अनुगमन गरी आवश्यक सुझाव र सल्लाहहरु दिईएको थियो ।

- कृषि विकासमा संघिय प्रादेशिक र स्थानिय निकाय बिच समन्वयको लागि सुझाव ।
- कृषि क्षेत्रमा बैदेशिक लगानी सम्भावना संबन्धी सुझावहरु ।
- भू उपयोग ऐनको मस्यौदा बारे सुझाव ।
- ब्याज अनुदानको कृषि ऋणमा कृषकको पँहुच अभिबृद्धिका लागि संस्थागत तथा कार्यक्रमगत ब्यवस्था हुन सुझाब दिईएको ।
- कृषि बीमाको पँहुच आम ग्रामीण समुदायमा पुरयाउन संस्थागत तथा कार्यक्रमगत ब्यवस्था हुन सुझाब दिईएको ।
- बीमाको प्रिमियममा सरकारको तर्फवाट दिईने अनुदान रकम निकाशामा हुने ढिलाईको समस्या सुझाउन सुझाब दिईएको ।
- छाडा पशु, बँदेल, बाँदर, नील गाई लगायतका जंगली जनावारवाट कृषि वालीमा हुने क्षतिको क्षतिपुर्तिको ब्यवस्था तथा उल्लेखित विषयमा स्थायी समाधानका लागि आवश्यक ब्यवस्थाका लागि सुझाब दिईएको ।
- औद्योगिक वाली उखुलाई अन्यवाली सरह प्राथमिकतामा राखिनु पर्ने, पशुपंक्षी क्षेत्रलाई पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा समावेश गर्न सुझाब दिईएको ।
- देशका विभिन्न स्थानमा खेती लगाउने समयमा हुन रासायनिक मलको अभाव तथा कालो बजारी नियन्त्रण गर्न कृषि सामाग्री कम्पनी लि. लाइ सुझाव दिईएको ।
- राष्ट्रिय बीउ विजन कम्पनी लि. बाट राजापुर क्षेत्रमा वितरण भएको वीउमा मिसावट भई विभिन्न समयमा भएका सम्झौता अनुसार क्षतिपूर्ति नपाएको विषयमा पिडितलाई क्षतिपूर्तिको व्यवस्थाको लागि सम्बन्धित निकायमा सुझाव प्रदान गरिएको।

## घ) प्रेस विज्ञप्तीहरु

## विभिन्न मितिमा यस आयोगबाट निकालिएका प्रेस विज्ञप्तीहरु (अनुसूचि ८)

- रासायनिक मल (यूरियाको) र उत्पादित कृषि उपजको बजारीकरणको सहजता नभएको सम्वन्धी,
- अविरल बर्षाका कारण बाढी पहिरो र डुवान लगायत प्राकृतिक प्रकोपले पुर्याएको क्षतिको यर्थात विवरण संकलन गरी कृषकहरुलाई राहत कार्यक्रम घोषणा गर्ने सम्बन्धी,
- धान दिवसको उपलक्ष्यमा,
- कोरोना भाईरसका कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा बजारीकरणमा भएका समस्याहरू सम्बन्धी भर्चुअल बैठकहरूबाट प्राप्त सुझावहरूलाइ समेटी सम्बन्धित सरोकारवाला निकायलाइ नीतिगत तथा कार्यक्रमिक व्यवस्थाको लागि राष्ट्रिय किसान आयोगले बिज्ञप्ति जारी गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत अन्य अन्य सरोकारवाला निकायलाई आवश्यक पहल गर्न अनुरोध भएको ।

## ङ.आयोग र सरोकारवाला निकायहरु बिच सम्वन्ध

राष्ट्रिय किसान आयोगको मूल आधार नै यस सँग संलग्न सरोकारवालाहरु बिचको अन्तर सम्वन्ध र सहकार्य हो ।आयोगले आफ्नो स्थापनाकाल देखि नै किसानको हक, अधिकार, संरक्षण, सम्वर्द्धन र उपयोगको माध्यम बाट उत्पादन बृद्धि र आय बृद्धि लाई आधार बनाई संघिय, प्रादेशिक, स्थानिय र यस कार्य सँग आवद्ध संघ संस्थाहरु बिच सम्वन्ध, सहकार्य र समन्वय मै आफ्नो कार्य गर्दै आएको छ । आ.ब. २०७७/७८ मा पनि आफ्नो लक्षित कार्यक्रम कार्यान्वयनको क्रममा र किसानको आवश्यकता र औचित्यताको आधारमा आएका विषय तथा मुद्दाहरुमा केन्द्रित रहि सहकार्य र समन्वयको मुख्य आधार बनाएको छ ।

### (क.) आयोग र नेपाल सरकार

किसान अधिकारको संरक्षण, सम्वर्द्धन, उपयोग, सम्मान र परिपालन गर्ने दायित्व सरकारको हो ।सरकारको अहं भूमिका नभै किसानको हकहित पनि संरक्षण हुन नसक्ने कुरा यथार्थ हो ।अतः सरकारले आयोगको संचालन लगायत किसानको हकहित र अधिकारको संरक्षण,सम्वर्द्धन, उपयोग जस्ता कार्यहरु सम्पन्न गर्न आवश्यक पर्ने श्रोत साधन र आवश्यक आधारभूत सुविधाहरु उपलब्ध गराउनु सरकारको नै दायित्व

हो ।राष्ट्रिय किसान आयोगले कृषि तथा पशुपन्छी विकास मन्त्रालय , भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय लगायतका मन्त्रालयहरु सँग समन्वय र सहकार्य गरी किसानका मुद्दाहरु लाई सहजिकरण गर्ने गरेको छ ।साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालय यस आयोगको सम्पर्क मन्त्रालय समेत रहेको हुँदा उक्त मन्त्रालयको किसानको जल्दावल्दा समस्याहरुलाई सम्वोधनको दायित्व हुन आउँछ।

आवश्यकता र गम्भीर विषय वस्तुहरुको हकमा आयोगले नेपाल सरकार माननीय मन्त्री, उच्चपदस्थ पदाधिकारीहरु सँग किसान अधिकारको अवस्था र मुद्दाहरुमा छलफल गर्ने गरेको छ । साथै सरकारी निकायहरु बाट हुने गरेको किसान अधिकार सम्वन्धि कार्यक्रममा सहभागी बनी आयोगको धारणा प्रस्तुत गर्दै आएको छ ।

आयोगले किसानहरुको हक अधिकार संरक्षण प्रवर्द्धनका लागि प्रादेशिक र स्थानिय सरकार सँग निरन्तर रुपमा समन्वय र सहकार्य गर्दै आएको छ । साथै प्रदेशमा रहेका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई किसानको हकहितमा हुने मुद्दामा छलफल र राय सुझावको लागि संघिय मन्त्रीज्यू समेत एकैथलोमा बसी छलफल र सुझावको वातावरण बनाई सहजिकरण गर्ने गरेको ।

किसान र कृषि क्षेत्रका समस्याहरुलाई राष्ट्रिय किसान आयोग सम्वन्धित सरकारी निकायसँग छलफल गरी सम्वोधनका लागि सुझाव दिइदै आएको छ । किसानहरु सा-साना समस्याहरुका कारण आफ्ना अधिकारबाट बन्चित भएको पाईएकोले त्यस्ता समस्या सम्बन्धमा सम्वन्धित निकायहरुलाई जानकारी र ध्यानाकर्षण गराई सम्वोधनको लागि समन्वय गरी किसानहरुको अधिकारलाई सुनिश्चित गर्ने गरिएको छ ।

## अनुगमनको क्रममा उठेका कृषि संग सम्बन्धित समस्या तथा अपेक्षाहरु

- चुरेले गर्दा खेतीयोग्य जमिन पुरिदै गएको सन्दर्भमा सोको नियन्त्रणको लागि विभिन्न मन्त्रालयसंग समन्वय गरी समाधान गरिनुपर्ने ।
- जग्गा हुने किसानले खेती नगर्ने र जग्गा नहुनेले खेती गर्न नपाउने व्यवस्थाको अन्त्यको लागि विशेष योजना आवश्यक रहेको ।
- कृषि विकासका कार्यक्रमहरु मार्फत वितरण हुने अनुदान पारदर्शि तथा प्रभावकारी वनाउन थप पहल गरिनु पर्ने ।

- स्थानिय तह/निकायका प्रतिनिधिहरुलाई कृषिको महत्व तथा कृषिका कार्यक्रम तथा योजना सम्बन्धमा अभिमुखिकरण गरिनुपर्ने ।

- राहतका नाममा वितरण हुने कार्यक्रम (भूकम्प पिडित,बाढी पिडित आदी) वास्तविक पिडित समक्ष नपुगेको गुनासो रहेकोमा राहात कार्यक्रम तथा वितरण प्रकृया सम्बन्धमा सुधार आवश्यक रहेको ।

- उखु खेती गर्ने किसानहरुले समयमै भुक्तानी नपाउने समस्या, क्षेत्र विस्तारको लागि विउविजनका जातहरुको अभाव जस्ता समस्याको समाधानको लागि अन्तरमन्त्रालय समन्वय प्रभावकारी वनाउनु पर्ने ।

- वीरगंज चिनी मिल, कृषि औजार कारखानाको सहकारी मार्फत संचालनको लागि पहल हुनु पर्ने ।

- विभिन्न समय र स्थानमा अदुवा, अलौची लगायतका बालीहरुको प्रशोधनको लागि बनाईएका पूर्वाधार र प्लान्टहरुको उपयोग गरी कृषि वस्तुको प्रशोधन गरी बजारिकरणको लागि पहल हुनु पर्ने ।

- विभिन्न बाली तथा जातहरुको हाईव्रिड वीउको नाममा हुने अबैध बीउ व्यापारलाई नियन्त्रण गर्न आवश्यक पहलकदमी लिइनु पर्ने ।

- कृषि अनुसन्धान, प्रसार र शिक्षाको विचमा समन्वय हुन नसकेको अवस्थामा समन्वय व्यवस्था प्रभावकारी वनाउन कृषि यान्त्रीकरणको नाममा हुने विचौलियाहरुको चलखेलको अन्त्यको लागि पहल हुनुपर्ने ।

- नेपाल सरकारको रातो किताब भन्दा बाहिरबाट बजेट रकम स्विकृत गरी संचालन हुने विभिन्न NGOs/ INGOs कार्यक्रममा नियमन गर्नुपर्ने ।

## (ख.) आयोग र राजनीतिक दल, पेशागत संघ ,संगठनहरु ,संजाल, उद्योगी व्यवसायीहरु

आयोगले आफ्ना अधिकार क्षेत्र भित्र रही सरोकारवाला निकायहरू सँग निरन्तर समन्वय, सल्लाह र सहकार्य गर्दै आएको छ । जसमा राजनैतिक दल, नागरिक समाज, किसान अधिकारको क्षेत्रमा सकृय रहेका राजनीतिक र गैर राजनीतिक संघ संस्थाहरु र पेशागत संघ संगठनहरु रहेका छन् । राष्ट्रिय किसान आयोगले आफ्नो स्थापनाकाल देखि नै किसान महासंघ

लगायत विभिन्न राजनीतिक दलहरुसंग आवद्ध किसान संघ, संगठन र संजालहरुसंग निरन्तर सहकार्य गर्दै अगाडि बढी रहेको छ ।

यस आ.व. मा आयोगबाट किसान अधिकारका विविध विषय जस्तैः वैज्ञानीक भूमि सुधार, भू-उपयोग नीति, कृषि भूमिको अतिक्रमण र खण्डीकरणलाई कडाईका साथ रोक्ने, कृषि भूमिको चक्ला बन्दी तथा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि, कृषि बस्तुहरु भण्डारणको लागि आवश्यक गोदाम तथा शित भण्डारणहरुको व्यवस्था, कृषि व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रीकरण र औद्योगिकीकरण, तथा सहकारीकरण,कृषि भुमिमा सिँचाइको व्यवस्था, मल, विउ कृषि ऋण औजार तथा उपकरणहरुको उपलब्धता, कृषि वस्तुको किसान मैत्री विमा, सस्तो ब्याजदरमा कृषि ऋण तथा कृषि वस्तु प्रथमिक उत्पादनमा प्रयाप्त अनुदानको व्यवस्था लगायतका विविध विषयहरु माथि सरोकारवालाहरुसँग राय र सुझाव संकलन र सम्बन्धित निकायहरु सँग सम्बोधनका लागि समन्वय गरिदै आएको छ। राष्ट्रिय किसान आयोगले किसान महासंघहरु लगायत विभिन्न क्रियासिल किसान संघ, संगठन, संस्था, संजालका साथै अन्तराष्ट्रिय किसान सम्मेलनहरुको आयोजना गरी समस्या पहिचान र समाधानका उपायहरु समेत नेपाल सरकार समक्ष आफ्ना सुझाब प्रतिवेदन बुझाइएको छ। राष्ट्रिय किसान आयोग भावी दिनहरुमा पनि अझ प्रभावकारी रूपमा किसान महासंघ लगायतका संघ, संगठन, संजाल र सरोकारवालाहरु सँग समन्वय गर्दै अगाडि बढ्नेछ।

आयोगले छोटो समयमै सरोकारवालाहरुलाई पहिचान गरी आफ्नो क्रियाकलापमा प्रत्यक्ष सहभागी गराउँदै निजहरूबाट प्राप्त सुझावहरु संकलन र अभिलेखीकरण गर्दै नेपाल सरकारलाई नीतिगत सुधारका लागि विभिन्न सुझाब सहितका प्रस्तावित दस्तावेजहरु बुझाउँदै सहकार्य र समन्वय गर्दै आएको छ । साथै आगामी दिनहरुमा आयोग किसानसँग आवद्ध गैर सरकारी र अन्तराष्ट्रिय संघ संगठनहरुका साथै यस मुद्दा सँग सम्वन्धित दातृ निकायहरुसँग समेत सहकार्य र समन्वय गर्दै किसानको अधिकार संरक्षणमा सकृय भूमिका निर्वाह गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछ ।

# परिच्छेद–५
# आयोगका उपलब्धी र चुनौतीहरु

## उपलब्धी

राष्ट्रिय किसान आयोगको गठन पश्चात आयोगले किसान वर्गिकरण तथा योगदानमा आधारित किसान पेन्सन कार्यक्रम सम्बन्धमा अध्ययन गरी प्राप्त प्रतिवेदनलाई विभिन्न सरोकारवालाहरुवीच छलफल गराई प्राप्त सुझावहरु समेत समावेश गरी किसान वर्गिकरण तथा योगदानमा आधारित किसान पेन्सन कार्यक्रमको कार्यविधि तयार गरी अन्तिम प्रतिवेदन मन्त्रालय समक्ष पेश गरिएको छ । किसान वर्गिकरण मापदण्डमा तोकिएका विभिन्न वर्गका किसानहरुले किसान परिचय पत्र प्राप्ति पश्चात के कस्ता सुविधाहरु प्राप्त गर्न सक्नेछन तथा उल्लेखित वर्गका किसानहरुले योगदानमा आधारित किसान पेन्सन कार्यक्रममा सहभागी हुँदा के गर्नुपर्छ, मासिक तथा वार्षिक रुपमा कति रकम किसानको तर्फवाट र कति रकम सरकारको तर्फवाट बेहोर्नु पर्ने छ भन्ने विषयहरु विस्तृत रुपमा उल्लेख गरिएको छ। यसरी आयोगले किसानहरुको वर्गिकरण, परिचय पत्र वितरण तथा योगदानमा आधारित किसान पेन्सन कार्यक्रमको प्रस्तावित सुझाव कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाएको छ। उक्त कार्यविधि नेपाल सरकारले कार्यान्वयनमा लगेमा नेपाली किसानहरुले यसलाई ठुलो उपलब्धीको रुपमा लिनुपर्ने हुन्छ। यसले वर्षौं देखि किसान को हो र विभिन्न वर्गका किसानहरुले प्राप्त गर्ने सेवा सुविधामा रहेको अन्योल र दुविधालाई समाप्त गर्ने छ ।

## राष्ट्रिय किसान आयोगले समयसापेक्ष र सान्दर्भिक विषयहरुमा गरेका अध्ययनहरु

- किसान वर्गिकरण,  किसान परिचय पत्र वितरण र योगदानमा आधारित किसान पेन्सन कार्यक्रम सम्बन्धमा अध्ययन गरी सरोकारवालाहरु समेतको छलफलमा प्राप्त सुझावहरु समावेश गरी अन्तिम प्रतिवेदन मन्त्रालय समक्ष पेश गरिएको ।

- सरोकारवालाहरु समेतको सहभागितामा छलफल गरी राष्ट्रिय किसान आयोग ऐन र नियमावलीको मस्यौदा तयार गरिएको ।

- कृषि विकास रणनीति कार्यान्वयन, कृषि ऋणको वर्तमान अवस्थावारे अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार भएको ।

- कृषि उत्पादन र निर्यात प्रवर्द्धनमा देखिएका समस्या तथा संभाव्य समाधानवारे अध्ययनगरी सुझाव सहितको प्रतिवेदन तयार भएको ।

- कृषिको ब्यवसायिकरण तथा करार खेतीका लागि करार ऐन सम्बन्धमा अध्ययन गरी मस्यौदा तयार गरिएको ।
- बाँझो जग्गा ब्यवस्थापन सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार गरिएको।
- उखुबालीको बर्तमान अवस्थामा देखिएका समस्याहरू र समाधानका उपायहरू,
- पशुजन्य पदार्थको उत्पादन लागतको अवस्था र कम गर्ने उपायहरू,
- संघ, प्रदेश र स्थानीय तहमा कृषि प्रसार समन्वय सम्बन्धी अध्ययन,
- हालसम्म गठन भएका विभिन्न भूमि सुधार आयोगले पेश गरेको प्रतिवेदनहरुको अध्ययन र विश्लेषण सम्बन्धी अध्ययन,
- दुग्ध उत्पादनको लागत अध्ययन विश्रलेषण तथा लागत घटाउने उपायहरू र
- फलफूल तथा तरकारी बजारको बर्तमान अवस्थामा देखिएका समस्याहरू र तिनका सुधारका उपायहरू)

माथि उल्लेखित विषयहरुमा अध्ययन गरी प्राप्त रणनीतिगत, नीतिगत र कार्यक्रम कार्यान्वयन सम्बन्धमा सुझावहरु समेत संलग्न प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराइएको छ । त्यसैले आगामी दिनहरुमा कृषि विकासका कार्यक्रमहरु पारदर्शी तथा प्रभावकारी ढंगवाट संचालन गर्न मद्दत पुग्नेछ ।

त्यसैगरी आयोगवाट किसानको समस्यामा आधारित भई सरोकारवालाहरु समेतको सहभागितामा संचालन गरिएका छलफल कार्यक्रमहरुका माध्यमवाट कृषि ब्यवसायीकरणका लागि महत्वपूर्ण विषयहरु वाली तथा पशुपन्छी विमा कार्यक्रमको ग्रामीणस्तरसम्म प्रवाहमा विस्तार, कृषि कर्जामा उपलब्ध गराईने ब्याज अनुदानको प्रवाहमा सरलीकरण गर्ने जस्ता कार्यहरुमा सहयोग पुग्ने देखिन्छ ।

आयोगवाट गरिएका विभिन्न अध्ययनहरुवाट प्राप्त सुझाव तथा सरोकारवाला निकायहरुसँगको छलफलमा समेत प्राप्त सुझावहरु समावेश गरी हाल देशभर कृषि भूमि बाँझो रहने प्रवृत्तिलाई निरुत्साहित गर्न विभिन्न उपायहरु मन्त्रालयमा पेश गरिएको छ । नेपालमा कृषि उपजको उत्पादन तथा उत्पादकत्वमा मुख्य रुपमा प्रभाव पार्ने भूमिको वितरण तथा बैज्ञानिक भूमि सुधारका लागि प्रस्तावित भू उपयोग विधेयकमा सरोकारवाला तथा किसान प्रतिनिधिहरुको सहभागितामा प्राप्त सुझावहरु विधेयकमा समावेश गर्न सम्बन्धित मन्त्रालयमा पेश गरिएको छ।

त्यसैगरी कृषि विकास  रणनीति कार्यान्वयनका लागि तत्काल चाल्नु पर्ने कदमहरु वारे सुझाव पेश भएको छ । नेपालमा ब्यवसायिक कृषिको विकासका लागि अति महत्वपूर्ण विषयको रुपमा रहेको करार खेतीका सम्बन्धमा ब्यवस्था गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट तयार भएको कृषि ब्यवसाथ प्रवर्द्धन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकमा राय सुझाव पेश गरिएको छ । राष्ट्रिय किसान आयोग ऐनको मस्यौदा तयार गरिएको छ। उल्लेखित विषयहरु राष्ट्रिय किसान आयोग गठन भए पश्चात उपलब्धिहरुको रुपमा लिन सकिन्छ ।

## चुनौतीहरु

- राष्ट्रिय किसान आयोग संवैधानिक आयोग भई नसकेको कारणले स्वतन्त्र रुपमा किसानका हकहितका लागि गर्नु पर्ने काम कारवाही चाहे जति गर्न नसक्नु ।
- आयोग प्रति किसानहरुको अपेक्षा बढी हुने तर किसानहरुका समस्या समाधानका लागि तालुक मन्त्रालयमा सुझाव पेश गर्ने गरेको तर उक्त सुझाव कार्यान्वयनमा नगएमा आयोगको कामको प्रभावकारीता नदेखिने अवस्था रहेको छ ।
- आयोगको स्थायी दरवन्दी स्वीकृत नभएको र काजमा आएका कर्मचारीहरुको चाँडो चाँडो सरुवा हुने हुँदा आयोगको कामका निरन्तरता र प्रभावकारीतामा वाधा पुगेको अवस्था छ।
- आयोगको हाल सम्म आफ्नै ऐन, नियमावली नभएकोले गठन कार्यकारी आदेशबाट मात्र संचालन भएको ।
- अस्थायी स्वीकृत दरबन्दी अनुरुपका कर्मचारीहरूका समयमा पदपुर्ति नहुनाले कामका प्रभावकारिता नभएको।
- आयोगको कार्यक्षेत्र नेपालभर भएका र नेपालभरका किसानका गुनासा व्यवस्थापनका लागि प्रादेशिक संरचना नभएका कारण केन्द्रबाट मात्र समन्वय गर्न कठिनाई भएको।
- किसान हकहित र अधिकार स्थापनाका लागि नीतिगत तथा कानूनी व्यवस्था गर्न कृषि, सिंचाई, प्राकृतिक श्रोत, भूमि लगायतका निकायहरु बीच आवश्यक समन्वयमा कठिनाई।
- आयोगको कार्यदेश अनुसार कार्य गर्न पर्याप्त श्रोत साधन, जनशक्ति तथा संरचनाको अभाव रहेको अवस्था छ ।
- कृषि क्षेत्रमा देखिएका समस्या समाधान गर्न गरिने अध्ययन अनुसन्धानमा प्राविधिकहरको अभाव रहेको अवस्था छ ।

# अनुसुची १
## आयोगको पदाधिकारी तथा कर्मचारी दरवन्दी विवरण

| क्र.सं. | पद | दरवन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | १ | १ | |
| २. | सदस्य | ५ | ५ | |

## कर्मचारी दरवन्दी तेरिज

| क्र. सं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सदस्य सचिव | रा.प.प्रथम | नेपाल कृषि | समूहिकृत नहुने | १ | ० | |
| २. | वरिष्ठ कृषि अर्थ विज्ञ | रा.प.द्धितिय | नेपाल कृषि | एगृ.इको.एण्ड मार्केटिङ्ग | १ | ० | |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्धितिय | नेपाल कृषि | ला.पो.डे.डे. | १ | ० | |
| ४. | शाखा अधिकृत | रा.प.तृतिय | नेपाल प्रशासन | प्रशासन | १ | १ | |
| ५. | लेखा अधिकृत | रा.प.तृतिय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ६. | कृषि अर्थ विज्ञ | रा.प.तृतिय | नेपाल कृषि | एगृ.इको.एण्ड मार्केटिङ्ग | १ | १ | |
| ७. | कृषि प्रसार अधिकृत | रा.प.तृतिय | नेपाल कृषि | कृषि प्रसार | १ | १ | |
| ८. | पशु विकास अधिकृत | रा.प.तृतिय | नेपाल कृषि | ला.पो.डे.डे. | १ | ० | |
| ९. | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | नेपाल कृषि | बागवानी | १ | ० | |
| १०. | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनं. प्रथम | नेपाल कृषि | ला.पो.डे.डे./ भेट | १ | ० | |
| ११. | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | नेपाल कृषि | एगृ.इको.एण्ड मार्केटिङ्ग | १ | ० | |
| १२. | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | .............. | ५ | ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३. | नायब सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| | | | | जम्मा | १७ | १० | |
| करार सेवाका लिने पदहरुको विवरण (बजेट प्रयोजनको लागि) | | | | | | | |
| १. | सवारी चालक | विहिन | इन्जिनियरिङ्ग | मेकानिकल्स | ७ | ७ | |
| २. | कार्यालय सहयोगी | विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | |
| | | | | जम्मा | १२ | १२ | |
| | | | | कुल जम्मा | २९ | २२ | |

# अनुसुची २
# आ.व २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम

बजेट फाराम नं .६.४.१
रा.यो.आ.फा.नं .१
पाना नं .१/२

वार्षक वकास कार्यक्रम
बजेट तर्जुमासंग सम्बन्धित आर्थक प्रशासन नियम २०(१) बमोजिमको फाराम

शुरूको संशो धत

आ .व. 2077/78
बजेट उपशीर्षक नं. : 31221011
मन्त्रालय : कृ ष तथा पशुपन्छी वकास मन्त्रालय
वभाग/ संस्था : आयोग
कार्यक्रम / आयोजनाको नाम राष्ट्रिय कसान आयोग
स्थान : (क) जिल्ला : राष्ट्रिय कसान आयोग काठमाडौं
आयोजना शुरु भएको मति : व.सं.
आयोजना पुरा हुने मति : व.सं.
आयोजना/ कार्यालय प्रमुखको नाम :

१० ) वार्षक बजेट (रू): 366
क) आन्तरिक : 1) नेपाल सरकार 366
2) स्थानीय निकाय / संस्था :
3) जनसहभा गता :
(ख) वैदे शक : अनुदान
ऋण
(ग) सटही दर :
(घ) दातृ संस्था :

११ ) आयोजनाको कुल लागत (रू):
क) आन्तरिक : 1) नेपाल सरकार
2) स्थानीय निकाय / संस्था :
3) जनसहभा गता :
(ख) वैदे शक :
१2 ) गत आ व सम्मको खर्च (रू) (सोझै भुक्तानी तथा वस्तुगत समेत) 0
(क) आन्तरिक १) नेपाल सरकार :
२) स्थानीय निकाय /संस्था :
३) जनसहभा गता :
(ख) वैदे शक १) ऋण :
२) अनुदान :

रु. लाखमा

| क्र. सं. | कार्यक्रम / क्रयाकलाप | खर्च शीर्षक | इकाई | आयोजनाको कुल क्रयाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ. व. सम्मको | | | वा र्षक लक्ष्य | | | प्रथम चौमा सक | | | दोस्रो चौमा सक | | | तेस्रो चौमा सक | | | कै फयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | 2 | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | | | | | | |
| 11.3.7.8 | ल्यापटप खरिद (कार्यालय संचालनसंग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | 31122 | संख्या | | 0 | 0 | | 0 | 0 | 2 | 0.44 | 1.6 | 2 | 0.44 | 1.6 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 11.3.7.453 | डेक्सटप कम्प्यूटर तथा प्रन्टर सेट खरिद (कार्यालयसँग संचालन सँग सम्वन्धि यन्त्र, उपकरण तथा मे शन औजार) (कार्यालय संचालनसंग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | 31122 | सेट | | 0 | 0 | | 0 | 0 | 2 | 0.38 | 1.4 | 2 | 0.38 | 1.4 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 11.3.7.454 | Air Conditioner (कार्यालय संचालनसंग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | 31122 | संख्या | | 0 | 0 | | 0 | 0 | 6 | 1.37 | 5 | 6 | 1.31 | 4.8 | 0 | 0 | 0 | 0 | 0.05 | 0.2 | |
| 11.4.2.10 | कार्यालय अगाडीको बाटोमा ढलान गर्ने (ग्राभेल / खण्ड स्मिथ सडक) | 31151 | मी. | | 0 | 0 | | 0 | 0 | 30 | 0.82 | 3 | 30 | 0.82 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 11.6.13.138 | कार्यालयको ला ग फर्निचर तथा फर्नि सङ्ग खरिद (कार्यालयको ला ग फर्निचर फक्चर्स) (टेवल, कुर्सी सोफा ,दराज) (कार्यालयको ला ग फर्निचर फक्चर्स) | 31123 | सेट | | 0 | 0 | | 0 | 0 | 2 | 0.55 | 2 | 2 | 0.55 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| क) पूँजीगत खर्च कार्यक्रमको जम्मा: | | | | | 0 | 0 | | 0 | 0 | | 3.56 | 13 | | 3.5 | 12.8 | | 0 | 0 | | 0.05 | 0.2 | |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | | | | | | |
| 1.1.1.4 | रा.प. द्वतीय (स्थायी कर्मचारी) | 21111 | जना | | 0 | 0 | | 0 | 0 | 2 | 4.02 | 14.71 | 2 | 1.55 | 5.66 | 2 | 1.24 | 4.53 | 2 | 1.23 | 4.52 | |
| 1.1.1.71 | शाखा अ धकृत (स्थायी कर्मचारी) | 21111 | जना | | 0 | 0 | | 0 | 0 | 1 | 1.71 | 6.25 | 1 | 0.66 | 2.41 | 1 | 0.52 | 1.92 | 1 | 0.52 | 1.92 | |
| 1.1.1.72 | लेखा अ धकृत (स्थायी कर्मचारी) | 21111 | जना | | 0 | 0 | | 0 | 0 | 1 | 1.71 | 6.25 | 1 | 0.66 | 2.41 | 1 | 0.52 | 1.92 | 1 | 0.52 | 1.92 | |
| 1.1.1.90 | रा.प.अनं.प्र. (प्रा) (स्थायी कर्मचारी) | 21111 | जना | | 0 | 0 | | 0 | 0 | 3 | 4.64 | 16.99 | 3 | 1.8 | 6.57 | 3 | 1.44 | 5.26 | 3 | 1.41 | 5.16 | |
| 1.1.1.91 | रा.प.अनं.प्र. (प्र) (स्थायी कर्मचारी) | 21111 | जना | | 0 | 0 | | 0 | 0 | 2 | 2.96 | 10.85 | 2 | 1.14 | 4.18 | 2 | 0.91 | 3.34 | 2 | 0.91 | 3.33 | |
| 1.1.1.92 | रा.प.अनं. द्वतीया (प्र) (स्थायी कर्मचारी) | 21111 | जना | | 0 | 0 | | 0 | 0 | 1 | 1.42 | 5.2 | 1 | 0.55 | 2 | 1 | 0.44 | 1.6 | 1 | 0.44 | 1.6 | |
| 1.1.1.96 | रा.प.प्रथम (प्रा.) (स्थायी कर्मचारी) | 21111 | जना | | 0 | 0 | | 0 | 0 | 1 | 2.23 | 8.17 | 1 | 0.86 | 3.14 | 1 | 0.69 | 2.51 | 1 | 0.69 | 2.52 | |
| 1.1.1.99 | रा प तृ प्रा (स्थायी कर्मचारी) | 21111 | जना | | 0 | 0 | | 0 | 0 | 3 | 4.53 | 16.58 | 3 | 1.72 | 6.31 | 3 | 1.38 | 5.05 | 3 | 1.43 | 5.22 | |
| 1.1.7.4 | अध्यक्ष (पारिश्र मक पदा धकारी) | 21112 | जना | | 0 | 0 | | 0 | 0 | 1 | 2.38 | 8.71 | 0 | 0.92 | 3.35 | 0 | 0.73 | 2.68 | 0 | 0.73 | 2.68 | |
| 1.1.7.5 | सदस्य (पारिश्र मक पदा धकारी) | 21112 | जना | | 0 | 0 | | 0 | 0 | 5 | 10.73 | 39.29 | 0 | 4.14 | 15.17 | 0 | 3.32 | 12.14 | 0 | 3.27 | 11.98 | |
| 1.2.2.2 | महंगी भत्ता (महंगी भत्ता) | 21132 | जना | | 0 | 0 | | 0 | 0 | 14 | 0.82 | 3 | 14 | 0.31 | 1.12 | 14 | 0.31 | 1.12 | 20 | 0.21 | 0.76 | |
| 1.3.1.1 | निजामती कर्मचारीहरुको पोशाक खर्च (कर्मचारी पोशाक ) | 21121 | जना | | 0 | 0 | | 0 | 0 | 14 | 0.38 | 1.4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 14 | 0.38 | 1.4 | |
| 1.3.1.7 | करारका कर्मचारीको ला ग पोषाक भत्ता (कर्मचारी पोशाक ) | 21121 | जना | | 0 | 0 | | 0 | 0 | 21 | 0.71 | 2.6 | 0 | 0 | 0 | 0 | 0 | 0 | 21 | 0.71 | 2.6 | |

मति 2077-02-18

पाना नं.1 / 3

बजेट फाराम नं .६.४.१
रा.यो.आ.फा.नं .१
पाना नं .१/२

## वार्षक वकास कार्यक्रम
## बजेट तर्जुमासंग सम्बन्धित आर्थक प्रशासन नियम २०(१) बमोजिमको फाराम

| क्र. सं. | कार्यक्रम / क्रयाकलाप | खर्च शीर्षक | इकाई | आयोजनाको कुल क्रयाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ. व. सम्मको | | | वा र्षक लक्ष्य | | | प्रथम चौमा सक | | | दोस्रो चौमा सक | | | तेस्रो चौमा सक | | | कै फयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | 2 | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| 1.5.5.1 | सेवामा रहेका पदा धकारीको औषधी उपचार खर्च (औषधी उपचार, पदा धकारी) | 21142 | जना | | 0 | 0 | | 0 | 0 | 6 | 1.91 | 7 | 6 | 0.66 | 2.4 | 0 | 0.66 | 2.4 | 0 | 0.6 | 2.2 | |
| 1.6.4.1 | कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च (कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च) | 21213 | जना | | 0 | 0 | | 0 | 0 | 14 | 0.27 | 1 | 0 | 0.06 | 0.23 | 0 | 0.06 | 0.23 | 0 | 0.15 | 0.54 | |
| 2.1.2.1 | बिद्युत महसुल (बिजुली महसुल) | 22111 | पटक | | 0 | 0 | | 0 | 0 | 3000 | 1.47 | 5.38 | 0 | 0.46 | 1.68 | 0 | 0.46 | 1.68 | 0 | 0.55 | 2.02 | |
| 2.1.3.1 | जारको पउने पानी ( पउने पानी) | 22111 | जार | | 0 | 0 | | 0 | 0 | 150 | 0.2 | 0.72 | 0 | 0.07 | 0.24 | 0 | 0.07 | 0.24 | 0 | 0.07 | 0.24 | |
| 2.1.3.2 | ट्याङ्करको पानी ( पउने पानी) | 22111 | संख्या | | 0 | 0 | | 0 | 0 | 3 | 0.25 | 0.9 | 0 | 0.08 | 0.3 | 0 | 0.08 | 0.3 | 0 | 0.08 | 0.3 | |
| 2.1.6.1 | टे लफोन महसुल (टे लफोन महसुल) | 22112 | महिना | | 0 | 0 | | 0 | 0 | 10000 | 1.37 | 5 | 0 | 0.44 | 1.6 | 0 | 0.44 | 1.6 | 0 | 0.49 | 1.8 | |
| 2.2.1.4 | मोबिल (इन्धन पदा धकारी) | 22211 | लीटर | | 0 | 0 | | 0 | 0 | 25 | 0.57 | 2.1 | 1 | 0.19 | 0.7 | 0 | 0.19 | 0.7 | 0 | 0.19 | 0.7 | |
| 2.2.1.8 | गाडीको ला ग गयर आईल र वेक आईल आदी (इन्धन पदा धकारी) | 22211 | लीटर | | 0 | 0 | | 0 | 0 | 30 | 0.69 | 2.52 | 0 | 0.23 | 0.84 | 0 | 0.23 | 0.84 | 0 | 0.23 | 0.84 | |
| 2.2.1.22 | सु वधाको ईन्धन (इन्धन पदा धकारी) | 22211 | लीटर | | 0 | 0 | | 0 | 0 | 600 | 2.02 | 7.38 | 1 | 0.68 | 2.5 | 0 | 0.68 | 2.5 | 0 | 0.65 | 2.38 | |
| 2.2.2.2 | पेट्रोल- दुई पाङ्ग्रे (इन्धन कार्यालय प्रयोजन) | 22212 | लीटर | | 0 | 0 | | 0 | 0 | 3000 | 0.95 | 3.47 | 1000 | 0.27 | 1 | 1000 | 0.27 | 1 | 1000 | 0.4 | 1.47 | |
| 2.2.2.3 | डजेल (इन्धन कार्यालय प्रयोजन) | 22212 | लीटर | | 0 | 0 | | 0 | 0 | 2880 | 0.79 | 2.88 | 800 | 0.22 | 0.8 | 1040 | 0.28 | 1.04 | 1040 | 0.28 | 1.04 | |
| 2.2.2.4 | मोबिल (इन्धन कार्यालय प्रयोजन) | 22212 | लीटर | | 0 | 0 | | 0 | 0 | 378 | 0.72 | 2.65 | 125 | 0.22 | 0.8 | 125 | 0.25 | 0.9 | 128 | 0.26 | 0.95 | |
| 2.2.3.2 | ग्याँस (इन्धन- अन्य प्रयोजन) | 22314 | संख्या | | 0 | 0 | | 0 | 0 | 18 | 0.22 | 0.82 | 6 | 0.02 | 0.09 | 6 | 0.02 | 0.09 | 6 | 0.17 | 0.64 | |
| 2.2.3.9 | ग्यास स लण्डर (इन्धन- अन्य प्रयोजन) | 22314 | थान | | 0 | 0 | | 0 | 0 | 12 | 0.05 | 0.18 | 0 | 0 | 0 | 12 | 0.05 | 0.18 | 0 | 0 | 0 | |
| 2.3.1.3 | दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च (सवारी साधन मर्मत) | 22213 | वटा | | 0 | 0 | | 0 | 0 | 20 | 0.55 | 2 | 8 | 0.22 | 0.8 | 8 | 0.22 | 0.8 | 4 | 0.11 | 0.4 | |
| 2.3.1.11 | चार पांग्रे सवारी साधन मर्मत (सवारी साधन मर्मत) | 22213 | वटा | | 0 | 0 | | 0 | 0 | 6 | 1.64 | 6 | 2 | 0.55 | 2 | 2 | 0.55 | 2 | 1 | 0.55 | 2 | |
| 2.3.2.5 | अन्य मेशीनरी औजार मर्मत (मे शनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च) | 22221 | पटक | | 0 | 0 | | 0 | 0 | 20 | 0.55 | 2 | 6 | 0.19 | 0.7 | 8 | 0.19 | 0.7 | 6 | 0.16 | 0.6 | |
| 2.4.1.2 | पत्रपत्रिका तथा पुस्तिका खरीद (कार्यालय मसलन्द सामान खर्च) | 22311 | महिना | | 0 | 0 | | 0 | 0 | 12 | 0.66 | 2.4 | 4 | 0.22 | 0.8 | 4 | 0.22 | 0.8 | 4 | 0.22 | 0.8 | |
| 2.4.1.15 | कार्यालय मसलन्द सामान खर्च (कार्यालय मसलन्द सामान खर्च) | 22311 | पटक | | 0 | 0 | | 0 | 0 | 12 | 1.25 | 4.56 | 4 | 0.44 | 1.6 | 4 | 0.44 | 1.6 | 4 | 0.37 | 1.36 | |
| 2.4.1.20 | छपाई खर्च (छपाई खर्च ) (कार्यालय मसलन्द सामान खर्च) | 22311 | पटक | | 0 | 0 | | 0 | 0 | 12 | 0.56 | 2.04 | 4 | 0.16 | 0.6 | 4 | 0.27 | 1 | 4 | 0.12 | 0.44 | |
| 2.5.3.90 | रोष्टरमा सु चकृत कृ ष वज्ञहरुबाट परामर्स सेवा खरीद (व्यक्ति करार) (अन्य) | 22411 | पटक | | 0 | 0 | | 0 | 0 | 15 | 2.76 | 10.1 | 5 | 0.96 | 3.5 | 3 | 0.96 | 3.5 | 3 | 0.85 | 3.1 | |
| 2.5.3.297 | वेभसाइट अपडेट (अन्य) | 22411 | पटक | | 0 | 0 | | 0 | 0 | 3 | 0.25 | 0.9 | 1 | 0.08 | 0.3 | 2 | 0.16 | 0.6 | 0 | 0 | 0 | |
| 2.5.7.4 | सेवा करारका कर्मचारीलाई चाडपर्व खर्च (व्यक्ति करार) | 22413 | संख्या | | 0 | 0 | | 0 | 0 | 21 | 1.29 | 4.73 | 20 | 1.29 | 4.73 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 2.5.7.42 | कार्यालय सहयोगी (व्यक्ति करार) | 22413 | संख्या | | 0 | 0 | | 0 | 0 | 5 | 3.67 | 13.44 | 5 | 1.15 | 4.2 | 5 | 1.15 | 4.2 | 5 | 1.38 | 5.04 | |
| 2.5.7.43 | हलुका सवारी चालक (व्यक्ति करार) | 22413 | संख्या | | 0 | 0 | | 0 | 0 | 9 | 6.39 | 23.37 | 9 | 2.17 | 7.93 | 9 | 2.17 | 7.93 | 9 | 2.05 | 7.51 | |
| 2.5.7.48 | सुरक्षा गार्ड (2) (व्यक्ति करार) | 22413 | संख्या | | 0 | 0 | | 0 | 0 | 2 | 1.47 | 5.38 | 2 | 0.46 | 1.7 | 2 | 0.46 | 1.7 | 2 | 0.54 | 1.98 | |
| 2.5.7.68 | स्वीपर करार (व्यक्ति करार) | 22413 | जना | | 0 | 0 | | 0 | 0 | 2 | 0.85 | 3.12 | 2 | 0.27 | 1 | 2 | 0.27 | 1 | 2 | 0.31 | 1.12 | |
| 2.5.7.81 | कार्यालयका कम्प्युटर, फोटोक प, ए स आदी मे शनरी मर्मत सेवा करार (व्यक्ति करार) (व्यक्ति करार) | 22413 | जना | | 0 | 0 | | 0 | 0 | 1 | 0.26 | 0.96 | 4 | 0.09 | 0.32 | 4 | 0.09 | 0.32 | 4 | 0.09 | 0.32 | |
| 2.5.7.111 | कम्प्युटर अपरेटर व्यक्ति करार (व्यक्ति करार) | 22413 | जना | | 0 | 0 | | 0 | 0 | 6 | 6.01 | 22 | 6 | 1.91 | 7 | 6 | 1.91 | 7 | 6 | 2.19 | 8 | |
| 2.7.5.115 | वा र्षक पुस्तिका प्रकाशन (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वतरण) | 22522 | प्रति | | 0 | 0 | | 0 | 0 | 1 | 0.41 | 1.5 | 1 | 0.41 | 1.5 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 2.7.5.579 | भैपरी आउने समस्या समाधानको लागी अन्तर्कृया अध्ययन तथा प्रतिवेदन तयारी (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वतरण) | 22522 | पटक | | 0 | 0 | | 0 | 0 | 12 | 2.46 | 9 | 4 | 0.82 | 3 | 4 | 0.82 | 3 | 4 | 0.82 | 3 | |
| 2.7.25.175 | आयोगको वा र्षक प्रगति तथा स मक्षा कार्यक्रम संचालन (अन्य) (अन्य) | 22522 | पटक | | 0 | 0 | | 0 | 0 | 1 | 0.82 | 3 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0.82 | 3 | |

मति 2077-02-18

बजेट फाराम नं .६.४.१
रा.यो.आ.फा.नं .१
पाना नं .१/२

# वार्षक वकास कार्यक्रम
## बजेट तर्जुमासंग सम्बन्धित आर्थक प्रशासन नियम २०(१) बमोजिमको फाराम

| क्र. सं. | कार्यक्रम / क्रयाकलाप | खर्च शीर्षक | इकाई | आयोजनाको कुल क्रयाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ. व. सम्मको | | | वा र्षक लक्ष्य | | | प्रथम चौमा सक | | | दोस्रो चौमा सक | | | तेस्रो चौमा सक | | | कै फयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | 2 | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| 2.7.25.180 | कृ ष क्षेत्रमा सन्चा लत परियोजनाहरुका अनुगमन गरी प्रतिवेदन तयार गर्ने (अन्य) | 22522 | पटक | | 0 | 0 | | 0 | 0 | 2 | 0.82 | 3 | 1 | 0.27 | 1 | 1 | 0.27 | 1 | 0 | 0.27 | 1 | |
| 2.7.25.304 | सरोकारवाला निकायहरु ( कसान संघ संस्था, संजाल तथा पेशागत संघ संगठन) सँग बैठक तथा अन्तरकृया (अन्य) (अन्य) | 22522 | पटक | | 0 | 0 | | 0 | 0 | 6 | 0.82 | 3 | 3 | 0.27 | 1 | 3 | 0.27 | 1 | 3 | 0.27 | 1 | |
| 2.7.25.306 | कसान संघ संगठन/संस्थाहरु/ वज्ञहरुको दर्ता तथा सुचीकृत कार्यक्रम (अन्य) | 22522 | पटक | | 0 | 0 | | 0 | 0 | 3 | 0.08 | 0.3 | 1 | 0.03 | 0.1 | 1 | 0.03 | 0.1 | 1 | 0.03 | 0.1 | |
| 2.7.25.311 | केन्द्र तथा प्रदेशस्तरमा कसान संघ संगठन तथा संजालको सहकार्यमा व भन्न दिवस तथा अन्य कार्यक्रम संचालन (अन्य) (अन्य) | 22522 | पटक | | 0 | 0 | | 0 | 0 | 3 | 0.82 | 3 | 1 | 0.27 | 1 | 1 | 0.27 | 1 | 1 | 0.27 | 1 | |
| 2.7.25.789 | खाद्य संप्रभुता ऐनको प्रावधान सम्बन्धमा अ भमु खकरण कार्यक्रम (अन्य) | 22522 | पटक | | 0 | 0 | | 0 | 0 | 1 | 0.68 | 2.5 | 0 | 0 | 0 | 1 | 0.68 | 2.5 | 0 | 0 | 0 | |
| 2.7.25.794 | प्रदेश स्तर कसान संघ संगठन/संस्थाहरु क्षमता अ भवृद् ध कार्यक्रम (अन्य) | 22522 | पटक | | 0 | 0 | | 0 | 0 | 7 | 3.74 | 13.7 | 1 | 0.55 | 2 | 3 | 1.64 | 6 | 3 | 1.56 | 5.7 | |
| 2.8.1.37 | कार्यक्रम अनुगमन भ्रमण खर्च (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | 22611 | पटक | | 0 | 0 | | 0 | 0 | 41 | 0.79 | 2.9 | 15 | 0.25 | 0.9 | 15 | 0.25 | 0.9 | 11 | 0.3 | 1.1 | |
| 2.8.1.423 | कसान वर्गीकरण, परिचयपत्र वतरण तथा योगदानमा आधारित कसान सुरक्षाकार्यक्रम कार्यान्वयनअवस्था अध्ययन अनुगमन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | 22611 | पटक | | 0 | 0 | | 0 | 0 | 3 | 0.57 | 2.1 | 1 | 0.19 | 0.7 | 1 | 0.19 | 0.7 | 1 | 0.19 | 0.7 | |
| 2.8.2.10 | सरुवा भएर जाँदाको भ्रमण खर्च (आन्तरिक भ्रमण) (आन्तरिक भ्रमण) | 22612 | पटक | | 0 | 0 | | 0 | 0 | 4 | 0.27 | 1 | 2 | 0.15 | 0.56 | 2 | 0.15 | 0.56 | 0 | 0 | -0.12 | |
| 2.9.2.8 | सवारी साधन बीमा, न वकरण (बीमा सवारी साधन) | 22214 | संस्था | | 0 | 0 | | 0 | 0 | 30 | 1.37 | 5 | 0 | 0 | 0 | 30 | 1.37 | 5 | 0 | 0 | 0 | |
| 2.9.6.4 | कार्यालयमा दैनिक चयापान खर्च तथा अन्य भैपरि आउने व वध खर्च ( चयापान खर्च) | 22711 | महिना | | 0 | 0 | | 0 | 0 | 12 | 0.79 | 2.9 | 4 | 0.22 | 0.8 | 4 | 0.22 | 0.8 | 1 | 0.36 | 1.3 | |
| 2.9.9.17 | रा. क. आ. को निमन्त्रणामा व भन्न देशका कसान संघ संस्था र आयोगवाट नेपाल भ्रमणमा आउने अति थहरुको सत्कार (अन्य व वध खर्च) | 22711 | पटक | | 0 | 0 | | 0 | 0 | 3 | 0.57 | 2.1 | 1 | 0.19 | 0.7 | 1 | 0.19 | 0.7 | 1 | 0.19 | 0.7 | |
| 8.1.3.17 | पदा धकारीलाई सु वधाको घर भाडा (कार्यालयको घर भाडा) | 28142 | महिना | | 0 | 0 | | 0 | 0 | 6 | 3.55 | 13 | 4 | 1.18 | 4.32 | 4 | 1.18 | 4.32 | 4 | 1.19 | 4.36 | |
| ख) | चालु खर्च कार्यक्रमको जम्मा: | | | | 0 | 0 | | 0 | 0 | | 96.44 | 353 | | 32.87 | 120.26 | | 31.83 | 116.5 | | 31.78 | 116.24 | |
| | कुल जम्मा खर्च | | | | | 0 | | 0 | 0 | | 100 | 366 | | 36.37 | 133.06 | | 31.83 | 116.5 | | 31.8 | 116.44 | |

तयार गर्नेको नाम ,पद र दस्तखत :

मति :

आयोजना/कार्यालय प्रमुखको दस्तखत :

मति :

प्रमा णत गर्नेको नाम,पद र दस्तखत:

मति :

# अनुसूची ३
# सरोकारवाला निकायहरू, किसान संघ संगठन, समूहसँग अन्तरक्रिया कार्यक्रमका प्रतिवेदनहरु

## १. राष्ट्रिय कृषि नीति, २०७७ को प्रारम्भिक मस्यौदामा राष्ट्रिय किसान आयोगको राय/ सुझावहरु

- कृषि नीति २०६१ को समिक्षा गरी सवल र कमजोर पक्षको बारेमा विवेचना तथा विश्लेषण हुनुपर्ने
- प्रस्तावित मस्यौदाको बुँदा नं. २ को पहिलो वाक्याशंमा पूँजी र अध्ययन, अनुसन्धानको सिमितता थप गर्नु पर्ने
- बुदाँ नं. ९ को ९.१ मा प्रस्ताव गरिएको नीति कार्यान्वयन र समन्वयका लागि गठित राष्ट्रिय कृषि विकास समितिमा राष्ट्रिय किसान आयोगको प्रतिनिधित्व हुने व्यवस्था हुनु पर्ने र साथै कृषक प्रतिनिधि सदस्य रहने व्यवस्था भएकोमा सरोकारवाला किसान संघ संगठन संजालको संस्थागत प्रतिनिधि (कम्तिमा पनि १ महिला र १ पुरुष) रहने व्यवस्था हुनुपर्ने
- प्रदेशस्तरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मन्त्रीज्यूको अध्यक्षतामा प्रदेश कृषि विकास समिति रहनेछ र उक्त समितिमा प्रदेश स्तरका सरोकारवालाहरूको सहभागिता रहने छ भन्ने उल्लेख भएता पनि "सरोकारवालाहरूको" स्पष्ट परिभाषा नभएकोले उक्त विषय स्पष्ट हुनुपर्ने र उक्त समितिमा सरोकारवाला किसान संघ संगठन संजालको संस्थागत प्रतिनिधि रहने व्यवस्था हुनुपर्ने
- सिमान्तकृत भूमिहिन दलित, महिला, जनजाति आदि लक्षित वर्गलाई प्रभाव पार्ने खालको नीतिगत व्यवस्था हुनुपर्ने
- तीन तह सरकार बीचको समन्वय, सहकार्य र भूमिका अझै प्रष्टाउनु पर्ने
- प्रस्तावित मस्यौदा तयार गर्ने प्रकृयामा किसान संघ संगठन संजालको संग्लनता नभएकोले अबको छलफल वा नीति निर्माण प्रकृयामा सहभागी हुने व्यवस्थाको लागि अनुरोध भएको
- प्रस्तावित मस्यौदाको दफा नं ८ को उपदफा नं ८.१.१५ मा उल्लेखित भूमि बैकको सट्टामा कृषि विकास रणनीतिमा व्यवस्था भए अनुसार *Land Leasing Corporation* को प्रावधानलाई स्थापित गराउनु पर्ने र कृषिका प्राथमिक क्षेत्रमा वैदेशिक लगानी गर्न नपाईने नीतिगत व्यवस्था हुनु पर्ने

- मस्यौदाको दफा नं ८ को उपदफा नं ८.१.१५ मा कबुलियती खेति थप गर्नु पर्ने
- सविधानले नै सुनिश्चत गरेको खाद्य अधिकार तथा संप्रभुताको बारेमा प्रस्तावित मस्यौदामा उल्लेख नभएकोले खाद्य अधिकार तथा खाद्य संप्रभुताको सुनिश्चितताको अनिवार्य रुपमा सम्बोधन गर्नुपर्ने
- भाषागत शुद्वाशुद्धीमा उल्लेख सुधार गर्नुपर्ने

## २. खाद्य अधिकार तथा खाद्य सम्प्रुभता सम्बन्धी नियमावलीको प्रारम्भिक मस्यौदा खाद्य अधिकार तथा खाद्य सम्प्रुभता सम्बन्धी नियमावलीको प्रारम्भिक मस्यौदामाराष्ट्रिय किसान आयोगको राय/सुझावहरु

- प्रस्तावित मस्यौदामा खाद्य सम्प्रुभताको अवस्था र सम्भावनाको विश्लेषण नगरी भोकमरीको चित्रण गरिएको छ ।
- प्रस्तावित मस्यौदामा खाद्य सम्प्रुभताको सम्बन्धि अवधारणागत समस्या रहेको र खाद्य अधिकार सुरक्षाको सुनिश्चतताको लागि मात्र बढी व्यवस्था भएको ।
- यस मस्यौदामा भोकमरीलाइ निरन्तर प्रकृया ठानी भोकमरी भयो भने के गर्ने भन्ने कुरालाइ मात्र जोड दिएको देखिएकोले भोकमरी नै आउन नदिने कार्यक्रममा जोड दिनुपर्ने ।
- परम्परागत खेती प्रणालीलाइ सुधार गरी बाली विविधकरण र खाद्य उपभोग विविधिकरण सम्बन्धी अनुसन्धान र प्रसारमा जोड दिइ कृषि उत्पादन र उत्पादकत्व बृदि गर्ने कुरामा जोड दिनुपर्ने देखिन्छ ।
- खाद्य अधिकार र सम्प्रुभताको सम्बन्धमा सहयोगी निकायको रूपमा काम गर्ने नागरिक मंच , राष्ट्रिय मानव अधिकार आयोग जस्ता सहयोगी निकायहरूको सम्बन्ध सहकार्यको बारेमा स्पष्ट उल्लेख भएको छैन ।
- प्रस्तावित मस्यौदाको "परिभाषा" मा “भोकमारीको अवस्था" र “भोकमरीको जोखिमको अवस्था" लाई थप गर्दा उपयुक्त हुने
- परिच्छेद २ को दफा १ भोकमरी रोकथामका लागि सम्बोधन गर्नुपर्ने—.. मा स्थानीय एवं प्रदेश तहमा भोकमरी रोकथामको लागि प्रदेश तहमा प्रदेश खाद्य परिषदको समन्वय र स्थानीय तहमा स्थानीय खाद्य समन्वय समितिको अन्तरगत खाद्य भण्डार केन्द्र स्थापना गरिनेछ ।

- परिच्छेद २ को दफा ३ को १ नं मा उल्लेख भएको सम्बन्धित स्थानीय तह वा स्थानीय खाद्य समन्वय समितिको सट्टामा स्थानीय खाद्य समन्वय समितिले स्थानीय तहको समन्वयमा देहायको कार्य गर्नुपर्ने छ ।
- परिच्छेद २ को दफा ३ को १ नं (क) को प्रतिनिधि वा टोली खटाउने भनी उल्लेख भएकोमा टोली बनाउने, टोली खटाउने, प्रतिवेदन अदि गर्दा समय लाग्ने भएकोले स्वास्थ्य तथा पोषण कार्यकर्ता र सम्बन्धित वडा अध्यक्षले दुइ दिन भित्र स्थिति प्रतिवेदन दिने व्यवस्था हुनुपर्ने ।
- परिच्छेद २ को दफा ३ को १ नं देहाय बमोजिम को कार्यमा भोकमरी परेको जानकारी वा सूचना नअएमा प्रत्येक बर्ष वडा सदस्यहरूले सम्भावित परिवारको अनुगमन गरी प्रतिवेदन पेश गर्ने कार्य थप गर्नुपर्ने ।
- परिच्छेद २ को दफा ७ मा (घ) मा भुमि लगायत प्राकृतिक स्रोतमा खाद्य जोखिममा रहेका वा सम्भावित परिवारको पहुँच अभिवृदि गर्ने कार्यक्रम संचालन गर्ने थप हुनुपर्ने ।
- परिच्छेद ३ को दफा १३ को ७ नं नराख्दा उपयुक्त हुने
- परिच्छेद ३ को दफा १५ को ५ नं मा उल्लेख भएको प्रचलित कानुन बमोजिममा आपतकालिन अवस्थामा खरिद सम्बन्धि नीति अनुरूप भन्ने थप्नुपर्ने
- परिच्छेद ३ को दफा १६ को २ नं मा उल्लेख भएको प्रवर्दन गर्न सक्नेछ सट्टामा प्रवर्दन गर्नुपर्नेछ भएमा उपयुक्त हुने
- परिच्छेद ४ को दफा १७ को २ नं मा प्रदेश सरकार, स्थानीय सरकार वा सम्बन्धित निकायले किसान पहिचानको तथ्याङक संकलन गर्ने कार्यका लागि सुचना प्रणाली तयार गर्नेछ उल्लेख भएकोमा यसमा कसले गर्ने भन्ने स्पष्ट नभएकोले एकिन गरी निकाय नै तोकिदिएमा उपयुक्त हुने
- प्रस्तावित मस्यौदाको परिच्छेद ४ को दफा १९ अनुसारको क्षतिपूर्ति समितिको निकायहरु विद्मामान सांगठनिक निकाय अनुसार परिमार्जन गर्नुपर्ने
- प्रस्तावित मस्यौदाको परिच्छेद ४ को दफा २० को (२) अनुसार क्षतिपूर्ति भराउदा लागतको आधारमा नभइ प्रतिफलको आधारमा हुनुपर्ने ।

- परिच्छेद ५ को दफा २१ अनुसार तयार हुने राष्ट्रिय खाद्य योजना मात्र बनाएर पुग्दैन हरेक स्थानीय तहको खाद्य योजना बनाउने ब्यबस्था भएमा उपयुक्त हुने । साथै राष्ट्रिय खाद्य योजना मस्यौदा समितिमा किसान संघ संगठन संजालहरु को पनि प्रतिनिधित्व हुनुपर्ने ।

- प्रस्तावित मस्यौदाको परिच्छेद ५ को दफा २१ बुँदा नं. ४ मा उल्लेखित "प्रदेश खाद्य परिषद्" र "स्थानीय खाद्य समन्वय समिति" गठन प्रकृयाको बारेमा कतै उल्लेख नभएकोले उक्त विषयमा स्पष्ट उल्लेख हुनुपर्ने ।

- परिच्छेद ५ को दफा २३ को (घ) मा उल्लेखित १४ बर्ष भन्दा मुनिका बालबालिका भनिएकोमा कक्षा १० सम्मका भनिएमा उपयुक्त हुने र साथै (ढ) मा मुसहर, भूमिहिन दलित, हरूवा चरूवा थप्नुपर्ने

- परिच्छेद ६ को दफा २८ को (क) मा उत्पादनकर्ता को लागि कृषि उपजको न्यूनतम सर्मथन मूल्य र खाद्यन्न को अधिकतम मूल्य तोक्ने भनी उल्लेख गरेमा उपयुक्त हुने

- परिच्छेद ६ को दफा २९ को २ (ग) मा उत्पादन सहकारी/उपभोक्ता सहकारी थप हुनुपर्ने

- परिच्छेद ७ को दफा ३० को १ नं अनुसार गठित राष्ट्रिय खाद्य परिषदलाइ अलि छिटो छरितो बनाउनका लागि थोरै संख्याको डेडिकेटेट टिम भएमा उपयुक्त हुने । साथै प्रदेश र स्थानीय स्तरको पनि परिषद गठनको संरचना र जिम्मेवारी को बारेमा थप भएमा उपयुक्त हुने

- परिच्छेद ७ को दफा ३० को (१) अनुसार गठित राष्ट्रिय खाद्य परिषदमा राष्ट्रिय किसान आयोग, किसान संघ संगठन संजालहरुका प्रतिनिधि र राष्ट्रिय मानव अधिकार आयोगबाट पनि प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्ने ।

- परिच्छेद ७ को दफा ३० को (२) अनुसार उल्लेख भएको पदावधि २ बर्षको सट्टामा ३ बर्षको भएमा उपयुक्त हुने

- परिच्छेद ७ को दफा ३१ को (छ) मा सहकारी क्षेत्र, (ड) मा जातिय पहिचानमा आधारित र (ढ) मा सहकारी थप गर्नुपर्ने ।

- खाद्य संकट सम्बोधनका लागि तीन तह सरकार बीचको समन्वय, सहकार्य र भूमिका अझै प्रष्टाउनु पर्ने

- अनुसूची १ मा उल्लेखित प्रश्नावलीमा परिमार्जन गर्नुपर्ने
- अनुसूची ५ को सम्बन्धमा राष्ट्रिय किसान आयोगले मन्त्रालयमा उपलब्ध गराएको किसान वर्गीकरण, परिचयपत्र वितरण तथा योगदानमा आधारित सामाजिक सुरक्षा भत्ता (पेन्सन) संचालन कार्यविधि , २०७५ बाट आधार लिदा उपयुक्त हुने

## किसान वर्गीकरणको आधार

| क्र. सं | श्रेणी | जग्गाको स्वामित्व | बार्षिक आम्दानी |
|---|---|---|---|
| १. | भूमिहिन/श्रमिक किसान | आफ्नो जग्गा नभएका तर कृषि कर्ममा संलग्न किसान | बार्षिक २ लाख भन्दा कम |
| २. | सीमान्तकृत/ साना किसान | ०.१ देखि ०.५ हेक्टरसम्म जमिन भएका उप्जाउशील जग्गा नभएको, जग्गाको मूल्य घडेरीका रुपमा नभएको अर्थात् कम मूल्य भएको | बार्षिक २ लाख देखि ५ लाख भन्दा कम, |
| ३. | मध्यम किसान | ०.५ हे. भन्दा माथि २ हेक्टरसम्म जग्गा भएका । | बार्षिक ५ लाख देखि २० लाख भन्दा कम |
| ४. | ठूला किसान | २ हेक्टर भन्दा माथि ७ हेक्टर सम्म जग्गा भएका । | बार्षिक २० लाख देखि ५० लाख सम्म |
| ५. | व्यवसायिक किसान | कृषिलाइ उद्योगमा परिणत गरी प्रशोधन तथा बजारीकरण गर्ने किसानहरु | बार्षिक ५० लाखभन्दा माथि आम्दानी गर्न सक्ने |

## ३.दुग्ध विकास नीति २०७७ को मस्यौदा सम्वन्धी

दुग्ध विकास नीति,२०७७ मस्यौदा उपर सरोकारवाला किसान संघ संगठन संजालहरु सँगको बैठक तथा अन्तक्रिया बाट प्राप्त राय/ सुझावहरु

- दुग्ध विकास नीति,२०६४ कार्यान्वयन नै नभई दुग्ध विकास नीति,२०७७ आएकोले दुग्ध विकास नीति,२०६४ को लागि उपयुक्त कार्यविधि बनाई कार्यान्वयनमा ल्याउन सके उपयुक्त हुने ।
- प्रस्तावित मस्यौदाको नाम दुग्ध विकास नीति,२०७७ को सट्टामा दुग्ध विकास नीति,२०६४

(संसोधित,२०७७) हुनुपर्ने ।

- प्रस्तावित मस्यौदाको पृष्ठभूमिमा दुग्ध विकास नीति,२०६४को सवल पक्ष र दुर्बल पक्ष केल्याउनु पर्ने ।
- दुग्ध उत्पादक कृषकहरुको समस्याहरु, अनुदानको ब्यवस्था, यान्त्रिकरणको प्रयोग बारेमा चित्रण गरेको नपाईएकोले सो सम्बन्धमा स्पष्ट उल्लेख हुनुपर्ने ।
- दुग्ध बिकास नीति २०७७ (मस्यौदा) को दफा २ मा उल्लेख भएको समस्या र चुनौतिहरु तथा दफा ३ मा उल्लेखित नीति परिमार्जनको आवश्यकतामा उल्लेख भएको बुदाहरु बिच तालमेल नदेखिएको
- प्रस्तावित मस्यौदाको दफा २ को समस्या र चुनौती अन्तरगत बुँदा २.१ मा थप्ने-"नेपालमा विशेषतः गाई, भैसी र चौरीका साथै न्यून मात्रामा बाख्रा र भेडाको दूध उत्पादन तथा खपत हुने गर्दछ तर यिनीहरूको माग र आपूर्ति तथा मूल्य समायोजन गरिएको पाइन्न ।
- प्रस्तावित मस्यौदाको दफा ३ मा कृषि विकास रणनीति (ADS) को बारेमा उल्लेख गरेको पाईदैन् ।
- दफा ५ मा उल्लेख भएअनुसार तोकिएको लक्ष (Goal) धेरै महत्वकाक्षीं देखियो । लक्ष तोक्नाको आधारहरु कतै देखिदैन् । जस्तै दूध दिने जनावरहरुको जातहरु,संख्या,परिमाण आदि उल्लेख भएमा उपयुक्त हुने ।
- दफा ६ मा उल्लेख गरिएको उद्येश्यहरुले दुग्ध क्षेत्रको बिकास गर्ने नीतिले समेटनु पर्ने सबै कुराहरु समेटन नसकेको ।
- प्रस्तावित मस्यौदाको दफा ६ को ६. ३ मा असल अभ्यास र गुणस्तर कायम राख्ने कुरामा कृषक समूह,सहकारी मार्फत हुनु पर्ने कुरामा जोड दिनुपर्ने । गुणस्तरमा आधारित दूधको मूल्य निर्धारण हुने व्यवस्था हुनुपर्ने ।
- नीतिहरू अन्तरगत को बुँदा ७.१मा थप्ने- "विभिन्न नगर,गाउँपालिकाहरूलाई सङ्ख्या र दूध उत्पादनको आधारमा गाई, भैसी वा चौरीको पकेट क्षेत्र निर्धारण गरी तीनै तहका सरकारको सहयोगमा विशेष कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- प्रस्तावित मस्यौदाको दफा ७ को ७.१.४ र ७.१.५ नं दोहोरिएको छ ।

- बुँदा ७.१ मा थप्ने - ७.१.६ उत्तरी भेगका पशुपालका कृषकहरूको जीविकोपार्जन र आर्थिक सुधारका लागि प्राकृतिक चरनखर्क हरू (Rangelands ) को व्यवस्थापन, सुधार तथा परंपरागत सीमापारी चरिचरन (Trans-frontier pasturing) को दीगो व्यवस्थावनका लागि थप अध्ययन, थप अनुसन्धान तथा प्रवर्धन गर्ने, गराउने ।
- दफा ७को बुँदा ७.२मा थप्ने- "व्यावसायिक दूध उत्पादनलाई दीगो तथा बजार प्रतिस्पर्धी बनाउनका साथै हरितगृहको प्रभाव न्यनीकरणका लागि पोषिलो घाँसमा आधारित पशुजन्य उत्पादन (Forage-based Livestock Production) लाई नीतिगत रूपमा प्राथमिकता दिने । सो का लागि दुध उत्पादन गर्ने व्यावसायिक फार्म तथा कम्पनीहरूले अनिवार्य रूपमा उन्नत गाई वा भैसीका लागि वर्षैभरी पोषिलो हरियो घाँसखेती गर्न प्रति वयस्क दूधालु ५०० वर्ग मिटर जग्गाको व्यवस्था गर्ने, गराउने ।
- बुँदा ७.३मा थप्ने- "दूध उत्पादन हुने मौसम र पशुहरूको जातको आधारमा गाई, भैसी, चौरी तथा बाख्राबाट उत्पादित दूधको मूल्य समायोजन गर्ने, गराउने ।
- प्रस्तावित मस्यौदाको दफा ७ को ७.५.८ मा दुग्ध उत्पादक कृषक सहकारीको क्षमता अभिवृद्धि गर्ने कुरामा जोड दिनुपर्ने ।
- प्रस्तावित मस्यौदाको दफा ७ को ७.५.९ मा प्रांगारिक दुग्ध पदार्थको रुपमा स्थापित गर्न विशेष पहल गरिने कुरा उल्लेख भएकोमा कसरी गर्न सकिन्छ सो को स्पष्ट आधारहरु उल्लेख भएमा उपयुक्त हुनुपर्ने ।
- प्रस्तावित मस्यौदाको दफा ७ को ७.६.३ मा पुरस्कृत गर्ने व्यवस्था भएकोमा सो सँगै गुणस्तर कायम नगर्नेलाई दण्ड सजायको पनि व्यवस्था हुनुपर्ने ।
- प्रस्तावित मस्यौदाको दफा ७ को ७.७.१ न्यूनतम सर्मथन मूल्य तोक्ने व्यवस्था सँगै दूध र दूधजन्य बस्तुको ग्यारेन्टीको साथ नेपाल सरकारबाट खरिद हुने व्यबस्था मिलाउने ।
- प्रस्तावित मस्यौदाको दफा ७ को ७.८.१ मा उल्लेख भएको “उपयुक्त आहार" भन्नाले के बुझिन्छ सो को स्पष्ट व्याख्या हुनुपर्ने ।
- बुंदा ७.९ मा थप्ने- बुढाबुढी तथा उनुत्पादक गाइ, गोरु, बहर र बाछ्रोहरूको दीगो तथा आर्थिक व्यवस्थापनका लागि प्रत्येक नगर-गाउँ पालिका अन्तरगत कम्तिमा एक एक गौशाला निर्माण गर्ने, गराउने र ती अनुत्पादनक गाईगोरुहरूको आर्थिक व्यवस्थापनका लागि गोबर ग्यास प्लान्ट, कम्पोष्ट, गउँत तथा छालाहाडखोर जन्य सहउद्योग सञ्चालन गर्ने, गराउने

- बुँदा ७.९ मा थप्ने- ७.९.४ लाई परिमार्जन गर्ने "धार्मिक मान्यता तथा परंपरामा आधात नपुग्ने गरी उनुत्पादक गाइ, गोरु, बहर र बाछोहरूको व्यवस्थापनका लागि छिमेकी मुलुकमा जीवित पशुहरू निर्यातको सम्भावनाको अध्ययन गर्ने, गराउने । दूधको मूल्यश्रृखलामा जोड दिई दुग्ध उत्पादन लागतमा कसरी लागत घटाउन सकिन्छ सो कुरामा स्पष्ट व्यवस्था हुनुपर्ने ।

- बुँदा ७.१० मा थप्ने- ७.१०.१० "प्रत्येक प्रदेशमा एक एक वटा उन्नत विदेशी जाताका गाई (जर्सी, होल्सटन) र भैंसी (मुर्रा, नीलिरावी)का श्रोत केन्द्रको स्थापना गर्ने, गराउने। यसका साथै दूध उत्पादनका का लागि प्रख्यात स्थानीय रैथाने जातका अछामी, लुलु जातका गाई, डोटयाल भैसी, याकचौंरी सम्बन्धी थप अध्ययन, अनुसन्धान तथा प्रवर्धन गर्ने, गराउने ।

- नीतिगत रुपमा नै दूध उत्पादन, घाँस उत्पादन र दाना उत्पादन आदिको पकेट क्षेत्र हुने व्यवस्था गर्नु पर्ने ।

- प्रस्तावित मस्यौदाको दफा ८ अन्तर्गत बुँदा ८.४ मा थप्ने -

- स्वतन्त्र पर्यवेक्षक, दूध उत्पादन तथा पशु आहारा विज्ञ

- अध्यक्ष वा प्रतिनिधि ,केन्द्रिय दुग्ध उत्पादक सहकारी संघ

- अध्यक्ष वा प्रतिनिधि ,केन्द्रिय पशुपालन सहकारी संघ

- राष्ट्रिय किसान संजाल लगायत किसान संघ संगठनका प्रतिनिधि

- भाषागत शुद्धाशुदीमा उल्लेख मात्रामा सुधार गर्नुपर्ने । भाषागत त्रुटी जस्तै “चरण” लाई “चरन” बनाउने, आदि ।

## ४. राष्ट्रिय पशुपन्छी प्रजनन नीति २०७७ को प्रारम्भिक मस्यौदा

राष्ट्रिय पशुपन्छी प्रजनन नीति २०७७ को प्रारम्भिक मस्यौदामा राष्ट्रिय किसान आयोगको राय/ सुझावहरु

- प्रारम्भिक मस्यौदाको पृष्ठभुमिमा निम्न जानकारी थप्दा अझ स्पष्ट हुने “हाल पशुपन्छी पालनको व्यवसायिकीकरण हुँदै गएको अवस्थामा बढी उत्पादन दिने जीवित पशुपन्छीहरूका साथै विर्यको पनि आयात भई स्थानीय रैथाने जातसँग प्रजनन गराई वर्णशंकर जातका ठीमाहाहरूको सङ्ख्या बढ्दै गएको अवस्थामा र हालका वर्षहरूमा विशेषतः विभिन्न

गैरसरकारी संस्था तथा नीजि क्षेत्रहरूबाट विदेशी जातका बोका बाख्रा, बँगुर, माछा, कुखुरा, अष्ट्रिच, कालिज, अल्पाका तथा अन्य जातका पशुपन्छीहरू आयात भई उत्पादन तथा बिक्रीवितरण पनि भैरहेकोमा यस्ता पशुपन्छीको उत्पादन तथा प्रजनन सम्बन्धी दीगो व्वयस्थापनका लागि पनि राष्ट्रिय प्रजनन नीति आवश्यक रहेको छ ।"

- मस्यौदाको दफा नं. २ लाई अझ स्पष्ट पार्न विगतका प्रयासलाई अलग्गै उल्लेख हुनुपर्ने
- मस्यौदाको दफा नं. २ मा उल्लेख भएको "प्यारेन्ट र ग्रेन्ड प्यारेन्टहरुको उत्पादनको लागि प्रयास भइरहेको" भन्ने उल्लेख भएकोमा उत्पादन कार्य शुरु भइसकेकोले यस्ता कार्यलाई प्रवध्दन गर्दै लैजानु पर्ने उल्लेख हुनुपर्ने
- मस्यौदाको दफा नं. ५ लक्ष्यमा विशेषतः बुँदाहरू ५.३ र ५.४ (भेडा तथा बाख्रा र का माछा एवं जलीय) लाई हटाउने वा समस्त पशुपन्छीहरूलाई समेटने गरी परिमार्जन गर्ने।
- प्रस्तावित मस्यौदाको दफा नं.६ मा पशुपन्छी प्रजनन सम्बन्धी अध्ययन, अनुसन्धानलाई प्राथमिकताका साथ सुदृढ गर्ने गराउने कुरालाई जोड दिने ।
- प्रस्तावित मस्यौदाको उप दफा ६.७ मा बट्टाई पनि थपिनु पर्ने ।
- प्रस्तावित मस्यौदाको दफा नं ७ मा नीति तथा कार्यनीतिहरूलाई पशुपन्छीहरूको जात विशेषको आधारमा तर्जुमा गर्दा अलि स्पष्ट हुने उदाहरणका लागि

### क. गाईसम्बन्धी प्रजनन नीति तथा कार्यनीतिहरूः

- दुधालु जातका विदेशी गाई (जर्सी, होल्सटिन, ब्राउनस्वीस तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू
- दूध तथा कृषि कार्यका लागि उपयुक्त विदेशी जातका गाई (हरियाणा, सिन्धी तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू
- स्थानीय रैथानै जातका गाई (अछामी, लुलु, सिरी किर्को, तराईगाई तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू
- भैंसी सम्बन्धी प्रजनन नीति तथा कार्यनीतिहरूः
- विदेशी जातका भैंसी (मुर्रा, नीलिरावी तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- स्थानीय रैथानै जातका भैंसी (लिमे, डोटयार्ल, तराईभैंसी तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- जङ्ली जातका अर्ना भैंसी र सो का वर्णसङ्कर सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

**ख. याकचौंरी सम्बन्धी प्रजनन नीति तथा कार्यनीतिहरूः**

- याक सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- चौरी सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

**ग. बाख्रासम्बन्धी प्रजनन नीति तथा कार्यनीतिहरूः**

- मासु उत्पादनका लागि पालिने विदेशी जातका बाख्रा (जमुनापारी, बिटल, बारबबेरी, बोयर तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- मासु उत्पादनका लागि पालिने स्थानीय जातका बाख्रा (तराई बाख्रा, खरी तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- दुध उत्पादनका लागि पालिने विदेशी जातका बाख्रा (सानन तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- उच्च पहाड तथा हिमाली भेगमा पालिने स्थानीय जातका बाख्रा (च्याङ्ग्रा, सिन्हाल, तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- पश्मीना, फर, ढुवानी तथा अन्य प्रयोजनका लागि पालिने स्थानीय तथा विदेशी जातका बाख्रा (च्याङ्ग्रा, कस्मिीर तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

**घ. भेंडा सम्बन्धी प्रजनन नीति तथा कार्यनीतिहरूः**

- मासु तथा ऊन उत्पादनका लागि पालिने स्थानीय जातका भेंडा (कागे, लामपुछ्रे , बरवाल, तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- उच्च पहाड तथा हिमाली भेगमा पालिने स्थानीय जातका भेंडा (बरवाल तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

- कार्पेट उन उत्पादनका लागि पालिने विदेशी भेंडा (रोम्नीमार्स, मेरिनो, राम्बुलेट, कुपवर्थ, पोलवर्थ तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

**ङ. सुगुँर, बगुर सम्बन्धी प्रजनन नीति तथा कार्यनीतिहरूः**

- मासु उत्पादनका लागि पालिने स्थानीय नस्लका सुँगुर (च्वाँचे, बामपुके तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू
- व्यावसायिक रूपमा पालिने विदेशी नस्लका बँगुर (योर्कसायर, ल्याण्डरेस, हेम्पसायर, ड्युरोक, मेजान तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू
- जङ्ली जातका बँदेल र सो का वर्णसङ्कर सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

**च. कुखुरा तथा अन्य पन्छी सम्बन्धी प्रजनन नीति तथा कार्यनीतिहरूः**

- रैथाने जातका कुखुरा (शाकिनी, घाँटी खुइले तथा अन्य) सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू
- विदेशी जातका अण्डा तथा मासुका लागि पालिने शुद्ध (न्यू हेमशायर, लेगहर्न  अष्ट्रोलोर्प ) तथा हाइब्रिड जातका कुखुरा सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू
- अन्य पन्छिहरू विशेषतः हाँस, टर्कि, कालिज, लुइचे, अष्ट्रिच, बट्टाई, लौकाट, परेवा, आदि सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू

**छ. अन्य पशुहरू सम्बन्धी प्रजनन नीति तथा कार्यनीतिहरूः**

- विशेषतः खरायो, घोडा, खच्चड, मृग, हरिण, उँट, अल्पाका आदि सम्बन्धी प्रजनन नीति, कार्यनीतिहरू
- प्रस्तावित मस्यौदाको उप दफा १०.४ मा कार्य समूहमा अण्डा उत्पादन सम्बन्धि कार्य समूह उल्लेख नभएकोले थप गर्न आबश्यक देखिन्छ ।
- अनुसूचि १ मा हिमालमा हुने लुलु, याक, चौरी छ्नौटको उद्देश्यमा दूध उत्पादन, कृषि कर्मको साथै ढुवानिको साधनको रुपमा भनि उल्लेख हुनुपर्ने ।
- बाख्राः तराईमा बिटल जात पनि थप गर्नुपर्ने ।
- भाषागत शुद्वाशुद्धीमा उल्लेख सुधार गर्नुपर्ने ।

# अनुसूची ४
## आ.व.२०७७ सम्म राष्ट्रिय किसान आयोगबाट गरिएका अध्ययनहरुको सारांश

- किसान वर्गिकरण,  किसान परिचय पत्र वितरण र योगदानमा आधारित किसान पेन्सन कार्यक्रम सम्बन्धमा अध्ययन गरी सरोकारवालाहरु समेतको छलफलमा प्राप्त सुझावहरु समावेश गरी अन्तिम प्रतिवेदन मन्त्रालय समक्ष पेश गरिएको ।
- सरोकारवालाहरु समेतको सहभागितामा छलफल गरी राष्ट्रिय किसान आयोग ऐन र नियमावलीको मस्यौदा  तयार गरिएको ।
- कृषि विकास रणनीति कार्यान्वयन, कृषि  ऋणको वर्तमान अवस्थावारे अवस्थावारे अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार भएको ।
- कृषि उत्पादन निर्यात प्रवर्द्धनमा देखिएका समस्या तथा संभाव्य समाधानवारे अध्ययनगरी सुझाव सहितको प्रतिवेदन तयार भएको ।
- कृषि ब्यवसायिकरण तथा करार खेतीका लागि करार ऐन सम्बन्धमा अध्ययन गरी मस्यौदा तयार गरिएको ।
- बाँझो जग्गा ब्यवस्थापन सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार भएको।
- उखुबालीको बर्तमान अवस्थामा देखिएका समस्याहरू र तीनका सुधारका उपायहरू,
- पशुजन्य पदार्थको उत्पादन लागतको अवस्था र कम गर्ने उपायहरू,
- संघ, प्रदेश र स्थानीय तहमा कृषि  प्रसार समन्वय सम्बन्धी अध्ययन,
- हालसम्म भूमि सुधार आयोगले पेश गरेको प्रतिवेदन अध्ययन र विश्लेषण सम्बन्धी अध्ययन,
- दुग्ध उत्पादनको लागत अध्ययन विश्लेषण तथा लागत घटाउने उपायहरू र
- फलफूल तथा तरकारी बजारको बर्तमान अवस्थामा देखिएका समस्याहरू र तिनका सुधारका उपायहरू)

## १. अध्ययनको विषय: फलफूल तथा तरकारी बजारका वर्तमान अवस्था, देखिएका समस्याहरु तथा समाधानका उपायहरुको अभिलेखिकरण

परामर्शदाताः मोहन बहादुर थापा, वरिष्ठ बागवानी विज्ञ, धापाखेल, ललितपुर

### निष्कर्ष तथा सिफारिश

### निष्कर्ष

कृषिजन्य उत्पादनमा फलफूल तथा तरकारीले मुख्य भूमिका खेल्दै आएको र एकातिर यी बालीहरुको उत्पादन बढ्ने क्रममा रहेको छ भने आयातमा पनि त्यत्तिकै वृद्धि भइरहेको अवस्था छ । नेपालमा फलफूल तथा तरकारीको बजारीकरणमा देखा परेका समस्याको सन्दर्भमा तरकारी तथा फलफूलको उत्पादन, निर्यात तथा आयात र बजारका वर्तमान अवस्था विश्लेषण, उत्पादन तथा बजारीकरणसँग सम्बन्धित समस्याहरुको पहिचान र समाधानका उपायहरुको अभिलेखिकरण गरी बजारीकरणमा टेवा पुर्याउने र यस क्षेत्रसँग सम्बन्धित नेपाल सरकारका नीति निर्माताहरुलाई दीर्घकालिन कार्ययोजना तयारी गर्नमा सहयोग पुर्‍याउनका लागि यो अध्ययन गरिएको हो ।

फलफूल बालीहरुको उत्पादनशील क्षेत्रफल बढेको पाइएतापनि उत्पादकत्व त्यस अनुरुप बढेको छैन र तरकारी बालीहरुको पनि क्षेत्रफल र उत्पादनमा जुन रुपमा वृद्धि भएको देखिन्छ त्यस अनुसारको उत्पादकत्व वृद्धि नभएकोले उत्पादकत्व वृद्धि गर्ने तर्फ आवश्यक कदम चाल्नु पर्ने देखिन्छ ।

नेपालबाट ताजा तथा सुख्खा फलफूलको तुलनामा फलफूलको जुस बढी परिमाणमा निर्यात हुने गर्दछ भने फलफूल जुसको तुलनामा ताजा तथा सुख्खा फलफूलको आयात बढी हुने गरेको छ । त्यसै गरी निर्यात गरिने तरकारीजन्य वस्तुहरुमा मुख्य रुपमा ताजा तथा सुख्खा तरकारी, अचार, सस, केचप, आदि रहेका छन् भने आयात पनि सोही वस्तुहरुको हुने गर्दछ । आयात निर्यातको अवस्थालाई मध्यनजर गर्दा आ.व.२०७४।७५ मा ताजा तथा सुख्खा फलफूल रु.५.५४ करोडको निर्यात भएकोमा रु.१४.५२ अर्ब रुपैयाँको आयात भएको छ भने यस अवधिमा रु. १.१४ अर्बको ताजा तथा सुख्खा तरकारी निकासी भएकोमा रु.१९ अर्ब बराबरको ताजा तथा सुख्खा तरकारी आयात भएको र अचार, सस, केचपको आयात पनि बढेको छ ।

न्यून उत्पादन, सर्वसाधारणको जीवनस्तरमा आएको परिवर्तन, स्वास्थ्य प्रतिको चेतना आदिले बढ्दो मागका कारण फलफूल तथा तरकारी बाली वस्तुको आयात बढ्दो क्रममा छ । फलफूल तथा तरकारीमा निर्यात र आयात बीचको खाडल बढ्दो छ जसले गर्दा निरन्तर बढिरहेको व्यापार घाटालाई वाञ्छित सीमामा ल्याउनु मुख्य चुनौतीको रुपमा रहेको छ ।

फलफूलको बजारीकरण श्रृङ्खला (Marketing Chain) अन्तर्गत नेपालमा उत्पादन हुने धेरैजसो फलफूलहरुको ठेकेदारहरुले ठेक्का प्रथाबाट बगैंचा नै खरिद गरी थोरै परिमाणमा स्थानिय स्तरमा बिक्री गर्ने र बढी परिमाणमा भने थोक बजारहरुमा बिक्री गर्दछन् । देश बाहिरबाट आयातित फलफूलहरु भने सोझै थोक बजारमा भित्रिएपछि मात्र खुद्रा व्यापारी मार्फत् साना स्थानिय हाट बजार र भेण्डरहरु मार्फत् उपभोक्तासम्म पुग्दछ । खुद्रा व्यापारी वा भेण्डरहरुले सोझै उत्पादक कृषकहरुबाट खरिद गरी स्थानिय हाटबजार हुँदै घर—घरसम्ममा पनि पुर्याउँदछन्। विशेषतः ठूला शहरहरु काठमाण्डौ, पोखरा, विराटनगर, नेपालगञ्ज, जस्ता ठाउँहरुमा भेण्डरहरुले थोक वा खुद्रा व्यापारीहरुसँग खरिद गरी सडकको पेटी र घर—घरमा पुर्याएर बिक्री गर्दछन् । फलफूल बिक्री वितरणको यस्तो सजिलो तरीका देखिएता पनि चिस्यान श्रृङ्खला (Cold Chain System) नमिलेको हुँदा गुणस्तर कायम नहुने र नोक्सानी भने बढी नै हुने गरेकोछ ।

तरकारीको बजारीकरण श्रृङ्खला अन्तर्गत ठूलो परिमाणका तरकारीहरु ट्रकमा लोड गरी थोक बजारका बिक्रेताहरुकोमा पुर्याईन्छ भने अर्को श्रृङ्खलामा संकलन केन्द्र मार्फत् बिक्री वितरण गरिन्छ । खुद्रा व्यापारीहरुले थोक बजार, संकलन केन्द्र वा उत्पादक-कृषकहरुबाट खरिद गरी स्थानीय हाट बजार, सडकपेटी वा घर—घर पुग्ने भेण्डरहरु मार्फत् तरकारी उपभोक्तासम्म पुग्दछ । कतिपय स्थानीय हाट बजार, सडकपेटी र भेण्डरहरुबाट बिक्री वितरण गरिने तरकारी खुल्ला आकाश मुनी राखिने हुँदा तरकारीमा भएको जलांश उडेर सुक्ने, कुहिने, सड्ने हुन्छ फलस्वरुप नोक्सानी भएको भार उपभोक्तालाई पर्ने गरेको छ । उत्पादक।कृषकदेखि उपभोक्तासम्म पुग्दा बिचौलियाहरुको चलखेल भै उपभोक्ताले महँगोमा खरिद गर्नुपर्ने तीतो यथार्थ विद्यमान छ ।

नेपालमा कृषि उपज बजार अन्तर्गत संकलन केन्द्र, हाट बजार, खुद्रा बजार र थोक बजार गरी कुल १७६७ वटा कृषि उपज बजारहरु संचालनमा रहेका छन् जसमध्ये सबैभन्दा बढी करिब ३० प्रतिशत प्रदेश नं.२ मा संचालित छन् भने प्रदेश नं.१ मा करिब २९ प्रतिशत बजारहरु संचालनमा छन् । त्यसै गरी प्रदेश नं.५, प्रदेश नं.३, गण्डकी प्रदेश, सुदूर पश्चिम प्रदेश र कर्णाली प्रदेशमा क्रमशः १२, १०, ९, ६ र ४ प्रतिशत कृषि उपज बजारहरु संचालनमा

रहेका छन् । कृषि उपज बजारहरु मध्ये सबैभन्दा बढी करिब ५९ प्रतिशत हाट बजार संचालनमा छन् जहाँबाट तरकारी तथा फलफूलको कारोबार हुने गर्दछ ।

तरकारी तथा फलफूलका लागि देशमा रहेको काठमाण्डौको एकमात्र ठूलो कालिमाटी फलफूल तथा तरकारी बजारमा वस्तुको आधारमा आगमनको परिमाणलाई दृष्टिगत गर्दा सबैभन्दा बढी परिमाणमा तरकारी (८५.९३ प्रतिशत), दोश्रोमा फलफूल (७.९७ प्रतिशत) त्यसपछि मसला (४.१७ प्रतिशत), माछा (१.४८ प्रतिशत) र अन्य कृषि वस्तु (०.४४ प्रतिशत) रहेको छ ।

कृषिजन्य बजारका समस्याहरुमा कृषि उपज ढुवानी साधनहरुको निर्वाध बजार आवागमन हुन नसक्नु, फोहरमैला व्यवस्थापन र विसर्जनका लागि संयन्त्र र संरचनाको अभाव, ह्याण्डलिङ्ग, प्याकेजिङ्ग, ग्रेडिङ्ग सम्बन्धी प्रविधि र साधनको प्रयोग एकदमै न्यून हुनु, फलफूल र तरकारी उत्पादक र उपभोक्ता बीचमा मूल्य अन्तर अधिक रहनुका साथै मूल्यमा उतार चढाव उच्चतम हुनु, बजार आगमन हुने वस्तुमा विषादीको प्रयोग र विषादि अवशेष परीक्षण प्रयोगशालाको अभाव र भएका प्रयोगशालाहरुको स्तरोन्नति र आवश्यक जनशक्तिको व्यवस्था हुन नसक्नु जस्ता समस्याहरु विद्यमान रहेका छन् ।

फलफूलको बजारीकरणका समस्या अन्तर्गत बाटोघाटोको गुणस्तर राम्रो नभएकोले उत्पादन थलोदेखि बजारसम्म फलफूल ढुवानी गर्न कठिनाई, फलफूल भण्डार घरहरुको कमी र चिस्यान श्रृङ्खलाको उचित व्यवस्था नहुँदा मौसममा प्रशस्त आपूर्ति भै सस्तोमा बिक्री गर्नुपर्ने र बेमौसममा आयात भई आएका फलफूललहरु महँगोमा किन्नु पर्ने, फलफूलमा ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा लेब्लिङ्ग गर्ने प्रचलनको कमीले गर्दा उत्पादक तथा व्यापारीले कम मूल्य पाउने र उपभोक्ताले चाहे अनुसारको गुणस्तरीय फलफूल खरिद गर्न नपाउने समस्या रहेको छ भने काठमाण्डौ, पोखरा, बुटवल र अन्य नगन्य स्थान बाहेक थोक बजारहरु खुलाउन र व्यवस्थित गर्न नसकिएकोले खुद्रा व्यापारीले टाढा—टाढाबाट खरिद गरी ल्याउँदा उपभोक्ताले महंगोमा खरिद गर्नुपर्ने बाध्यता रहिआएको छ ।

तरकारीको बजारीकरणको समस्या अन्तर्गत माग अनुसारको उत्पादन योजना, वास्तविक उत्पादन तथ्याङ्क र आपूर्तिको आँकलन नहुँदा र बजारको माग अनुसारका तरकारीहरु बजारमा आपूर्ति नहुँदा कहिले बढी भै सस्तोमा बेच्नु पर्ने र कहिले आपूर्ति न्यून भई ज्यादै महंगोमा खरिद गर्नुपर्ने बाध्यता, तरकारीहरु छोटो अवधिमै कुहिने सड्ने गल्ने भएकोले थोक बजारमा चिस्यान केन्द्रको व्यवस्था नहुँदा उत्पादक तथा व्यापारीहरुले ठूलै नोक्सानी व्यहोर्नु, उत्पादक।कृषकहरुको आफ्नो उत्पादनको मूल्य निर्धारण गर्ने क्षमता कम हुनु र अधिकांश

व्यक्तिगत र असंगठित तवरले तरकारी बिक्री गर्ने हुँदा बिचौलियाको हातमा पर्नु जस्ता समस्या प्रमुख रुपमा रहेका छन् ।

फलफूल तथा तरकारीको मूल्य श्रृङ्खलामा आबद्ध उत्पादक तथा व्यापारीहरु र अन्य सदस्यहरु बीच विश्वासका वातावरण नहुनु र तिनीहरु बीचको कमजोर सम्बन्धले गर्दा बजार व्यवस्थापन र संचालनमा समस्या देखा परेको र सेवाग्राहीहरुले गुणस्तरीय सेवा सुविधा नपाएको स्थिति छ ।उत्पादकहरु कृषि उपज बजारमा हुने कतिपय दैनिक कारोबार र मूल्य सम्बन्धमा बजार सूचना प्रणाली बारे अनभिज्ञ रहनु र तरकारी तथा फलफूल बजार स्थलमा सूचना तथा संचारका माध्यमको पहुँच नहुनु समग्र कृषि बजार विकासको लागि ठूलो समस्या हो ।

## सिफारिश

केन्द्रीयस्तरमा गरिएको छलफल तथा सन्दर्भ सामाग्रीहरुको अध्ययनबाट आएका तथ्यहरुको आधारमा फलफूल तथा तरकारीको बजारीकरणमा देखिएका समस्याहरुलाई समाधान गर्नका लागि निम्नानुसार सिफारिश गरिएको छः—

### संघीय तहमा

- फलफूल तथा तरकारी बालीहरुको उत्पादकत्व वृद्धिका लागि विशेष कार्यक्रमहरु (Focused Program) लागू गर्ने र त्यसका लागि चाहिने उत्पादन सामाग्रीहरु, उन्नत खेती प्रविधि, सिंचाईं, विद्युत, कृषि सडक, कृषि यान्त्रिकीकरण प्रणाली तथा अन्य आवश्यक पूर्वाधारहरुको निर्माण तथा विकासलाई एकीकृत रुपमा कृषकहरु माझ पुर्‍याउने ।
- कृषकहरुलाई उत्पादन, उत्पादनोपरान्त क्षति नियन्त्रण, सेलार स्टोर, संकलन केन्द्र तथा व्यावसायिकरणका लागि सहुलियत दरमा आवश्यक पूँजिको उपलब्धता हुनुपर्ने ।
- उत्पादन थलोदेखि बजार-उपभोक्तासम्म ताजा र गुणस्तरीय वस्तु पुर्याउन चिस्यान श्रृङ्खला (Cold Chain) को व्यवस्था गर्ने र उप—उत्पादनलाई प्राङ्गारिक मल बनाउन प्रयोग गर्ने।
- फलफूल तथा तरकारीहरुको गुणस्तर परीक्षणका लागि देशको केन्द्रीय र प्रादेशिक स्तरमा अन्तर्राष्ट्रिय स्तरका प्रयोगशालाहरु (Accredited Laboratory) स्थापना तथा व्यवस्थापन गर्ने ।
- देशका विभिन्न नाकाहरुमा क्वारेन्टाईन कार्यालय तथा क्वारेन्टाईन पोष्टहरुलाई उपकरण तथा तालिमहरु मार्फत् सुदृढिकरण गर्नुका साथै कृषिजन्य वस्तुहरुको निर्मलीकरण गर्न

Fumigation Chambers को स्थापना तथा व्यवस्थापन गर्ने ।

- तरकारीहरुमा जथाभावी विषादि तथा हानिकारक रसायनहरुको प्रयोगलाई निरुत्साहित गर्न उत्पादन थलो देखि बजारसम्म अनुगमन तीव्र पार्ने ।
- फलफूल तथा तरकारीहरुको बजार सूचना प्रणालीको स्थापना गरी उन्नत बजार पूर्वाधार तथा सूचनाको विकास र विस्तार गर्दै लैजाने ।
- देशको विभिन्न भागमा तरकारी तथा फलफूलको बिक्री वितरणको व्यवस्थापन गर्नका लागि संचालनमा रहेका थोक बजारहरुलाई सुदृढिकरण गर्ने ।
- बजारीकरणका लागि आवश्यक मापदण्डका रुपमा रहेको ग्रेडिङ्ग, प्याकिङ्ग, तथा भण्डारणका विषयमा व्यवसायी, लगानीकर्ता, किसान र प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्दै सेवा प्रदायकहरुलाई सुदृढ गर्दै लैजाने ।
- तरकारी, फलफूल बजार स्थलको व्यवस्थापन र संचालनमा देखा परेका समस्याहरुको समाधानार्थ बजार व्यवस्थापन तथा विकास सम्बन्धि ऐन तर्जुमा गरी तत्काल कार्यान्वयनमा ल्याउनु पर्ने ।
- कृषि बीमाको हकमा अधिकांश कृषक, कृषि व्यवसायीहरुको पहुँच हुनसक्ने गरी कृषि बीमाका प्रक्रियालाई सरलीकरण गर्नुपर्ने ।
- कृषिको वर्तमान संगठनात्मक व्यवस्था र नीतिमा सुधार र परिवर्तन नभएसम्म फलफूल र तरकारीमा आत्मनिर्भर हुन, आयात प्रतिस्थापन तथा निर्यात प्रवद्र्धन गर्न सम्भव देखिँदैन। यसकोलागि सम्बन्धित विज्ञहरु (फलफूल, तरकारी र बजार विज्ञ) को टोली गठन गरी किसान आयोगले एउटा कार्यगत र व्यवहारिक योजना तर्जुमा गरी तीन तहको सरकार मार्फत् लागू गर्न ढीला गर्नु हुँदैन ।
- यस अध्ययनलाई पूर्णता दिनका लागि आगामी आर्थिक वर्षमा स्थलगत बजार सर्भेक्षण (Field Market Survey) सहितको विस्तृत अध्ययन (Detail Study) गर्न जरुरी छ ।

## प्रदेश तहमा

- बजारीकरण (आन्तरिक उपभोग) तथा निर्यातका लागि उत्पादन हुने तरकारी तथा फलफूल बालीहरुको गुणात्मक तथा परिमाणात्मक उत्पादनमा जोड दिने ।

- कृषक, कृषक समूह, सहकारी र व्यापारीहरुको सहकार्य र समन्वयमा संकलन केन्द्र, चिस्यान केन्द्रको स्थापना गरी आपसी लाभलाई बजार तथा व्यवसायसँग जोड्दै फलफूल तथा तरकारी मूल्य श्रृङ्खलाको क्षेत्रलाई फराकिलो बनाउने ।
- तरकारी तथा फलफूल व्यापारीहरुका लागि प्रदेश तहमा कोल्ड स्टोर, विषादि अवशेष विश्लेषण, प्रशोधन, ग्रेडिङ्ग, प्याकेजिङ्ग लगायतका सम्पूर्ण पूर्वाधार सहितको सुविधायुक्त एकीकृत कृषि बजारको स्थापना तथा व्यवस्थापन गर्ने ।
- माग अनुसारको फलफूल तथा तरकारीहरुको आपूर्ति गर्नका लागि प्रत्येक प्रदेशमा कम्तिमा एक लाख मे.टन क्षमताको शीत भण्डारण घरको निर्माण तथा व्यवस्थापन गर्ने ।
- फलफूल तथा तरकारी बजार स्थलको निर्माण तथा विकास गर्नु पूर्व सम्भाव्यता अध्ययन गरिनु र सो को आधारमा मात्र विकासका योजना बनाउनु अनिवार्य रहेको ।

**स्थानिय तहमा**

- फलफूल तथा तरकारीहरुको बजारमा ताजा, सुकेको, आदि कुन प्रकारको वस्तुको रुपमा माग छ त्यसको बजार अध्ययन गरी सोही अनुसारका प्रशोधित वस्तुहरु तयार गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाउने ।
- उत्पादन थलोमा नै विषादि अवशेष द्रुत विश्लेषण गरी अखाद्य, गुणस्तरहीन तथा विषादिको अवशेष पाइएका फलफूल तथा तरकारीहरु बजारमा आउनबाट रोक लगाउने ।
- तरकारी तथा फलफूल उत्पादक तथा व्यापारीहरुका लागि स्थानिय तहमा कोल्ड स्टोर, विषादि अवशेष विश्लेषण, प्रशोधन, ग्रेडिङ्ग, प्याकेजिङ्ग लगायतका सम्पूर्ण पूर्वाधार सहितको सुविधायुक्त एकीकृत कृषि बजारको स्थापना तथा व्यवस्थापन गर्ने ।
- स्थानिय स्तरमा सजिलै उत्पादन हुन सक्ने रैथाने जातका फलफूल तथा तरकारी बालीलाई प्रवद्र्धन गर्ने किसिमका कार्यक्रमहरु बनाई लागू गर्नु पर्ने ।
- बिचौलियाहरुलाई नियन्त्रण गर्नका लागि तिनीहरुलाई दर्ता गराई बिलविजकमा आबद्ध गराउने, सहकारीको मार्फत् बजारीकरण गर्ने, कृषकहरुले आफ्नो उत्पादन सामूहिक रुपमा सोझै ढुवानी गर्ने व्यवस्था हुनुपर्ने

## २. अध्ययनको विषय: भूमि–कृषि सुधारका लागि तत्काल गर्नुपर्ने काम (३ वटा उच्चस्तरीय भूमि सुधार आयोगका प्रतिवेदनको समीक्षामा आधारित)

परामर्शदाताः जगत देउजा, जियोस्पेर टेक्नोलोजीज्

### निष्कर्ष र सुझाव

नेपालको संविधानले भूमि व्यवस्था र कृषि सुधारका सन्दर्भमा विभिन्न महत्वपूर्ण व्यवस्था गरेको छ। भूमि व्यवस्थापनको इतिहासमा वि.सं. २०७५ मा पहिलोपटक राष्ट्रिय भूमि नीति स्वीकृत भई लागुसमेत भएको छ । यसअघि वि.सं. २०७२ मा भूउपयोग नीति लागु भइसकेको छ। नेपालको संविधानले समग्र भूमि व्यवस्थासम्बन्धी आधारभूत दिशानिर्देश, भूउपयोग नीतिले भूमिको समुचित उपयोगसम्बन्धी र राष्ट्रिय भूमि नीतिले देशको समग्र भूमि व्यवस्थापनलाई प्रभावकारी बनाउनेसम्बन्धी नीतिगत व्यवस्था गरेको छ । उक्त नीतिहरू अक्षरशः कार्यान्वयन गर्न सकिएमा भूमि व्यवस्थापनका क्षेत्रमा विद्यमान अधिकांश समस्या समाधान हुने अपेक्षा गरिएको छ । यसै सम्बन्धमा भूमि व्यवस्था तथा कृषि सुधारका क्षेत्रमा गर्नुपर्ने नीतिगत, कानुनी, प्रक्रिया, प्रविधि र संस्थागत सुधारका लागि केही सुझाव यसप्रकार छन् :

### भूमि व्यवस्थासम्बन्धी

- देशको कुल भूभागको करिब २८ प्रतिशत क्षेत्र आवादी छ । जसको करिब ७५ प्रतिशत औपचारिकरूपमा दर्ता भएको जग्गाको मात्र भूसम्बन्ध, भूस्वामित्व र अधिकारसम्बन्धी सूचना राज्यको अभिलेखमा छ । अनौपचारिक भूसम्बन्ध कायम रहेको बाँकी करिब २५ प्रतिशत क्षेत्रमा कायम बसोबासको कुनै सूचना राज्यको अभिलेखमा छैन । यसबाहेक समग्रमा बाँकी करिब ७२ प्रतिशत जग्गा सामान्यतया सरकारी जग्गा (वन नदीनाला, हिमाल, पहाड, गौचरनलगायत) मानिन्छ। त्यसैले नाप नक्सा हुन बाँकी नेपालको सम्पूर्ण आवादीमध्ये कुन क्षेत्रको, कस्तो किसिमको जग्गामा, कति क्षेत्रफलमा, कुन व्यक्ति (प्राकृतिक वा कानुनी) को, कस्तो किसिमको अधिकार, कहिलेदेखि कायम भएको हो भन्ने प्रस्ट सूचना तयार गरिनुपर्छ । हाल औपचारिकरूपमा दर्ता भएको जग्गाको सूचना अद्यावधिक गर्ने र हाल यस्तो किसिमको कुनै सूचना उपलब्ध नभएको अनौपचारिक भूसम्बन्ध भएको ऐलानी, पर्ती र अन्य सरकारी जग्गामा लामो समयदेखि बसोबास भएको स्थान र सो स्थानमा बसोबास गर्ने भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको विस्तृत सूचना तयार गरिनुपर्छ । साथै आवादीबाहेकको अन्य क्षेत्रमा समेत कुन क्षेत्रमा कुन तहको सरकार वा समुदायको कस्तो सम्बन्ध, स्वामित्व वा अधिकार हुने हो भन्ने प्रस्ट हुने गरी विस्तृत अभिलेख तयार हुनुपर्छ ।

- हाल भूउपयोग क्षेत्र वर्गीकरण तथा भूउपयोग योजना कार्यान्वयनसम्बन्धी विश्वसनीय र पूर्ण सूचना वा तथ्याङ्कको अभाव देखिन्छ । राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा यी तथ्याङ्क विभिन्न विकास निर्माणसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, निर्णय प्रक्रिया, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलगायत कार्यका लागि आवश्यक हुने भएकाले यससम्बन्धी सूचना तथा तथ्याङ्कको सहज उपलब्धता सुनिश्चित हुनुपर्छ ।

- विभिन्न पूर्वाधार विकास तथा निर्माण, उद्योगधन्दा, कलकारखाना स्थापना कार्यका लागि जग्गा प्राप्त गर्ने, मुआब्जा निर्धारण गर्ने, जग्गा धितो राख्ने, ऋण लगानी गर्ने, कर निर्धारण गर्ने, खरिद-बिक्री गर्नेलगायत प्रयोजनका लागि भूमिको वैज्ञानिक मूल्याङ्कन हुनुपर्छ । यससम्बन्धी सूचना सर्वसाधारणका लागि उपलब्ध हुने व्यवस्था जरुरी छ । जग्गा प्रशासनमा संलग्न आधिकारिक संस्थाको यसप्रतिको उदासीनताले गर्दा जग्गाको मूल्याङ्कन गर्ने कार्य गृह मन्त्रालय वा यस्तै अन्य निकायको कार्यक्षेत्रको हो कि भन्ने भ्रम पर्न गएको देखिन्छ । संसारका अधिकांश देशमा भूमिको मूल्याङ्कन गर्ने कार्य जग्गा प्रशासन गर्ने निकायको नै हुने गरेको छ ।

तसर्थ, नेपालमा पनि यस विषयलाई नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरी मन्त्रालयको कार्यक्षेत्रभित्र ल्याउनुपर्ने देखिन्छ । यसको मूल्याङ्कनका लागि निश्चित वैज्ञानिक आधारहरू र विधिमा एकरूपता अपनाउने व्यवस्था गर्नुपर्छ ।

- नेपालमा हाल प्रचलित जग्गा दर्ताको अवधारणामा प्रस्टता हुनु जरुरी छ । लिखत दर्ता वा हकदावी दर्ता कुन विधिलाई कसरी कार्यान्वयनमा लैजाने भन्ने नीतिगत पक्ष प्रस्ट भएपछि सोहीबमोजिम कानुनी व्यवस्था गर्न सहज हुन्छ । हाल यस विषयमा कुनै नीति वा कानुनमा प्रस्टसँग उल्लेख नभए पनि दुवै अवधारणाको मिश्रित विधि व्यवहारमा अपनाइएको पाइन्छ।यस सन्दर्भमा हाललाई मागमा आधारित हक दाबी दर्ता प्रणाली क्रमशः कार्यान्वयन गर्दै जानुपर्छ । व्यक्तिले कारोबार गर्न आउँदा वा व्यक्तिले माग गरेमा स्थलगत सर्वेक्षणमा आधारित कित्ताको चारैतर्फको सिमानामा निर्धारित सीमा चिह्न स्थापित गरी डिजिटल पद्धतिमा आधारित सिमाना कायम गर्ने र सोहीबमोजिम कित्तामाथिको जग्गा धनीको हक दाबी दर्ता गरी राज्यको तर्फबाट स्वामित्व प्रत्याभूत हुने पद्धति अवलम्बन गरिनुपर्छ ।

- हालसम्म नापजाँच नभएका वा दर्ता नभएका वा द्वन्द्वबाट क्षति भई स्रेस्ता पुनस्थापना गर्न लागेका वा ऐलानी, पर्ती वा अन्य सरकारी जग्गा नागरिकलाई उपलब्ध गराउँदा

वा पहिलोपटक वा क्रमिक वा निरन्तररूपमा दर्ता गर्दा भने छिटोछरितो, कम खर्चिलो र हाललाई उद्देश्य पूर्ति हुनेखालको विधि आवश्यकताअनुसार अपनाउन सकिने व्यवस्था गरिनुपर्छ ।

- व्यक्तिको नाममा नाप नक्सा भएको वा आवादी क्षेत्रबाहेकको सबै जग्गा सरकारका नाममा दर्ता हुनुपर्छ । कुनै पनि जग्गा नाप नक्सा गर्न वा दर्ता गर्न बाँकी छोडिनु हुन्न । हालसम्म कित्ता नापीको दायरामा नआएका हिमाल, उच्च पहाड, ठूला चरन क्षेत्र, घाँसे मैदान, नदी, नाला, ताल, तलैया, वन, बुट्यान, नदी उकास, बाटो, सडकलगायत सबै क्षेत्रको नाप नक्सा गरी उपयुक्त डिजिटल अभिलेख तयार गरिनुपर्छ ।

- विकासका गतिविधिसँगै सरकारी सार्वजनिक जग्गाको अतिक्रमण बढिरहेको छ । सरकारी जग्गा ओगटेर बस्ने, अवैध निर्माण गरी कारोबार सञ्चालन गर्ने र कालान्तरमा आफ्नो नाममा गर्ने प्रक्रियालाई निरुत्साहित र निर्मूल गर्न पनि प्रत्येक जग्गाको नक्साङ्कन र दर्ता गरी पुर्जा बनाउन जरुरी छ । स्थानीय सरकारसँग समेत उचित सहकार्य गरी मापदण्ड विपरित बसोबास गरेका वा अतिक्रमण गरेका जग्गा तत्काल हटाउनुपर्छ । र, भविष्यमा यस्ता अतिक्रमण हुन नदिने कडा प्रावधान बनाइ अनिवार्य कार्यान्वयन गर्नुपर्छ ।

- वास्तविक भूमिहीन पहिचान गरी परिचयपत्रका आधारमा आवासको हक सुनिश्चित गरिनुपर्छ। यस्तो जग्गा पुस्तेनी हस्तान्तरण गर्न सकिने तर बेच्न नपाइने व्यवस्था हुनुपर्छ। परम्परागतरूपमा बसोबास गर्दै आइरहेका एवं विर्ता, उखडा, बेनिस्सा, स्वबासीलगायत जग्गाभोग गरिरहेकाकै नाममा दर्ता गरिदिनुपर्छ । यस्तो पुर्जा दिंदा महिला र पुरुष दुवैको स्वामित्व हुनेगरी प्रदान गर्नुपर्छ ।

- गुठी जमिनलाई रैकरमा बदलेर तिरो लिने प्रचलन थालिनुपर्छ । किसानले खेती गरिरहेको गुठी जग्गा किसानकै नाममा दर्ता गरिदिनुपर्छ । गरिबीको रेखामुनि रहेका परिवारले कमाइरहेको जग्गा निःशुल्क र अन्यको हकमा भने जग्गाको क्षेत्रफल हेरी निश्चित शुल्क लिएर दर्ता गर्नुपर्छ । गुठी सम्पदाले ओगटेको जग्गा गुठीकै नाममा रहनेगरी दर्ता गर्ने र गुठी सञ्चालनका लागी कोष खडा गरी सामुदायिक व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्नुपर्छ ।

- सुकुमवासी, कमैया, कमलरी, हलिया, हरुवा।चरुवा, मुसहर, भूमिहीन दलित वा अन्य वर्गलाई जग्गा उपलब्ध गराउँदा दम्पती भएको हकमा संयुक्त पुर्जा उपलब्ध गराउनुपर्छ। संयुक्त पुर्जाको हालको अभ्यासलाई अझै सरल र सहज बनाउन आवश्यक कार्यविधि

बनाइ लागु गर्नुपर्छ । महिलालाई जग्गा रजिस्ट्रेसनमा दिँदै आएको छूटलाई निरन्तरता दिनुपर्छ। पैत्रिक सम्पत्तिमा छोरा र छोरीको समान हक हुने संवैधानिक व्यवस्थालाई पूर्णतः कार्यान्वयनमा ल्याउन कानुनी व्यवस्थाका साथै व्यावहारिक कार्यान्वयनका लागि अभियान नै सञ्चालन गर्नुपर्छ ।

## सेवा प्रवाहसम्बन्धी

- विकास निर्माण (गैरकृषि) कार्यमा भूमि प्रयोगको विधि र प्रक्रिया निर्धारणमा समेत भूमि प्रशासन निकायको संलग्नता जरुरी देखिन्छ । प्रकोपबाट भएको क्षतिको पुनर्निर्माण, पुनस्र्थापना, पुनर्बास, ठूला आयोजनाहरूको जग्गा प्राप्ति जस्ता प्रक्रियामा हाल देखिने गरेको ढिलासुस्तीमा जग्गासम्बन्धी समस्या पनि प्रमुख कारण देखिन्छ । विकास निर्माण आयोजनाका लागि जग्गा एकीकरण, जग्गा पुनर्मिलान, सट्टाभर्ना, मुआब्जा वितरण, बाँडफाँट जस्ता विभिन्न विधिमध्ये उपयुक्त विधिको छनोट, आयोजनास्थलको नक्साङ्कन, हकभोग, अधिकार र स्वामित्वसम्बन्धी सवालहरूको निरूपण, लगत कट्टा र अद्यावधिक जस्ता विषयमा भूमि प्रशासन निकायको निर्णायक भूमिका सुनिश्चित गरिनुपर्छ ।

- एकदमै कम समय र सस्तो मूल्यमा अत्यन्तै गुणस्तरीय सेवा उत्पादन र वितरण परस्पर विरोधाभाषी विषय हुन् । त्यसमा पनि जग्गा जस्तो व्यक्तिको सबैभन्दा ठूलो अचल सम्पत्तिको हक हस्तान्तरण जस्तो प्राविधिक, कानुनी र प्रशासनिकरूपमा झन्झटिलो विषयको सेवा १ दिनमा प्रदान गर्ने कार्य संसारको कुनै देशमा हुने गरेको छैन ।

हाल नेपालमा जग्गा प्रशासनको क्षेत्रमा देखिने विकृतिमध्ये अधिकांश कमजोर अभिलेख प्रणाली र पर्याप्त छानविन नगरीकनै हतार हतारमा प्रदान गरिने सेवाका कारण हुने गरेका छन् । उदाहरणका लागि, ससिम कित्ताको हक हस्तान्तरण गर्दा नापी कार्यालयमा रहेको नक्सा वा फिल्डबुक हेर्ने वा रुजु गर्ने कामसम्म भएको पाइँदैन । नगर क्षेत्रको कित्ताकाट गर्दा कार्यविधिमा उल्लेख भए पनि फिल्डमा गई कित्ता एकीन गर्ने कार्य गरिँदैन । यसबाट विभिन्न किसिमका दूषित कार्य हुने र सेवाग्राहीको सर्वस्व नै गुम्नेसम्मका घटना हुन सक्ने सम्भावना रहन्छ ।

तसर्थ, जुनसुकै किसिमबाट पनि जग्गाको हक हस्तान्तरण गर्दा सम्पूर्ण कागजात अध्ययन गर्ने, नापी र मालपोत दुवै कार्यालयको अभिलेखसँग भिडाउने र आवश्यकताअनुसार फिल्डमा एकीन गर्ने र हक हस्तान्तरणपश्चात अभिलेख तत्काल अद्यावधिक गर्ने कार्य गर्नुपर्ने हुन्छ । उल्लेखित कार्यका लागि आवश्यक न्यूनतम समय लिइ गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था गरिनुपर्छ ।

एउटा मालपोत वा नापी अधिकृतले एउटा हक हस्तान्तरण वा कित्ताकाटको फाइल अध्ययन गरी अभिलेख भिडाइ वा फिल्ड एकीन गरी काम तामेल गर्न कति समय लाग्छ, सोको भएको पाइँदैन । यसबाट एक जना कर्मचारीले वा अधिकृतले एक दिनमा कति काम गर्न सक्छ भन्ने एकीन गरी कार्यबोझका आधारमा थप कर्मचारी व्यवस्था गर्नुपर्छ ।

- विषयगत ज्ञान र सिप भएका दक्ष पेशेवर जनशक्ति अभाव यस क्षेत्रमा सधैं देखिने गरेको छ। हाल मालपोत कार्यालयहरूमा कर्मचारी आउन नमान्ने, कागजमा मात्रै आउने, आएका पनि कामको बारेमा थाहा नभएका हुने, धेरै दिन नटिक्ने जस्ता कारणले आधा जति जनशक्ति रिक्त रहेको अवस्था छ । नयाँ आउने जनशक्तिलाई तालिम नदिइ काममा लगाउन नसकिने र तालिम दिएका कर्मचारी छिटोछिटो सरुवा भइजाने समस्यासमेत छ । एउटै सेवा प्राप्त गर्न कम्तीमा २ (नापी र मालपोत) कार्यालय धाउनुपर्ने अवस्था छ । यसबाट कार्यालयहरूको आपसी समन्वय अभाव र एकअर्कालाई दोष दिइ आफू जिम्मेवारीबाट पन्छने प्रवृत्तिसमेत देखिने र सेवाग्राहीले गुणस्तरीय सेवा प्राप्त नगर्ने समस्यासमेत देखिएका छन् । यसका लागि देहायबमोजिम व्यवस्था गर्न सकिने देखिन्छ :

- जिल्लास्थित मालपोत र नापी कार्यालयहरूलाई क्रमशः एउटै कार्यालयका रूपमा विकसित गर्ने । यसको सुरुवात हाल कम कार्यबोझ भएका हिमाली र उच्च पहाडी जिल्लास्थित कार्यालयबाट गर्ने । जग्गा प्रशासनसम्बन्धी ज्ञान, सिप र अनुभव भएका नापी अधिकृतहरूलाई हाललाई कार्यालय प्रमुखको जिम्मेवारी दिने । यसै सेवा समूहमा रहिरहने भएकाले पूर्वज्ञान र अनुभवसमेत हुने भएकाले अन्य कर्मचारीमा पनि यसै सेवा समूहका कर्मचारीलाई प्राथमिकता दिने ।

- त्यसैगरी आवश्यकताअनुसार अन्य कर्मचारीसमेत राख्ने । तराई, भित्री मधेसलगायत कारोबार बढी हुने र तत्काल कार्यालय एकीकरण गर्न नसकिने स्थानहरूमा दुवै कार्यालय एउटै घरमा हुने गरी वा एउटै पर्खालभित्र हुने गरी वा नजिकै हुने गरी मिलान गर्नुपर्ने । हाल भवन निर्माण हुने क्रममा रहेका वा हुन बाँकी कार्यालयहरूको संयुक्त भवन निर्माण गर्ने । कार्यालयको कार्य सञ्चालन प्रक्रिया र विधिसँग मिल्ने गरी र सूचना प्रविधिको प्रभावकारी कार्यान्वयन हुन सक्ने गरी सेवाग्राही वा सेवा प्रवाहमैत्री हुने गरी आधुनिक ढाँचामा भवन निर्माण गर्ने ।

- यसरी नै हाल सुरु गरिएको डिजिटलाइजेसन र अनलाइन प्रणालीको विकास र विस्तार गर्दै जाने । नापीतर्फको अभिलेखसमेत एकीकरण हुन सक्ने प्रणाली विकास गर्ने ।

पूर्णरूपमा एकीकृत प्रणालीको विकास भई केन्द्रीय अभिलेख तयार भएपछि प्रत्येक जिल्लामा जिल्लास्तरीय अभिलेख राखी जिल्लास्थित सबै स्थानीय तहबाट सेवाग्राहीले सबै आधारभूत सेवा प्राप्त गर्न सक्ने, सेवाग्राही जिल्लामा उपस्थित हुनु नपर्ने तर जग्गा प्रशासनसम्बन्धी मुख्य मुख्य कार्य जिल्लाबाटै सम्पादन हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाउने । यो व्यवस्थाको कार्यान्वयन आवश्यक परिमार्जन तथा विकाससहित क्रमशः सबै जिल्लामा गर्दै लैजाने । दीर्घकालीनरूपमा भूमि प्रशासन सेवा वा समूह गठन गर्ने विकल्पबारे गम्भीर अध्ययन गरी सोहीबमोजिम व्यवस्था गर्ने ।

- समस्त भूमि व्यवस्थाका क्षेत्रमा प्रयोग भइरहेका प्रविधिहरूबारे पनि पुनर्विचार गरिनुपर्छ। नाप-नक्सा र भूसूचना सङ्कलन, विश्लेषणसम्बन्धी प्रविधि छनोट गर्दा सजग हुनु जरुरी छ। छनोट गरिने प्रविधि नाप-नक्साको उद्देश्यअनुरूप, कम खर्चिलो र छिटोछरितो हुनुपर्छ। साथै प्रविधि आवश्यकताअनुसार भविष्यमा सजिलै विस्तार, विकास र स्तरोन्नति हुन सक्ने हुनुपर्छ । घना बस्ती, शहरी क्षेत्र, जग्गाको मूल्य र महत्व अत्यन्तै बढी भएको स्थानमा जग्गासम्बन्धी बढी विवाद रहेका स्थानमा कित्ताको सबै कुनामा सीमा चिह्न राखी कोअर्डिनेट गणना गरी पार्सल नक्सा बनाउने र हक दाबी दर्ता गर्ने प्रविधि अपनाउनुपर्छ। यस प्रविधिलाई एकैपटक देशभर लागु गर्नुको सट्टा आवश्यकता र मागबमोजिम क्रमशः विस्तार गर्दै जानुपर्छ ।

- हालसम्म नाप नक्सा र दर्ता नभएका स्थानमा उद्देश्य सापेक्ष विधीमा आधारित भूउपग्रह चित्र, हवाई फोटो वा ड्रोनबाट लिइएको इमेजबाट नक्साङ्कन गरी समुदायमा आधारित कित्ता पहिचान, नक्साङ्कन र अभिलेखन विधि अपनाउन सकिन्छ । जग्गाको हक हस्तान्तरणलगायत सेवा सञ्चालनका लागि हाल सुरु गरिएको अनलाइन प्रणाली देशभर सञ्चालन र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनुपर्छ ।

- भूमि व्यवस्थापनको प्रक्रियागत पक्षमा सुधार हुनु जरुरी देखिन्छ । परम्परागत प्रक्रियामुखी कार्यविधिको सट्टा सेवाग्राहीमैत्री हुने गरी प्रक्रियामा सुधार हुनुपर्छ । सेवाग्राहीले भर्नुपर्ने फारमको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, कार्यढाँचा लगायतमा सरलीकरण गर्न सकिन्छ। तर छिटोछरितो गर्ने नाममा कारोबारका क्रममा चेकजाँच गर्नुपर्ने विषय र गुणस्तरमा सम्झौता हुने गरी कार्य गर्नुहुँदैन । एउटा कारोबारसम्बन्धी सम्पूर्ण कार्य एउटै कार्यकक्षबाट हुने गरी प्रक्रिया सरलीकरण गर्ने, नापी र मालपोत कार्यालयहरूको कार्य एउटै छानामुनि हुने, सूचना, अभिलेख र तथ्याङ्क एउटै प्रणालीमा आबद्ध गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने देखिन्छ ।

- भूमि व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था छरिएर रहेका, एकापसमा बाझिनेखालका, कहीँ दोहोरो व्यवस्था भएका र कुनै हुनुपर्ने व्यवस्था पनि नभएका, झन्झटिला, परम्परागत मान्यता बोकेका, विरोधाभाषी, द्विविधायुक्तसमेत छन् । नेपालको संविधानले प्रत्याभूत गरेका प्रगतिशील व्यवस्था र राष्ट्रिय भूमि नीति २०७२ मा भएका व्यवस्था कार्यान्वयन गर्ने गरी विद्यमान ऐनहरूमा व्यवस्था भएको पाइँदैन ।

- साथै सङ्घीय शासन व्यवस्थाले सुनिश्चित गरेको विभिन्न तहको अधिकार क्षेत्रभित्र पर्ने कार्यहरू कार्यान्वयनका लागिसमेत ऐनमा व्यवस्था हुनुपर्ने देखिन्छ । तसर्थ उल्लिखित विभिन्न विषयको सम्बोधनका लागि हाल प्रचलनमा रहेका विभिन्न छुट्टाछुट्टै कानुनी व्यवस्थालाई आवश्यकताअनुसार सुधार, परिमार्जन र नयाँ थप गरी एकीकृत भूमि ऐनका रूपमा एउटै विस्तृत कानुन तयार गरी लागु गर्न जरुरी देखिन्छ ।

- भूमि व्यवस्थापनका क्षेत्रमा नितान्त खड्किरहने अभावको विषयमध्ये शोध तथा अनुसन्धान पनि एक हो । हाल यस क्षेत्रमा देखापरेका समस्या, ती समस्याको सामाजिक, आर्थिकलगायत क्षेत्रमा देखा परेका असर र त्यसको समाधानका लागि अपनाउनुपर्ने उपायहरूबारे कुनै शोध।अनुसन्धान भएका देखिँदैन । कुनै पनि पेशागत क्षेत्रको उन्नति प्रगति र विकासका लागि सो क्षेत्रमा गरिने अध्ययन, शोध।अनुसन्धानको ठूलो भूमिका हुने प्रस्ट हुँदाहुँदै पनि भूमि व्यवस्थापन क्षेत्रमा सो सुरु हुन सकेको छैन ।

- तसर्थ यस विषयको शोध।अनुसन्धानका लागि विभिन्न पेशागत सङ्घ।संस्था, सरकारी, गैरसरकारी क्षेत्र, विश्वविद्यालय आदिसँग सहकार्य हुनुपर्ने देखिन्छ । यसका लागि भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको नेतृत्वमा अनुसन्धान केन्द्र स्थापना गरी तत्काल काम अघि बढाउनुपर्छ । यसमा सरकारका तर्फबाट आवश्यक लगानी गरिनुपर्छ भने निजी क्षेत्रबाट समेत होस्टेमा हैँसे हुनु जरुरी छ ।

## कृषि सम्बन्धी

- सरकारी सार्वजनिक जग्गालाई "उपयोगमार्फत संरक्षण" (Protection through utilization) को अवधारणाअनुसार व्यवस्थापन गरिनुपर्छ । समुचित उपयोग नभएकै कारण सरकारी सार्वजनिक जग्गाको अतिक्रमण हुने गरेको छ । विशेषगरी नदी वा खोला किनारको जग्गा वा उकास भएको जग्गा, खाली जग्गा, हाल उपयोगमा नरहेका साविकका गौचरन, विभिन्न किसिमका ऐलानी, पर्ती वा वन सिमानासँग जोडिएका तर वन बुट्यान नभएका र बाँझो रहन गएका जग्गा क्षमता र उपयुक्तताका आधारमा उपयोगमा ल्याउन सकिन्छ ।

- उदाहरणका लागि, नदी वा खोला किनारको जग्गा वा उकास भएको जग्गा बगर खेतीका लागि उपयुक्त हुन सक्छ । यस्ता जग्गामा कायम जोखिम न्यूनीकरण गरी बगर खेती गर्न सकिएमा जग्गाको सदुपयोग हुने, उत्पादन बढ्ने, रोजगार सिर्जना हुने, समुदायको आय आर्जन हुने, आर्थिक अवस्थामा सुधार हुने जस्ता तत्कालिक लाभ प्राप्त गर्न सकिन्छ । यसका लागि यस्ता खाली जग्गा पहिचान गरी विभिन्न गाउँ, टोल, वडास्तरीय समूह गठन गरी विशेषगरी न्यून आय वर्गका महिला, दलित, मुक्त कमैया, मुक्त हलिया, हरुवा-चरुवा, मुसहरलगायत रोजगार र जीविकोपार्जनका दृष्टिले कमजोर र विपन्न वर्गका समूहलाई निश्चित समयका लागि तोकिएका सर्तअन्तर्गत उपयोगका लागि उपलब्ध गराउन सकिन्छ।

- सहकारी वा सामूहिक खेतीको अवधारणाअनुसार वा लिजमार्फत समेत स्थानीय तह अन्तर्गत यस्तो जग्गाको समुचित उपयोग सुनिश्चित गर्न सकिन्छ । यस्तो उपयोग स्थायी किसिमले वा लामो समयका लागि एउटै समूह वा व्यापारिक।व्यवसायिक प्रयोजनले भन्दा पनि छोटो अवधिका लागि, सामाजिक हित, ग्रामीण स्वावलम्बन, स्थानीय रोजगार तथा आय आर्जन, पिछडिएका वर्गको जीविकोपार्जनको अवधारणाबमोजिम गर्न सकिन्छ । ठूला सरकारी वा निजी जग्गा लामो अवधिका लागि व्यावसायिक उपयोग र उत्पादनका निम्ति लिजमा दिने छुट्टै कानुन बनाइ कार्यान्वयन गर्न सकिन्छ ।

- बदलिँदो आर्थिक, सामाजिक, जनसाङ्ख्यिक र राजनीतिक सन्दर्भमा अर्थतन्त्रलाई परम्परागत संरचनाबाट बाहिर निकालेर कृषिलाई उत्पादनमुखी बनाउन, नयाँ प्रविधिको प्रयोग गर्नुपर्छ। साथै व्यावसायिक स्वरूप दिई उत्पादकत्व बढाउन, खाद्य र कृषिसम्बन्धी उपजमा आत्मनिर्भर बन्न, कृषि भूमि र किसानको अन्योन्याश्रित सम्बन्धलाई नयाँ ढङ्गले परिभाषित गरी भूमिलगायत समग्र प्राकृतिक स्रोतको न्यायिक बाँडफाँट, उपयोग तथा त्यसको प्रतिफल वितरणमा सामाजिक न्याय स्थापित गर्न पहलकदमी थालिनुपर्छ ।

- नेपालको संविधानमा व्यवस्था भएको आवास, खाद्य र भूउपयोगलगायतका व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्नुपर्छ । यस्तो संवैधानिक व्यवस्थामात्र लागु हुने हो भने पनि भूमि र कृषिसँग जोडिएका अहिलेका अधिकांश समस्या स्वतः समाधान हुनेछन् ।

- कृषि भूमिको अत्यधिक र जथाभावी दोहन अनि तीव्र दरमा भइरहेको प्लटिङलाई रोक्नुपर्छ। खाद्यसम्बन्धी नागरिकको हक कुण्ठित हुन नदिन सम्पूर्ण भूमिलाई उपयोगका आधारमा वर्गीकरण गर्नुपर्छ । कृषियोग्य भूमिलाई गैरकृषि प्रयोग हुन दिनुहुन्न । साथै कृषियोग्य भूमि बाँझो रहन नदिने प्रबन्ध मिलाइनुपर्छ । साथै न्यूनतम जोतको आकार तोकी सोभन्दा

सानो आकारमा परिणत हुन नदिने व्यवस्था गर्नुपर्छ ।

- नदी उकास, हैसियत बिग्रिएका जग्गा विकास गरेर कृषियोग्य बनाउनुपर्छ । त्यसपछि त्यसमा सिँचाइ सुविधा र माटोको क्षयीकरण कम गर्न पर्याप्त लगानी गर्नुपर्छ । कृषि विकासको आधार भूमि सुधार भएकाले सिँचाइ, कृषि सडकलगायतका पूर्वाधार र अन्य आवश्यक लगानी जोडेर लैजानुपर्छ ।

## ३. अध्ययनको विषयः पशुजन्य पदार्थको उत्पादन लागतको अवस्था र कम गर्ने उपायहरू

परामर्शदाताः रामेश्वर सिंह पाण्डे, पशु आहारा तथा घाँसेबाली विज्ञ

## सारासं

पशुपालन व्यवसाय अधिकांश परिवारहरूको जीविकोपार्जको आधार हो । हाल बढ्दो पशुजन्य पदार्थ विशेषतः दूध र मासुको बढ्दो मागको कारण व्यावसायिक पशुपालन फस्टाइरहेको छ । व्यावसायिक पशुपालन विशेषतः वैदेशिक रोजगारीबाट फर्केका युवाहरू, उच्च व्यापारी घराना तथा विदेशबाट उच्च शिक्षालिई स्वदेश फर्किएकाहरूको आकर्षणको केन्द्र बन्दैगएको छ । तर, धेरै जसो व्यावसायमा उच्च उत्पादन लागत, आवश्यक प्रविधि तथा व्यावसायिक ज्ञान, र उच्च नश्लका पशुहरूको अभावका कारण सङ्लग्न उद्यमीहरूले आशातित आर्थिक फाइदा लिन सकिरहेका छैनन् । पशुपालनको क्षेत्रलाई दीगो, व्यावसायिक तथा बजार प्रतिस्पर्धी बनाउन पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा कमी नहुनेगरी उत्पादन लागत कम गर्नु अति आवश्यक रहेको छ ।

यस अध्ययन प्रतिवेदनको मुख्यउ उद्देश्य पशुजन्य पदार्थ विशेषतः दूध तथा मासुको उत्पादन लागतको अवस्थाको विश्लेषण गरी व्यवसायलाई बजार प्रतिस्पर्धी तथा नाफामूलक बनाएर कृषकहरूको आर्थिक अवस्थामा सुधार ल्याउने र सङलग्न व्यवसायीहरूलाई आफूले उत्पादन गरेको पशुजन्य पदार्थको लागत निकाल्न सक्षम बनाउने उद्देश्य रहेको छ । यो अध्ययन प्रतिवेदन राष्ट्रिय किसान आयोगका लागि २०७६ माघ २४ देखि फागुन २४को अवधीमा सम्पन्न गरिएको हो ।

अध्ययन प्रतिवेदन तयारीका लागि विशेषतः सम्बन्धित विषयका प्रकाशित, अप्रकाशित अनुसन्धानात्मक लेख, आलेख, प्रतिवेदन आदिको अध्ययन, विश्लेषण,सम्बन्धित विज्ञ, व्यावसायिक पशु उत्पादकहरू, पशुजन्य पदार्थको उत्पादन-प्रशोधनमा सङ्लग्न उद्यमीहरू तथा प्राविधिक तथा विकासे कार्यकत्र्ताहरूसँग पनि सरसल्लाह तथा छलफलहरू गरिएको छ । पशुजन्य

पदार्थको उत्पादन लागतका लागि खर्च हुन् सक्ने सम्भाव्य लागत, आवश्यक वस्तुहरू तथा तिनीहरूको तुल्नात्मक आर्थिक पक्षहरूका लागि पूर्वस्थलगत अध्ययन विश्लेषण गरिएका छन् ।

यस अध्ययनका केही सिमीतता पनि छन् जस्तो यस अध्ययन प्रतिवेदन तयारीका लागि गाई (जर्सी, होल्सटन), भैंसी (मुर्रा) को दूध र खसीको मासु (जमनापारी) र यसका क्रसलाई मात्र समावेश गरिएको छ । कुल लागत खर्चमा ज्यामीज्याला, औषधोपचार, ह्रासकट्टी, बैंक व्याज र विविध (विद्युत, पानी, कर आदि) उस्ताउस्तै हुने गरेको र कुल उत्पादन लागतमा करिब ३० प्रतिशत मात्र योगदान हुने भएकोले उत्पादन लागत विश्लेषणका लागि मुख्य कारकतत्वकोरूपमा रहेको पशु आहारामा विशेष रूपमा केन्द्रित गरिएको छ ।

नेपालमा पालिने पशुपन्छीहरूलाई तीन समूहमा बाँडिएको छः क) उग्ग्राउने जन्तु जस्तै गाईगोरु, भैंसीराँगा, याकचौंरी, बाख्राखसी, भेडा,आदि ख) नउग्ग्राउने जन्तु जस्तै सुँगुरबँगुर, खरायो, घोडागधा आदि, र ग) कुखुरा तथा अन्य चराचुरुङ्गी जस्तै कुखुरा, हाँस, टर्कि, अष्ट्रिच आदि । पशु विकास मन्त्रालय, २०१७ को तथ्याङ्क अनुसार हाल नेपालमा ७३,७६,३०६ गाईगोरु, ५२,७७,८१९ भैंसीराँगा, ४८,८६५ याकचौंरी, ११६,४७,३१९—बाख्राखसी, ८,००,७४९— भेडा, सुँगुरबँगुर १४,३५,३६९, खरायो ३२,२१३ लाख, घोडागधा ५५,८०८ र कुखुरा हाँस ७,२६,५०,४०२ रहेका छन् । पशु सेवा विभागका अनुसार नेपालमा कुल गाईगोरु मध्ये करिब १३% उन्नत जातका र उन्नत जातका भैंसीराँगा २६% रहेको अनुमान छ ।

ठूलो सङ्ख्यामा पशुपालन गरिए तापनि पशुजन्य पदार्थको उत्पादन नेपालमा केही न्यून रहेको पाइन्छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१९ को तथ्याङ्क अनुसार नेपालमा १४ प्रतिशत (१०,३९,५३८) दुहनी गाई र २९ प्रतिशत (१,५३५,९४८) दुहनी भैंसीबाट कुल दूध उत्पादन २०, ९२,४०३ मेटनमा भैंसीको दूध ६४% उत्पादन हुन्छ । त्यस्तै मासु ३,४६,१७९ मेटन, जसमा (राँगाभैंसीको मासु ५३.५ प्रतिशत, खसीबोकाको मासु २०.५ प्रतिशत र बाँकि अन्य रहेको छ ।

नेपालमा पाल्तु पशुहरूलाई खुवाइने आहारा तीन किसिमका छन् क) सुखा रेशादार पराल, छवाली, नल, ढोंड इत्यादि ,ख) घाँसेबाली र रूखका स्याउलाहरू र ग) अन्न, अन्नजन्य उपपदार्थ वा सन्तुलित दाना । नेपालमा पशुजन्य उत्पादन तथा उत्पादकत्व थोरै हुनुको कारण पोषणयुक्त आहाराको कमी र अन्य कारणहरूमा कमशल नश्ल, रोग तथा परजीवि, अव्यवस्थापनलाई मान्न सकिन्छ । नेपालमा सुखा आहाराको कमी १३% र टिडीयन ३५

%ले कमी रहेको अनुमान छ । नेपालमा विभिन्न स्रोतहरूबाट उत्पादन हुने पशु आहारा कुल २,४५,६४,४५१ मे.टन सुखा पदार्थ रहेको छ भनें आहाराको माग  २,७६,३७,८३१ टन रहेको छ । उत्पादित आहारामा परालले ७० प्रतिसत भन्दा बढी हिस्सा ओगटेको ले गर्दा उपलब्ध आहाराको पौष्टिकता न्यून रहेको छ  । जसले गर्दा पशु आहारामा दानाको प्रयोग अत्यधिक भएको पाइन्छ । नेपालमा ११० वटा दाना उद्योगहरू सञ्चालनमा रहेका छन् जसबाट बर्षेनी ७ लाख टन दाना उत्पादन हुने गर्छ । उत्पादित दानाको ८५ % कुखुराको र बाँकि गाईभैंसी, बँगुर माछा आदिको बनाइन्छ । दाना बनाउन चाहिने कच्चा पदार्थको ६० % विदेशबाट आयात गरिन्छ ।

नेपालमा पाइने विभिन्न किसिमका घाँसेबालीहरू र दानाको तुल्नात्मक अध्ययन गर्दा पनि उन्नत जातका कोसे घाँसबालीहरू दाना भन्दा बढी प्रोटिन भएका र मूल्यमा निकै किफायती पर्ने देखिन्छ । उदाहरणका लागि पराल जन्य आहारामा नगन्य मात्रामा प्रोटिन पाइन्छ भनें सबैभन्दा बढी कोसे भँइ वा डाले घाँसमा औसत २० प्रतिशत प्रोटिन पाइन्छ । विभिन्न किसिमका दानामा औसत १४ प्रतिशत मात्र प्रोटिन पाइन्छ ।

हाल नेपालमा २,८६० वटा दर्ता भएका दुग्ध उत्पादन गर्ने गाईभैंसी फार्महरू छन् जसमध्ये ८६ प्रतिशत गाई फार्म बाँकि १४ प्रतिशत भैंसी फार्महरू रहेकाछन् । यी फार्ममा ४२,६१३ गाईभैंसी पालिएका छन् । पालिएका गाईभैंसी मध्ये ४२ प्रतिशत दुहनी रहेका छन् । औसत प्रति फार्म १५ वटा माउ पालिएका छन् जसमा १३ माउ गाई र २ माउ भैंसी रहेका छन्। यी फर्महरूले जम्मा ९०९ हेक्टर जग्गामा मात्र विभिन्न घाँसेबाली लगाएको पाइन्छ । व्यावसायिक पशुपालन बढ्दो क्रममा रहेकोले हाल उपरोक्त तथ्याङ्कमा उल्लेख्य बृद्धि भएको छ । भेडाबाख्रा प्रवर्धन कार्यक्रम, २०७४ का अनुसार नेपालमा जम्मा १,९३१ बाख्राफार्महरू दर्ता भएका छन् । धेरै जसो व्यावसायिक फार्महरूमा आधुनिक किसिमको गोठ बनाइन्छ। गाईभैंसी तथा बाख्राहरूलाई थप आहारा, औषधि उपचार, नश्ल सुधार, आदिको व्यवस्था आवश्यकता अनुसार फार्ममा नै उपलब्ध गराइन्छ । चरनको सुविधा भएको अवस्थामा बाख्रा वा थारा, अनुत्पादक पशुहरूलाई दिउँसो करिब ६—८ घन्टा चरन वा बन-जङ्गलमा चराइन्छ ।

नेपालमा उन्नत जातका गाई ( जर्सी, होल्सटन) र भैंसी (मुर्रा)को लागि कुनै पनि आधिकारिक स्रोत केन्द्र नै छैन । सरकारी स्तरबाट यस क्षेत्रमा कुनै ठोस काम नै गरिएको छैन । हाल नेपालमा स्थापित धेरैजसो व्यावसायिक फार्महरूमा छिमेकी मुलुकबाट ल्याइएका छटनी गरिएका पशुहरूको वाहुल्यता छ । स्थानीय रूपमा कृत्रिम गर्भाधान गराइ जन्मिएका पशुहरूको

सङ्ख्यामा पनि हाल उल्लेखनिय वृद्धि भइरहेका छ । खसीका लागि स्थानीय, जमनापारी र हाल बोयर निकै लोकप्रिय रहेको छ ।

पशुजन्य पदार्थको उत्पादन लागत भन्नाले कुनै खास पशुजन्य पदार्थ मानौ दूध वा मासुको उत्पादन गर्न लाग्ने प्रति इकाई स्थीर तथा चालु पुँजीको योगलाई मान्न सकिन्छ । पशुजन्य पदार्थको उत्पादनका लागि स्थीीर र चालु पुँजीको लेखाजोखा गरी उत्पादित पशुजन्य पदार्थको मात्रासँग तुलना गरेर प्रति इकाई लागतको अनुमान गरिन्छ । उत्पादन लागतको जानकारी पशुजन्य पदार्थको उत्पादनमा सङलग्न व्यावसायी तथा उपभोक्ताहरूका लागि पनि आवश्यक हुन्छ । उत्पादन लागतमा प्रभाव पार्ने कारकहरूमा उपलब्ध पुँजी, व्याजदर, कर, व्यवस्थापन, आहारा, ज्यामीज्याला, स्वास्थ्य, व्यावसायको आकार, लगानीको सुलभता, व्याजदर, कर, पशूको मल्य, निमार्ण सामग्री, पशुको जात-नक्ष्ल र उत्पादन क्षमता, पशुहरूलाई दिइने दैनिक आहारा, पानीको मात्रा र गुणस्तर, पशुहरूको शारीरिक अवस्था स्वास्थ्य, पशुहरूको स्याहरसुसार तथा व्यवस्थापन अन्य कारणहरूमा उमेर, शारीरिक अवस्था आदि हुन् ।

व्यावसायिक दुग्ध उत्पादन फार्महरूमा करिब ४०० किलो शारीरिक तौल भएको दुधालू गाईभैंसीहरूलाई एक दिनमा औसत पराल ६ किलो, दाना वा चोकर ४.५ किलो र हरियो घाँस वा स्याउला करिब २ किलो दैनिक रूपमा खुआइने गरिन्छ । यस्तो आहारा एक उन्नत जातको गाईभैंसीको पेट भर्नका लागि राम्रो खुराकी हो तर पोषण र मूल्यको हिसाबमा उत्तम होइन । हालको मूल्यमा हिसाब गर्दा यस्तो आहारामा प्रति दिन, प्रति पशु रु ३२६.५०-खर्च हुन्छ । यसरी पराल र दाना खुआउँदा गाईको प्रति लिटर दूधमा आहाराको लागत ३२.६५-—खर्च हुन्छ र कुल उत्पादन लागत रु ४८.४-लिटर र भैंसीको दूधको उत्पादन लागत रु ५९.०- लिटर पाइएको छ । त्यस्तै मासु उत्पादनका लागि खसीको मासु प्रति किलो जीवित तौल रु २०८.०- पाइएको छ । कुल उत्पादन लागतको ७३% गाईको आहारामा र भैंसीको आहारा ७५.८ % हुने गरेको पाइयो त्यस्तै खसीको आहारा केवल ६२.५% आहारामा खर्च हुने देखियो । ह्रास कट्टि र बैंक व्याज दर गाई र भैंसीको दूध उत्पादनमा क्रमशः १५.४% र १२.३% पाइयो । यद्यपि भैंसी र गाईको खरीद मूल्य उस्ताउस्तै भएतापनि थारो भैंसीको बिक्री मूल्य करिब ५०% भएको तर थारो गाईको मूल्य ६.५ प्रतिशतमात्र भएकोले भैंसीको ह्रास कट्टी केही कम भएको हो । ज्यामीज्याला खर्चपनि गाई र भैंसीमा क्रमशः ९.४% र ९.७% पाइयो तर खसीमा दैनिक चराउनका लागि ज्यामी राखु पर्ने भएकोले खर्च १७.८% लाग्ने गरेको पाइयो । गाई र भैसीको दूध उत्पादन दैनिक १० लिटर र मासुको वृद्धिदर ९० ग्राम प्रति दिन रहेको छ ।

पशुहरूको बढी वृद्धि तथा उत्पादनकालागि थप दाना खान दिइन्छ  । यस अध्ययनले दाना र मकैमा बचत गर्न सकिने राम्रो सम्भावना देखाएको छ । प्रायः गाउँघरमा पालिने खसीलाई थप अन्न (विशेषतः) मकै खान दिइन्छ । यसरी खसीलाई मकै खान दिंदा एक वर्षमा २०९,६५२ टन मकै अर्थात रु ६ अर्ब २९ करोडको अन्न खाने रहेछ । मकैमा पोषकतत्व विशेषतः प्रोटिनको मात्रा करिब ७—८ प्रतिशत मात्र हुने भएकोले खसीको आवश्यक मात्रामा पोषण पाउन्न । बरु अन्नको साटो कोसे घाँस खान दिएमा बढी पोषिलो तथा धेरै सस्तो पनि पर्न जान्छ । त्यस्तै दाना उद्योगहरूमा पशुपन्छीहरूको दाना बनाउन कच्चा पदार्थको रूपमा ६० प्रतिशत जति मकैको प्रयोग गरिन्छ । यसरी दाना बनाउन ७ लाख ३८ हजार टन दाना बनाउन ४,४२,८०० टन मकै र खसीलाई खान दिन  २०९,६५२ गरी जम्मा ६५५४६२ टन मकै पशुपन्छीका लागि प्रयोग हुने गरेकोछ । जसको मूल्य रु ३०-किलोको दरले पनि १९ अर्ब ५७ करोड हुन्छ । यदि गाईभैंसीलाई कोसे घाँस खान दिएमा महँगो दाना लाई ७५ प्रतिशतसम्म प्रतिस्थापन गर्न सकिन्छ। त्यस्तै कुखुरा, बगुँर र माछाको आहारामा पनि कोसे जातको पोषिलो हरियो घाँस खान दिएमा २२,१४,०० टन दानालाई प्रतिस्थापन गर्न सकिन्छ जसको हालको मूल्य ९ अर्ब ९६ करोड पर्छ । दानाको दाँजोमा कोसे घाँसको मूल्य एक चौथाई मात्र पर्न जाने हुँदा पशुपन्छीहरूको उत्पादन क्षमतामा कुनै प्रभाव नपर्ने गरी रु ७—८ अर्ब बचत गर्न सकिन्छ जसले गर्दा विदेशीने रकमको पनि बचत हुन्छ । साथै मकैको अत्यधिक प्रयोगको बचत हुन गई खाद्यसुरक्षा पनि गर्न सकिन्छ ।

उत्पादन लागत घटाउनका लागि सबैभन्दा दीगो र किफायती तरिका भनेको घाँसमा आधारित दूध तथा मासुको उत्पादन हो् । दूध उत्पादनका लागि गाई वा भैंसीलाई महँगो दानाको साटो हरियो घाँस (कोसे—४० प्रतिशत) र अकोसे—६० प्रतिशत) मिसाएर दैनिक ४० किलो हरियो घाँस २ किलो पराल र आधा किलो दाना खान दिएमा जम्मा आहारा खर्चमा  ३०—३५ प्रतिशतले कटौती गर्न सकिन्छ र प्रति पशु प्रति दिन आहारा खर्च मात्र रु १४२.५० मात्र लाग्छ अर्थात प्रति लिटर दूध उत्पादनमा आहारा खर्च रु १४.२५ मात्र हुन्छ ।

मासुका लागि पालिने खसी, राँगा वा बगुँरबाट उचित फायदा लिन पोषकआहाराका साथै उन्नत नश्ल हुनु पर्दछ  उदाहरणका लागि मासु उत्पादनका लागि स्थानीय जातको खसीलाई चरन र मकै खान दिएर पाल्दा एक वर्षमा हालको अवस्थामा रु ४,२५४- बचत हुन्छ भनें त्यसै खसीलाई पोषिलो घाँस खान दिएमा रु ७,८१० नाफा लिन सकिन्छ । यदि उतिकै आहारा जमनापारीको क्रसलाई खान दिएर पालेमा एक वर्षमा रु १७,५५७ र बोयर पालेमा रु २६,५८० भन्दा बढी पाउन सकिन्छ ।

पशुजन्य पदार्थको दीगो तथा बजार प्रतिस्पर्धी उत्पादनका लागि घाँसमा आधारित दूध तथा मासु उत्पादनको व्यवस्था मिलाउनु पर्दछ । यसका साथै महँगो दानाको विकल्पमा घाँस संरक्षण, टियमआर एजोला, परालमा युरिया उपचार, यूरिया मोलासेस ब्लक, बाइपास प्रोटिन, पशु आहाराको रूपमा खेरगएका खाद्यसामाग्रीको प्रयोग, अपारम्पारिक सामाग्रीहरूको प्रयोग, तथा कीराजन्य जीवका प्रयोग पनि पशु आहाराको रूपमा गर्न सकिन्छ ।

नेपालमा घाँसमा आधारित दूध तथा मासु उत्पादनको अपार सम्भावना रहेको छ । नेपालको कुल भूभाग १ करोड ४७ लाख हेक्टर क्षेत्रफल मध्ये हाल ३० लाख ९१ हजार हेक्टरमा विभिन्न खालका बालीहरू लगाइन्छ । नेपालमा वर्षमा प्रायः एक बालीमात्र लगाइने हुँदा बाली सघनता कम छ । यसबाहेक कुल खेती हुने जग्गाको करिब १५ प्रतिशत आलीकान्ला, डिलले ढाकेको पाइन्छ । यस्तो आलीकान्लाले ढाकेको क्षेत्रफल करिब ४ लाख ६४ हजार रहेको छ । थोर बहुतमात्रामा यस्तो आली कान्लामा मास, अरहर आदि लगाइतापनि यस्ता आलीकान्लामा झार र प्राकृतिक घाँसहरू उम्रिएका हुन्छन । यस्तो आलीकान्लामा विभिन्न प्रकारका पोषिला बहुबर्षे घाँसेबाली लगाउन सकिन्छ। यस बाहेकका खेती गरिने कुल जग्गाको १० प्रतिशतमा धाँसखेती विस्तार गरिने हो भनें ३ लाख ९ हजार हेक्टरमा पशुहरूका लागि उन्नत घाँस लगाउन सकिन्छ । पशु सेवा विभागको तथ्याङ्क अनुसार हाल करिब ७०,००० हेक्टरमा मात्र विभिन्न घाँसेबाली लगाइन्छ।

त्यस्तै बाँझो जग्गाको ५० प्रतिशतमा कृषिबन प्रणालीमा घाँस र डाले घाँस लगाउन सकिन्छ त्यस्तै बन क्षेत्रको २५ प्रतिशतमा रूख भित्र घाँसेबाली विकास गर्न र खर्कको ६० प्रतिशत क्षेत्रमा खर्क सुधार गरेर कुल ३३ लाख ४० हजार हेक्टरमा घाँसेबाली विकास गर्न सकिन्छ। हाल नेपालमा २५ लाख ७५ हजार दुहनी गाईभैंसी छन् , यिनीहरूलाई २ रोपनीको दरले घाँस लगाउने जग्गा छुट्टाइए पनि जम्मा २ लाख ५७ हजार हेक्टर जग्गाको मात्र आवश्यकता पर्छ जुन सम्भाव्य क्षेत्रको ७ प्रतिशत मात्र हो । यसरी नेपालमा ३—५ वर्षको अवधीमा दूध उत्पादनको क्षेत्रमा स्वेत क्रान्ती गर्न सकिन्छ।

दीगो तथा बजार प्रतिस्पर्धी दूध तथा मासु उत्पादनको माध्यमले देशमा समृद्धि ल्याउन राष्ट्रिय किसान आयोगबाट निम्न रणनीतिहरू प्रस्ताव पेश गर्न सुझाउहरू दिइएका छन् क) घाँसेबालीमा आधारित पशुजन्य दूध, मासुको व्यावसायिक उत्पादनको अनिवार्यता , ख) आवश्यक नीति, नियम तथा कार्यक्रमको परिमार्जन, ग) उन्नत साथै बढी दूध र मासुका लागि गाईभैंसी र घाँसेबालीको स्रोत केन्द्र स्थापना, सुदृढिकरण आदि ।

उपरोक्त रणनीतिहरूको कार्यान्वयनका लागि संघ, प्रादेशिक तथा स्थानीय सरकारबाट नीजि तथा सहकारीहरूको सम्वन्वयमा निम्न कार्यक्रमहरू कार्यान्वयनका लागि सञ्चालन गर्नु पर्नेछः अ) दूध र मासु उत्पादनका लागि व्यावसायिक पशुपालन फार्मले अनिवार्यरूपमा घाँसेबालीमा आधारित  पशुपालन गर्नुपर्ने नीतिगत अनिवार्यता,  आ) उच्च जात तथा नस्लका दुधालु गाई (जर्सी र होलस्टन) र भैंसी (मुर्रा र नीलिरावी)को स्रोत केन्द्ररको स्थापना, गाई इ) प्रत्येक प्रदेश तथा भौगोलिक क्षेत्रमा घाँसेबालीको स्रोत केन्द्र सुदृढिकरण तथा स्थापना, ई) विपन्न तथा दलित वर्गलाई प्राथमिकता दिएर घाँसेखेतीको विस्तार तथा बिक्री वितरण प्रणालीको विकास, घाँसेबालीखेतीको विस्तार, कृषि बन, सामुदायिक बनमा घाँसखेती, चरन खर्क विकास आदि, उ) अन्नजन्य उपपदार्थको व्यवस्थापन, नियमन,  ऊ) पशुजन्य पदार्थको उत्पादन व्यावसायीहरूलागि पुँजी व्यवस्थापन, ए) घाँसेबालीमा आधारित व्यावसायिक दूध मासु उत्पादनका लागि ५ वर्षे विशेष कार्यक्रमको लागि राष्ट्रिय किसान आयोग अन्तरगत एक प्रोजेक्टको आवश्यकता रहेको छ ।

घाँसेबालीमा आधारित  दूध र मासु उत्पादनका लागि एक गाई वा भैंसीलाई २ रोपनी जग्गामा कुन कुन घाँसेबाली के कति अनुपातमा कुन कुन मौसममा लगाउने,  १० गाई वा भैसीका लागि चाहिने जग्गा, र एक रोपनीमा पाल्न सकिने ४ माउ बाख्रा तथा ५० माउ बाख्राका लागि चाहिने १५ रोपनी जग्गामा कुन कुन घाँस, के कसरी लगाउने सो को मोडेल पनि प्रस्ताव गरिएको छ ।

## पशुजन्य पदार्थको उत्पादन लागत घटाउनका लागि प्रस्तावित कार्ययोजना

### (Recommendations for the reduction of cost of livestock production)

दीगो तथा बजार प्रतिस्पर्धी दूध तथा मासु उत्पादनको माध्यमले देशमा समृद्धि ल्याउन राष्ट्रिय किसान आयोगबाट निम्न रणनीतिहरू प्रस्ताव पेश गर्न सुझाउहरू

### रणनीतिहरूः

- घाँसेबालीमा आधारित पशुजन्य दूध, मासुको व्यावसायिक उत्पादनको अनिवार्यता
- आवश्यक नीति, नियम तथा कार्यक्रमको परिमार्जन
- उन्नत बढी दूध र मासुका लागि गाईभैंसी र घाँसेबालीको स्रोत केन्द्र स्थापना, सुदृढिकरण,

## प्रस्तावित रणनीतिक कार्यक्रमहरू

उपरोक्त रणनीतिहरूको कार्यान्वयनका लागि संघ तथा प्रादेशीक सरकारी स्तर निकायले नीजि तथा सहकारीहरूको सम्वन्वयमा निम्न कार्यक्रमहरू कार्यान्वयनका लागि सञ्चालन गर्नु पर्नेछः

- व्यावसायिक पशुपालन फार्मका लागि घाँसबाली खेतीको अनिवार्यता व्यावसायिक पशपालन विशेषतः गाईभैंसी, बाख्राका लागि निर्धारण गरिएको उद्योग वा कम्पनी दर्ता गर्दा न्यूनतम पूर्वाधारहरूमा संसोधन गरी प्रति १० गाई वा भैंसी वा ५० माउ बाख्रा फार्मले न्यूनतम एक हेक्टर (२० रोपनी वा ३० कठ्ठा जग्गामा बारै महिना हरियो घाँस उपलब्ध हुने गरी कोसे र अकोसे मौसमी, बहुवर्षे र डाले घाँस खेती गर्नु पर्नेछ)
- उच्च जात तथा नस्लका दुधालु गाईभैंसी स्रोत केन्द्रको स्थापनाः संघ तथा प्रादेशिक सरकारको पहलमा नीजि—सहकारीहरूको लगानीमा प्रत्येक प्रदेशमा कम्तिमा एकएकवटा गाई र भैंसीको स्रोत केन्द्र स्थापना गर्ने । यस्ता स्रोत केन्द्रहरूमा गाईमा जर्सी र होल्स्टन तथा भैंसीमा मुर्रा र नीलिरावी नस्लका पशुहरू राख्न सकिने छ । स्रोत केन्द्रका लागि आवश्यक माउ पशुहरू विदेशबाट आयातका लागि संघ सरकारसँग  अनुरोध गर्न सकिने छ ।
- घाँसेबालीको स्रोत केन्द्र सुदृढिकरण तथा स्थापनाः प्रत्येक प्रदेश सरकारले भौगोलिक अवस्थितिको आधारमा तराई र मध्य पहाडी क्षेत्रका लागि र उच्च पहाडी क्षेत्रका लागि बेग्लाबेग्लै घाँसेबालीको स्रोत केन्द्र नीजि—सहकारीको सम्वन्वयमा सुदृढिकरण वा नयाँ स्थापना गर्ने ।
- अन्नजन्य उपपदार्थको व्वयस्थापन, नियमनः मानव आहारामा अनुपयोगी अन्नजन्य उपउदार्थ जस्तै ढुटो, चोकर, पीना, खुदोको पशु आहारामा उपयोगका लागि नीति नियमको परिमार्जजन, सुदृढिकरण तथा नियमन गरी बजार तथा बिक्री वितरणका सञ्जाल निर्माण गर्ने ।
- घाँसेबालीखेतीको विस्तार तथा बिक्री वितरण प्रणालीको विकासः प्रत्येक प्रदेश र स्थानीय सरकारले आफ्नो अन्तरगतमा रहेका बाँझो, पर्ती, खेती नगरिएका र प्राकृतिक चरन खर्कहरूको पहिचान गरी विपन्न, सुकुम्बासी, दलित र जनजातीहरूलाई प्राथमिकतामा राखेर बहुवर्षे तथा कृषि—बन प्रणालीको आधारमा पोषिलो घाँसको उत्पादन कार्यक्रम थालनी गर्ने। उत्पादित घाँसको बिक्री  तथा संरक्षणका हरिया घाँस बिक्री वा हे, साइलेज, टियमआर बनाएर गाईभैंसी, बाख्राभेंडा तथा याकचौरी पालन व्यवसायमा सङ्लग्न व्यावसायीहरूका लागि बिक्री वितरणको सञ्जाल बिस्तार गर्ने ।

- पशुजन्य पदार्थको उत्पादन व्यावसायीहरूका लागि पूँजी व्यवस्थापनः आवश्यक पुँजी, निमार्ण सामाग्री तथा माउ पशुपन्छीहरूका लागि सुलभ तथा सस्तो तरिकाले उपलब्ध गराउनु पर्ने र अनुदान सहुलियतको व्यवस्था पारदर्शी, निस्पक्ष हुनु पर्ने
- व्यावसायिक दूध मासु उत्पादनका लागि ५ वर्षे विशेष कार्यक्रमको आवश्यकता पोषिलो घाँसेबाली खेतीको विस्तार, हरियो, पोषिलो र संरक्षित घाँसको बिक्री वितरण, धाँसेबाली र व्यावसायिक पशुपालनका लागि आवश्यक नीतिनिर्माण र परिमार्जनका लागि एक विशेष कार्यक्रम आवश्यक रहेको छ । सरकारी स्तरमा विभिन्न विभाग, कार्यालय भएतापनि नियमित कार्यक्रमको अत्यधिक चापका कारण विशेष कार्यक्रमका लागि राष्ट्रिय किसान आयोग अन्तरगत पाँच वर्षे विशेष कार्यक्रमको थालनी अविलम्ब गर्ने ।

उपरोक्त रणनीति र प्रस्तावित कार्यक्रम राष्ट्रिय किसान आयोग अन्तरगत कार्यान्वयनका लागि "घाँसेबालीमा आधारित पशुजन्य उत्पादन आयोजना" को अवधारण पत्र पनि सङ्लग्न गरिएको छ । सो आयोजना नेपाल सरकारको आफ्नै स्रोत वा दातृनिकायको सहयोगमा ५ वर्षका लागि नमुनाको रूपमा सबै प्रदेशहरूमा प्रादेशिक सरकार तथा नीजिक्षेत्रको सहकार्यमा सञ्चालन गरिने छ

## ४. अध्ययनको विषय: कृषि प्रसार तथा अनुसन्धान सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहका संरचनामा समन्वयको स्थितिको अध्ययन

परामर्शदाताः देवेन्द्र प्रसाद यादव, पञ्च तत्व कन्सलटेन्सी सर्भिस प्रा.लि. काठमाण्डौं ।

### सारांश

कृषि क्षेत्र देशको अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा रहँदै आएको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७.६ प्रतिशत रहेको र ६०.४ प्रतिशत जनसंख्या आबद्ध भएको कृषि क्षेत्र आय, रोजगारी तथा खाद्य सुरक्षामा प्रत्यक्ष योगदान पुर्‍याउँदै आएको छ । देशलाई खाद्य सम्प्रभुत्व तुल्याउन र स्वाधीन समाजवाद उन्मुख समावेशी कृषि अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी वृद्धिको सुनिश्चितताको साथैनीतिगत, संरचनागत तथा संस्थागत सुधार आवश्यक छ । कृषिप्रसार र अनुसन्धानलाई किसानमैत्री बनाई आम किसानहरुको हक हित र अधिकारको संरक्षण एवं प्रवद्र्धन गर्दै कृषि क्षेत्रको दिगो विकासको लागि संघ, प्रदेश र स्थानिय तहमा उपलब्ध संरचनाहरु बीच समन्वय हुनु पनि त्यत्तिकै आवश्यक छ ।

दिगो कृषिको प्रवद्र्धन गर्ने लक्ष्य हासिल गर्न तीन वटै तहको सरकारका कृषि क्षेत्रका नीति,

योजना, बजेट तथ कार्यक्रममा समन्वय तथा सामञ्जस्यता एवं यथेष्ठ मात्रामा श्रोत र साधन परिचालन हुन अति आवश्यक देखिन्छ । श्रोत साधन परिचालनको सन्दर्भमा समग्र कृषि क्षेत्रको विकासका लागि राज्य सञ्चालन ब्यवस्थाको तीन वटै तहमा कृषि क्षेत्रको विकासका लागि आ—आफ्नै बजेट तथा कार्यक्रम रहेको छ ।नेपालको संविधानमा तीन वटै तहमा सहकारिता, सह—अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा आर्थिक, सामाजिक, पर्यावरण र सुशासन सम्बन्धी लक्ष्यहरु हासिल गर्नेगरी कार्य एवं योजना कार्यान्वयन गर्ने व्यवस्था छ ।

यसै सन्दर्भमा कृषि क्षेत्रको तीव्रत्तर विकासको लागि कृषि प्रसार तथा अनुसन्धानकोकार्य एवं योजना प्रणालीको अन्तर तह सम्बन्ध विकास तथा सफलकार्यान्वयन गर्न राज्य ब्यवस्थाको तीन वटै तहमा रहेका कृषि तथा पशुपन्छी विकासका लागि जिम्मेवार निकायहरुबीच समन्वय हुनआवश्यक नीतिगत, कानूनी तथा संरचनागत सुधार एवं भएकोसमन्वय संयन्त्र ब्यवस्थालाई प्रभावकारी एवं क्रियायाशील बनाई सो को आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गरिनुपर्ने देखिन्छ ।

आत्मनिर्भरमुखी कृषि, आम किसानहरुको हक हित र अधिकारको संरक्षण एवं प्रवद्र्धन, किसानमैत्री कृषि प्रसार र अनुसन्धान तथायसका लागि आवश्यक नीति, ऐन, नियम, योजना तजुर्मा तथा नीतिगत पृष्ठपोषणको लागि गठित राष्ट्रिय किसान आयोगलाई संघ, प्रदेश र स्थानीय तहमा रहेका कृषि तथा पशुपन्छिविकासका लागि जिम्मेवार निकायहरुबीचको समन्वयात्मक ब्यवस्थामा देखा परेका सकारात्मक एवं नकारात्मक पक्षहरुका साथै यस सम्बन्धि उपलब्ध तथा संकलित तथ्यलाई आधार मानी समन्वय संयन्त्रको सुधार, क्रियाशीलता र प्रभावकारी भूमिका निर्वाहमा यस अध्ययनले विशेष महत्व राख्नेछ ।

## सुझाव

- कृषि तथा पशुपन्छी विकास मन्त्रालयले समयसापेक्ष सार्वजनिक गर्ने नीति एवं कार्यक्रमहरुको सफल कार्यान्वयनमा सरोकार राख्ने संघीय, प्रादेशिक तथा स्थानीय सरोकारवाला निकायहरुको भूमिका, जिम्मेवारी एवं उत्तरदायित्वलाई प्रभावकारी बनाउन“समन्वय सयन्त्रहरु” को भूमिकालाई प्रभावकारी बनाई सो को आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गरिनु पर्ने।
- नेपालको कृषितथा पशुपन्छीक्षेत्रको विकासकालागि मार्गदर्शक रुपमा तयार गरिएको “कृषि विकास रणनीति”मा परिकल्पना गरिएको “सामुदायिक कृषि-पशु सेवा केन्द्र” हरुको स्थापनालाई प्राथमिकताका साथ अगाडी बढाई क्रियाशील बनाई स्थानीय स्तरमा प्राविधिक सेवा—टेवाको सुनिश्चितताामा जोड दिनु पर्ने ।

- राज्य सञ्चालनको लागि संबैधानिक ब्यवस्था अनुसारका तीन वटै तह अन्तर्गतका कृषि तथा पशुपन्छी विकासका लागि जिम्मेवार निकायहरुबाट सञ्चालित कृषितथा पशुपन्छी विकास कार्यक्रमहरु एउटै प्रकृतिका हुने भएकाले उपभोक्ता-सेवाग्राहीमा पनि अन्यौलता देखिएको तथा श्रोत—साधनको पनि दुरुपयोग भएको देखिएको हुनाले तीन वटै तहका कृषि तथा पशुपन्छी विकासका लागि जिम्मेवार निकायहरु बीचको तालमेललाई प्रबद्र्धन गर्न आवश्यक देखिएको । (सन्दर्भ पालिका स्तरीय कृषि-पशु विकास कार्यालय, प्रदेश स्तरीय कृषि ज्ञान तथा पशु सेवा विज्ञ केन्द्र एवं प्रधानमन्त्री कृषि आधुनीकिकरण आयोजनाको आयोजना कार्यान्वयन इकाई बीचको सहकार्य)

- कृषि प्रसार तथा अनुसन्धानका लागि जिम्मेवार निकायहरु बीच अपवाद बाहेक कुनै किसिमको कार्यगत समन्वय (Functional Coordination) नदेखिएको हुनाले तीन वटै तहमा यस्ता समन्वय (Coordination) आवश्यक देखिएको हुनाले यसका लागि विशेष पहल गरिनु पर्ने ।




- नेपालको संविधानले आत्मसात् गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय सोचलाई साकार पार्न र संविधानले व्यवस्था गरेको तीनै तहका सरकारको एकल तथा साझा अधिकारको सूचीहरुको प्रभावकारी कार्यान्वयनबाट मात्र यी उदेश्यहरु पुरा हुँदै जान्छन् । यसका लागि संघ, प्रदेश र स्थानीय तहको कृषि प्रसार तथा अनुसन्धान सम्बन्धी सरकारका नीति, योजना, बजेट तथा कार्यक्रममा समन्वय एवं सामञ्जस्यता हुनु आवश्यक हुन्छ ।




- विगतमा राष्ट्रियस्तरमा मात्र तजुर्मा हुने गरेको आवधिक योजना, मध्यकालीन खर्च संरचना, बजेट तथा वार्षिक विकास कार्यक्रम प्रदेश र स्थानीय तहमा पनि  तयार गर्नुपर्ने भएको छ । यो व्यवस्था प्रदेश र स्थानिय तहको लागि एउटा नयाँ अभ्यास हो । आवधिक योजना, मध्यकालीन खर्च संरचना

र  बजेट तथा वार्षिक विकास कार्यक्रमले राष्ट्रिय,प्रादेशिक र स्थानीय प्रथमिकता, श्रोत साधनको उपलब्धता र तिनको महत्तम परिचालन तथा रणनीतिक हस्तक्षेपका लागि सरकारलाई मार्गनिर्देशन गर्दछन् ।

- योजनाबद्ध विकासको छ दशक लामो अभ्यासका क्रममा राष्ट्रिय योजना आयोगले "नेपालको दीर्घककालीन सोच २१००" को आधारमा पन्ध्रौं योजना (२०७६।७७–२०८०।८१) तर्जुमा गरेको छ । यो योजना प्रदेश तथा स्थानीय तहमा तर्जुमा हुने आवधिक विकास योजनालाई पनि दीर्घककालीन सोच सहितको आधार तथा बृहत् खाका प्रदान गर्ने दस्तावेजका रुपमा रहने छ । तसर्थ, राष्ट्रिय,प्रादेशिक र स्थानीय तहकोकृषि तथा पशुपन्छी विकास योजनाबीच सामञ्जस्यता तथा समन्वय कायम गर्न यो प्रदेश स्तरीय योजना तजुर्मा दिग्दर्शन नमुना, २०७५ र स्थानीय तहको योजना तजुर्मा दिग्दर्शननमुना, २०७५ ले महत्वपूर्ण दस्तावेजका रुपमा कार्य गर्नेछ । यस दिग्दर्शनमा प्रस्ताव गरिएका ढाँचाहरुले सबै प्रदेश र स्थानिय तहका दस्तावेजहरु बीच एकरुपताल्याई तुलनायोग्य बनाउन महत्वपूर्ण योगदान दिनेछन् ।

**योजना तर्जुमाका आधारहरु**

- नेपालको संविधान
- विद्यमान ऐन, नियम
- विद्यमान राष्ट्रिय, प्रादेशिक र  स्थानीय नीतिहरु
- राष्ट्रिय।प्रादेशिक दीर्घककालीन सोच
- राष्ट्रिय।आवधिक योजना
- कृषि विकास रणनीति
- दिगो विकास लक्ष्य
- राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन
- प्रदेशको प्रमुख समस्या तथा सम्भावना
- स्थानीय तहको प्रमुख समस्या तथा सम्भावना

- प्रदेश सरकारमा सहभागी राजनीतिक दलको चुनावी घोषणापत्र

- स्थानीय तहमा सहभागी राजनीतिक दलको चुनावी घोषणा पत्रहरु

- संघीयता कार्यान्वयनको सहजीकरण कार्ययोजना, २०७५ अनुसार राष्ट्रिय योजना आयोगको नेतृत्वमा संघ, प्रदेश र स्थानीय तहका बीचमा आयोजना वर्गीकरण गर्ने व्यवस्था भएकोमा अन्तर प्रदेश परिषदको बैठकले निर्देश गरे अनुसार संघबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने कृषि कार्यक्रम-आयोजना वर्तमान स्थिति समेत देखिने गरी अद्यावधिक विवरण तथा सो संग सम्बन्धित दस्तावेजहरु समेत हस्तान्तरण हुने व्यवस्था अनुरुपकृषि तथा पशुपन्छी विकास कार्यक्रम एवं क्रियाकलापहरु गरिनु पर्ने ।

- प्रदेश र स्थानीयतहले विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७५ र समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ मा भएको व्यवस्था बमोजिम विशेष तथा समपुरकअनुदानबाट संचालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रम-आयोजनाहरु प्रस्ताव गर्नुपर्ने ।

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा गरिएकाव्यवस्थाका आधारमा कृषितथा पशुपन्छी विकासबजेटको प्रस्ताव हुनुपर्ने ।

- संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका कृषि तथा पशुपन्छी विकास कार्यक्रम।आयोजनाहरुको लागि सम्बन्धित तहले नै आवश्यक बजेट प्रस्ताव गर्नुपर्ने ।

- संघ, प्रदेश र स्थानीय तहबाट संचालन हुने आयोजना-कार्यक्रममा दोहोरोपना नआउने गरीकृषि तथा पशुपन्छी विकास सम्बन्धी बजेट तथा कार्यक्रम प्रस्ताव गरिनु पर्ने ।

## आगामी आर्थिक वर्षको विकास कार्यक्रम बाँडफाँडका आधारहरु

### (क) समष्टिगत आधार

- नेपालको संविधान—२०७२ को अनूसूची ५, ६ र ८ (अनुसूचीमा संलग्न) मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारको सूचीमा परेकाकृषि तथा पशुपन्छी विकास सम्बन्धीविषयहरु अन्तर्गतका कार्यहरु तत् तत् तहले सम्पादन गर्ने ।

- नेपालको संविधान—२०७२ को अनूसूची ७ मा उल्लेखित संघ र प्रदेशको साझा अधिकार तथा अनूसूची ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा परेकाकृषि

तथा पशुपन्छी विकास सम्बन्धी विषयहरु समेतका सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदन र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कार्यान्वयन गर्ने।

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेखित संघीय विषयगत मन्त्रालयहरुको जिम्मेवारीमा परेकाकृषि प्रसारतथा अनुसन्धानसंगसम्बन्धिततत् तत्कार्यहरु संघले सम्पादन गर्ने ।

- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेखित प्रादेशिक विषयगत मन्त्रालयहरुको जिममेवारीमा परेकाकृषि तथा पशुपन्छी विकाससंग सम्बन्धित तत् तत्कार्यहरु प्रदेशले सम्पादन गर्ने ।

### (ख) क्षेत्रगत आधार

(अ) शासकीय व्यवस्था एवम् सुशासन

#### (१) संघबाट संचालन हुने

- संघीय शासन प्रणाली र अन्तर प्रदेश समन्वय

- राष्ट्रिय तथा अन्तर प्रादेशिक आयोजनाहरुको नतिजा व्यवस्थापन

#### (२) प्रदेशबाट संचालन हुने

- प्रादेशिक शासन प्रषााली र अन्तर स्थानीय तह समन्वय

- प्रादेशिक तथा स्थानीयआयोजनाहरुको नतिजा व्यवस्थापन

#### (३) स्थानीय तहबाट संचालन हुने

- स्थानीय सुशासन र सेवा प्रवाह

### (ग) कृषि, भूमि व्यवस्था तथा सहकारी

#### (१) संघबाट संचालन हुने

- कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान, प्रयोशाला तथा क्वारेण्टाइन
- बजार श्रृंखला विकास र राष्ट्रियस्तरको कृषि सूचना तथा संचार एवम् बजार प्रवद्र्धन

- रासायनिक मल खरिद, आयात तथा अनुदान
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय स्तरका कार्यक्रम
- उन्नत बीउ बिजन खरिद, विकास, प्रवद्र्धन र सन्तुलित वितरण
- कृषि क्षेत्रको औद्योगिकीकरण सम्बन्धी कार्यक्रम
- पशु स्वास्थ्य, पशु रोग नियन्त्रण, महामारी नियन्त्रण, अनुसन्धान, उपचार र औषधि वितरण
- पशु नश्ल सुधार सम्बन्धी अनुसन्धान र व्यवस्थापन
- राष्ट्रियस्तरका खोप उत्पादन तथा व्यवस्थापन
- प्रधानमन्त्री कृषि आधुनिकीकण परियोजना अन्तर्गत जोन तथा सुपरजोनका कार्यक्रम
- सहकारी सम्बन्धी नीति, कानून, मापदण्ड, अनुसन्धान, समन्वय, तथ्यांक व्यवस्थापन र अनुगमन

**(२) प्रदेश तहबाट संचालन हुने**

- प्रदेशस्तरका उत्पादन केन्द्रीत कृषि तथा पशुपन्छी फार्म-केन्द्रहरु
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरु
- कृषि क्षेत्रको व्यावसायीकरण र बजारीकरण सम्बन्धी प्रधानमन्त्री कृषि आधुनिकीकण परियोजना अन्तर्गत जोन तथा सुपरजोन
- बीउ आपूर्ति र नियमन
- प्रधानमन्त्री कृषि आधुनिकीकण परियोजना अन्तर्गत ब्लक र पकेट विकास सम्बन्धी कार्यहरु

**(३) स्थानीय तहबाट संचालन हुने**

- कृषि तथा पशुउत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरु
- कृषि तथा पशु प्रसार सम्बन्धी कार्यहरु
- कृषि क्षेत्रको व्यावसायीकरण, बजारीकरण र औद्योगिकीकरणका उत्पादन वृद्धि कार्यक्रम

- प्रधानमन्त्री कृषि आधुनिकीकण परियोजना अन्तर्गत ब्लक र पकेट विकास सम्बन्धी कार्यहरु

**संबैधानिक ब्यवस्था अनुरुपका सुझावहरुः**

१. प्रदेश सरकारको स्थानिय तहसंगको समन्वय बैठक आयोजना हुन थालिए पनि स्थानीय तहसंगको समन्वयका लागिआवश्यककृषि तथा पशुपन्छी विकाससंग सम्बन्धित संरचना तथा संयन्त्र तयार अझै हुन सकेको छैन । यसले गर्दा प्रदेश र स्थानीय तहबीचआवश्यक समन्वय हुन सकेको छैन ।

२. स्थानीय तहसंग आवश्यक समन्वय नहुँदा प्रभावकारी रुपमाकृषि तथा पशुपन्छी विकाससंग सम्बन्धित बजेट तथा कायक्रर्म आवश्यकतानुरुप सम्पादन भइरहेको छैन । प्रदेश र स्थानीय तहले गर्नेकृषि तथा पशुपन्छी विकाससंग सम्बन्धितकाम, योजना तथा कायक्रर्मका विषयमा समन्वय गरी एकले अर्कालाई  जानकारी दिनुपर्छ । यसो हुँदा मात्रै योजनामा दोहोरोपना हुँदैन र अनावश्यक बजेट पनि खर्च पनि हुँदैन ।

३. संघ र स्थानीयकृषियोजनाबीचको पुलका रुपमा प्रदेश सरकारको अहम् भूमिका रहन्छ । प्रदेश योजना आयोगहरुले प्रदेश भित्रका स्थानीय तहको अवस्थानुसार सूचकको विकास गरी राष्टिय, प्रदेश र स्थानीयकृषि प्रसार तथा अनुसन्धान योजनाको अन्तरसम्बन्ध सुदृढ गराउन भूमिका खेल्नुपर्छ । यसो भए मात्र दिगो विकासका लक्ष्य स्थानियकरण हुन सक्छन् । नतिजामूलक कृषियोजना प्रणालीको अवलम्बनका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास अति जरुरी देखिन्छ । तीनै तहको कृषि तथा पशुपन्छी विकास आयोजना सम्बन्धी क्षेत्राधिकारको पूर्ण पालनामा ध्यान दिनुपर्ने र संघीय योजनामा प्रदेशले माग गर्नेकृषि योजना र प्रदेशमा स्थानीय तहले माग गर्ने कृषियोजनालाई सम्बोधन गर्ने परिपाटी विकास गर्न आवश्यक छ ।

४. कृषिप्रसार तथा अनुसन्धानयोजना प्रणालीलाई तहगत आबद्धताको माध्यमबाट अन्तर तहगत सम्बन्ध सुदृढ गर्न हालको योजना तर्जुमा प्रणालीमा सुधार गरी स्थानीय तहको कृषितथा पशुपन्छी विकास योजना तर्जुमामा जनताको प्रत्यक्ष सहभागिताका लागि बस्ति वा टोल स्तरमा योजना छनौट गर्ने परिपाटी विकास गर्न आवश्यक छ ।

५. जनताको सबैभन्दा नजिकको सरकार स्थानीय र त्यसपछि प्रदेश हो । जनताका लागि संघ–सिंहदरबार धेरै टाढाको सरकारहो । नागरिकलाई अधिकार सम्पन्न र सेवा प्रवाहलाई प्रभाावकारी गराउन प्रदेश र स्थानीयतहलाई बलियो बनाउनुको विकल्प छैन । सोच,

व्यवहार, अधिकार लगायतका दृष्टिले पनि प्रदेश र स्थानियतह बीच ठूलो खाडल छ, जसलाई पुर्न प्रदेश र स्थानीयतह बीच नियमित छलफल र अन्तरकृया जरुरी छ । यसका लागि प्रदेश समन्वय परिषदको दायरालाई फराकिलो बनाए्इ कृषि तथा पशुपन्छी विषयसंग सम्बन्धित समन्वय संरचना तथा संयन्त्र बनाउनु पर्छ ।

६. संवैधानिक कार्य जिम्मेवारी अनुरुप संघ, प्रदेश र स्थानीय तहसम्म श्रोत साधनको वितरण, जनशक्ति, संरचनागत तथा संस्थागत प्रवद्र्धन र सबलीकरण मार्फत शासकीय तथा वित्तिय संघीयताको कार्यान्वयन र सुदृढिकरण गर्न; प्रदेश तथा स्थानीय सरकारहरुको सकृय संचालनबाट राष्ट्रिय सोच "समृद्ध नेपाल, सुखी नेपाली"को कार्यान्वयन गर्न र लक्षित उपलब्धी हासिल गर्ने दिशामा कृषि तथा पशुपन्छी वार्षिक विकास कार्यक्रम र आयोजनाहरुको कार्यान्वयन र उपलब्धी मूल्यांकन हुने सुदृढ प्रणाली विकास गर्न अपरिहार्य रहेको छ ।

७. दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट, नीति तथा कार्यक्रम बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याईकृषि तथा पशुपन्छी प्रसार तथा अनुसन्धान बजेट तर्जुमामा विनियोजन कुशलता हासिल हुने गरी प्रस्ताव गर्ने व्यवस्था छ ।

८. कृषि तथा पशुपन्छी वार्षिकविकासकार्यक्रम तथा बजेट प्रस्ताव गर्दा सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५को प्रतिवेदनले दिएका सुझावहरु समेतलाई ध्यानमा राखीप्रस्ताव गर्ने रहेको छ ।

## ५. अध्ययनको विषय: उखुबालीको वर्तमान अवस्था, देखिएका समस्याहरु र तिनका सुधारका उपायहरु

परामर्शदाताः शम्भु प्रसाद खतिवडा (बाली विज्ञ)(निवर्तमान मुख्य वैज्ञानिक)

### वर्तमान अवस्थामा भएका समस्याहरुको समाधानका उपायहरु

हालको उखु उत्पादनको अवस्था र यसमा भएका समस्या समाधानका लागि चिनी उत्पादनमा आत्म निर्भर हुनु नै प्रमुख लक्ष हो । आत्म निर्भर हुनका लागि उखु उत्पादनको लक्ष्य आगामी ५ वर्षका लागि यस प्रकार लिनु पर्ने हुन्छ ।

### १. चिनीमा आत्म निर्भरताका लागि उखु उत्पादन कार्यक्रमः

विगत १० वर्षमा भएका २० हजार हेक्टर क्षेत्रफल विस्तार र ६ टन हेक्टर उत्पादकत्व वृद्धिलाई आत्मसात गर्दै आगामी ५ वर्षमा उत्पादकत्व तथा क्षेत्रफल विस्तारको लक्ष्य निम्नानुसार राख्न सकिन्छ ।

**क) क्षेत्रफल विस्तारः**

प्रतिवर्ष २ हजार हेक्टरका दरले विस्तार हुँदा पनि हाल भएको लगभग ७९००० हेक्टरबाट आगामी ५ वर्षमा जम्मा क्षेत्रफल ९० हजार हेक्टर हुने सजिलै अनुमान गर्न सकिन्छ ।

**ख) उत्पादकत्वमा वृद्धिः**

उत्पादकत्वमा भने हाल देखिएको राष्ट्रिय उत्पादन ४६ टन।हेक्टरलाई अथक प्रयासका साथ प्रभावकारी कार्यक्रम र नीतिगत सुधार गरी निम्नानुसार वृद्धि गर्नु पर्ने हुन्छ ।

**ग) उखु उत्पादन विशेष कार्यक्रमः**

यस कार्यक्रमका लागि प्रधानमन्त्री विशेष कार्यक्रम अन्तरगत वा प्रांतिय सरकारहरुले विशेष उत्पादन कार्यक्रम बनाई उखु उत्पादनका सम्भावित जिल्लाहरु मोरंग, सुनसरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, नवलपरासी, पूर्व, नवलपरासी पश्चीम, कपिल वस्तु तथा कंचनपुर गरी १३ जिल्लामा जोन तथा सुपर जोन कार्यक्रम बनाई आगामी आ.व. २० हजार हे. बाट शुरु गरी ५ वर्षमा ३० हजार हे. पुर्‍याउनु पर्ने छ । हाल उत्कृष्ट कृषकहरुले ७०—८० टन।हेक्टर उत्पादकत्व लिइरहेका अवस्थामा यस्ता विशेष कार्यक्रमहरुले भएका प्रविधिबाट नै उक्त उत्पादकत्व लिन सक्ने छन् र आगामी ५ वर्षमा ३० हजार हेक्टरमा ९० टन।हेक्टरसम्म उत्पादकत्व हासिल गर्न सक्ने छन् ।

**घ) राष्ट्रिय उत्पादकत्वमा वृद्धि ः**

२० देखि ३० हजार हेक्टरमा हुने उक्त कार्यक्रमले अन्य छिमेकी कृषक र क्षेत्रफलमा पनि प्रभाव पार्दै गर्दा ३ वर्षमा ५० टन।हेक्टर र ५ वर्षमा ५५ टन।हेक्टर दरले वृद्धि हुने अनुमान गर्न सकिन्छ ।

**ङ) राष्ट्रिय उत्पादनमा वृद्धिः**

माथि उल्लेख भए अनुसार कूल उत्पादनमा यस प्रकार वृद्धि हुनेछ ।

विशेष कार्यक्रम अन्तरगत ३० हजार हेक्टरबाट प्राप्त हुने परिमाण ३००००“९० टन।हेक्टर= २७००००० मे.टन

बाँकी अन्य क्षेत्रफल ६० हजार हेक्टरबाट प्रति हेक्टर ५५ टनका दरले हुने परिमाण ६००००“५५ टन।हेक्टर=३३००००० मे.टन

जम्मा उत्पादन हुने परिमाण = २७०००००+३३०००००=६० लाख मे.टन

च) उखु मिलको क्षमतामा सुधारः
उखु मिलहरुको कमाण्ड क्षेत्र र मेशिनहरुको क्षमताबाट हुन सक्ने सुधारबाट हाल उत्पादित उखु मध्ये क्रसिंगमा गएको परिमाण ५६% बाट ७०% सम्म वृद्धि हुन सक्ने अनुमान गर्न सकिन्छ । यसैले ६० लाख मे.टन मध्ये ७०% क्रसिंगमा गएमा हाल क्रसिंग भइरहेको परिमाण २० लाख मे.टन बाट वृद्धि भइ ४२ लाख मे.टन मिलहरुमा क्रसिंगका लागि उखु परिमाण प्रयोग हुनेछ । हालको चिनी उपलब्धी (Recovery) प्रतिशत ८.५% का आधारमा पनि ३ लाख ५७ हजार मे.टन चिनी उत्पादन हुनेछ । जुन गत वर्ष उत्पादित १,७८,००० मे.टन भन्दा दोब्बर परिमाण हो । यस प्रकार हालको देशको चिनीको माग २५००००—३००००० मे.टनको मागबाट ५ पाँच वर्षमा हुने वृद्धिको मागलाई समेत सम्बोधनगरी आत्म निर्भर हुन सक्ने सुनिश्चितता प्रदान गर्ने छ । यदि चिनी उपलब्धी रिकोभरी प्रतिशतमा ९—९.५% को वृद्धि भएमा यो परिमाण सजिलै प्राप्त गर्न सकिने अनुमान गर्न सकिन्छ ।

यसका लागि प्राविधिक क्षमतामा वृद्धि गर्नुका सार्थ नीतिगत सुधार समेत हुन आवश्यक छ जो निम्नानुसार उल्लेख गरिएको छ ।

## २. समस्या समाधानका प्राबिधिक तथा नीतिगत उपायहरु

### क) अनुसन्धानमा सुधार

१. नयाँ जातहरुको विकाश यसका लागि राष्ट्रिय उखुवाली अनुसन्धान कार्यक्रममा अध्ययनका लागि उखु जर्मप्लाज्म उपलब्धताको पहुँच बढाउने

- उखु मिलसँगको सहकार्य बढाई जातहरुको अध्ययनमा तिब्रता

- केन्द्रिय स्तरको पहलमा भारत सरकारको सहयोगमा उखुको जर्म प्लाज्म तथा जातीय परिक्षण अध्ययनस्थल नेपालमा गराई उपलब्धताको पहुँच बढाउने ।

२. दिर्घकालिन समाधानका लागि उखु प्रजनन कार्य गर्न पूर्वाधार विकाश गर्ने ।

म्युटेशन (Mutation) ब्रिडिग, टिस्यु कल्चर प्रविधि विकाश

यसका लागि राष्ट्रिय उखुवाली अनुसन्धान कार्यक्रमको क्षमता विस्तार गर्ने (मानव स्रोत विकाश तथा भौतिक संरचना सुधार गर्नु पर्दछ ।

३. वाली संरक्षण तथा वाली व्यवस्थाका अन्य पक्षका प्रविधि विकाश गर्ने ।

४. यान्त्रीकरण प्रयोगका लागि प्रविधि विकाश गर्ने ।

- कृषि औजार अनुसन्धान संस्थाहरुसँगको सहकार्य बढाई उपयुक्त उपकरणहरुको परिक्षण, दिजाइनिगमा तिब्रता ल्याउने ।

५. प्रदेशिक तथा भौगोलिक क्षेत्रको आवश्यकता अनुसार अनुसन्धान स्थलहरुको विकाश गरि अनुसन्धान कार्यक्रमलाई सबल बनाउने ।

६. विउ प्रसारण कार्यक्रममा सुधार गरि खेति प्रविधि सहित विउको पहुँच छिटोसँग कृषक समक्ष पुऱ्याउनुपर्ने ।

**ख) उखु प्रविधि प्रसारण**

उखु प्रविधि प्रसारणमा चिनी मिलहरुको कमाण्ड क्षेत्र किटान गर्ने र प्राविधिक सहयोग तथा समन्वयका लागि अनुसन्धान तथा प्रार्देशिक एवं स्थानीय सरकारहरुले कार्यक्रम बनाई संचालन गर्ने ।

१. उखु खेति क्षेँत्रहरुमा आवश्यकताको आधारमा जोन, सुपर जोन कार्यक्रमहरु गर्ने सलग्र गराउने, तालिमको व्यवस्था गर्ने ।

२. प्रदेश तथा स्थानीय स्तरमा भएका जनशक्तिलाई उखु विकाश कार्यक्रममा सलग्र गराउने, तालिमको व्यवस्था गर्ने ।

३. अनुसन्धान तथा उखु मिलले संचालन गर्ने कार्यक्रमहरुमा समन्वय गरि अनुदान, उत्पादन, बजारिकरण एव प्रविधि हस्तान्तरणलाई तिब्रता दिने ।

- उखु कृषकहरुको अभिलेख राख्ने

- बिमा तथा ऋण व्यवस्थापनमा सहजता

- यन्त्रीकरण प्रयोगमा कृषकहरुको पहुँच पुऱ्याउन कस्टम हायारिंग सेन्टरको व्यवस्था गर्ने ।

- उखुको मूल्य निर्धारणमा समन्वय

- उखुको भुक्तानी यथाशिघ्र कृषकहरुलाई दिने व्यवस्था

- उखु खेति विस्तार एव विउ उत्पादन तथा वितरणको सुलभ व्यवस्था गराउने ।

ग) उखु उद्योगहरुले गर्नुपर्ने कार्यक्रममा सुधार

- कृषकहरुको उखुको मूल्य भुक्तानी समय मै गर्ने

- मिलको क्षमता अनुसार उखु कृषकहरुलाई उखु उत्पादनका लागि प्राविधिक सहयोग पुऱ्याउनु, क्षेत्रफल तथा उत्पादन बढाउन कार्यक्रम बनाउनुपर्ने ।

- उखु उत्पादन बढाउन अनुसन्धान तथा प्रसारका निकायसँग समन्वय बढाउने ।

- मिलको क्रसिंगको क्षमता बढाउन पुराना मेशिनरी पार्टहरुलाई परिवर्तन गरि अपडेट गर्ने ।

- मिल नियमित रुपले चलाउने व्यवस्थाको लागि उखु परिमाण सुनिश्चितता हुन् कृषकहरु बीच अग्रिम समझदारी, चलानी दिने प्रक्रियामा सुधार।व्यवस्थित गर्ने । किसानहरुसँग उखु खेतिको सम्झौता गरी खेती गराउने जसले गर्दा मिलपनि सुचारउरुपले चल्ने र किसानहरु पनि निश्चिन्त भाई उखुखेती गर्न प्रेरित हुने छन् ।

- उखु खेति विस्तार गरि चिनीमा आत्मनिर्भर हुन नेपाल सरकारलाई उपयुक्त नीति बनाउन सहयोग गर्ने ।

**घ) नीति निर्माण निकायहरुमा हुनुपर्ने सुधार**

कृषि तथा पशु पन्क्षि एव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयहरुका तर्फबाट हुनु पर्ने सुधारहरुः

१. उखु खेति विस्तार तथा चिनीमा आत्मनिर्भर बन्न सबै सरोकारवालाहरुलाई समेट्ने गरि नीति निमार्ण गर्नुपर्ने (दुवै मन्त्रालयहरु)

२. उखु मूल्य निर्धारणमा सुधार गरि कृषकहरुले उखुको भुक्तानी समयमै पाउने व्यवस्थामा अग्रणी भूमिका बहन गर्नुपर्ने (दुवै मन्त्रालयहरु)

३. ३) कृषकहरु बीच मल, बिउ, प्रविधि, बिमा तथा अन्य आर्थिक सहयोग समयमै पुर्याउन

सबै सरोकार वालाहरु बीचको समन्वय प्रभावकारी बनाउने । (कृषि तथा पशु पंक्षी मन्त्रालय)

४. उखु तथा चिनिको माग र आपूर्तिलाई व्यवस्थित गर्न सबै क्षेत्रबाट उखु तथा चिनी बोर्डको माग भएकाले अधिकार प्राप्त उखु तथा चिनी विकास बोडेको स्थापना गर्ने जसले उखु खरिद तथा भुक्तानीको व्ययवस्था समेतलाई सहज बनाउने छ ।

५. उखुको सह उत्पादनको उचित व्यवस्थापनका लागि उद्योगीहरुसँगको समन्वयमा नीति निर्धारण गरि उखु उत्पादनलाई अझ बढी प्रभावकारी बनाउने (दुवै मन्त्रालय)

६. देशमा चिनी उत्पादनको परिमाणको आधारमा चिनी आयात गर्ने र स्वदेशी उत्पादनको बजारलाई प्रतिकुल हुनबाट नियन्त्रण गर्ने । (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय)

७. प्रभावकारी अनुगमनका लागि कृषि तथा पशुपंक्षी मन्त्रालयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, समेतका प्रतिनिधित्व गराई अनुगमन तथा समन्वयलाई प्रभावकारी बनाउने ।

८. सरकारी निकाय अन्रतगत रहेको वीरगंज चिनी कारखाना र लुम्बिनी चिनी मिललाई पनि चालु अवस्थामा ल्याउन पर्ने जसले गर्दा निजीस्तरमा भएका मिलहरुको विकल्प एवं नमूनाको रुपमा संचालन गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने छ ।

## ६. अध्ययनको विषय: दूध उत्पादनको लागत अध्ययन बिश्लेषण तथा लागत घटाउने उपायहरु बारे अध्ययन

परामर्शदाताः डा.दिनेश प्रसाद पराजुली, पिएच.डि.(पशु बिज्ञान)

## आगामी दिनमा अपनाउनु पर्ने कार्यहरु

हाम्रो देशमा दूध तथा दुग्ध पदार्थको माग बार्षिक ८—१० प्रतिशत को दरले बढिरहेको छ भने कृषकहरुको दूधको उत्पादन लागत बढि हुनगइ बजारमा आयातित दूधको मुल्य र गुणस्तर संग प्रतिस्पर्धा गर्न कठिन छ । दूधको उत्पादन लागत निकाल्ने प्रकृयामा धेरै कारकले असर पारेको हुन्छ । फार्मको आकार, फार्म रहेको भौगौलीक स्थान, दुधालु पशुको जात, पशु पालन प्रणाली र ब्यवस्थापकिय पद्यति  अनुसार दूधको उत्पादन लागत फरक पर्छ । दुधालु पशु पालनमा लाग्ने कुल खर्चमा ६०— ७० प्रतिशत खर्च आहारा ब्यवस्थापन मा लाग्ने भएको ले घांसमा आधारित पशु पालन गर्न सकेमा दूधको उत्पादन लागत कम हुन जान्छ। त्यस्तै उपयुक्त आहारा ब्यवस्थापन, प्रभाबकारी पशु स्वस्थ सेवा, बैज्ञानिक प्रजनन् प्रणाली अपनाइ

बजार सुनिश्चित गरेर पशु पालन गरेमा दूधको उत्पादन लागत कम गर्न सकिन्छ। साथै दूधको कारोवार गर्ने निजि दुग्ध उद्योग तथा सहकारीले आफ्नो ब्यवस्थापन चुस्त बनाई नोक्सान घटाउदै संचालन खर्च कम गर्न सकेमा कृषकहरुलाइ दूधको बढि मुल्य दिन सकिन्छ। तसर्थ दूधको उत्पादन तथा उत्पादकत्व बृध्दि गर्दै दूधको बजारिकरण बढाउन निम्न कार्यहरु अपनाउन सकिन्छः

दूध संकलन केन्द्रको संजाल फैलाउने र दूध प्रशोधन उद्योगहरुको क्षमता बिस्तार गर्ने ।

- नीतिगत पक्षलाई समेटने जस्मा काचो दूधको गुणस्तर कायम गर्ने, ब्यवसायिक डेरिफार्म संचालनको लागि न्यून ब्याजदरमा सहज रुपले ऋणको ब्यवस्था, प्रभाबकारी पशु बिमाको ब्यवस्था, उन्नत नश्लको दुधालु पशु श्रोत केन्द्रको संख्या बढाउने र नियमन गर्ने, दूधको मुल्य श्रृखला प्रणालीमा उपयुक्त कोल्ड चेन प्रणाली लाइ अनिबार्य रुपमा स्थापित गराउने।
- प्राबिधिक पक्षमा पशु आहारा खास गरि घांसको बिकास, पशु स्वास्थ सेवा र पशु प्रजनन् जस्ता कृयाकलापमा बढावा दिने ।
- सबै स्थानमा खासगरि दुग्ध पकेट क्षेत्रमा दूधको उत्पादन लागत समेत घटाउन सकिने गरि प्रभाबकारी पशु सेवा प्रशार कार्यक्रम लागु गर्ने ।
- दूधको उपभोग बढाउने (दूधको बिबिधिकरण, स्कुल मिल्क फिडिग, सुरक्षा निकायमा संलग्न सुरक्षाकर्मिहरुको रासनको मेनुमा दूधलाइ समाबेश गराउने आदि माध्यम बाट )।
- मध्यम स्तरिय प्राबिधिक तयार गर्ने ।
- सरकारी स्तरबाट अनुदान दिदा आफ्नै फार्ममा बाछि या पाडि हुर्काइरहेका (Replacement stock) डेरि कृषकहरुलाइ प्राथमिकतामा राख्ने । साथै गुणस्तरिय दूध उत्पादनको परिमाणको आधारमा अनुदान दिने ।

## अनुसूची ५ (प्रतिवेदन)

## प्रदेशस्तर किसान संघ/संगठन तथा संस्थाहरुको क्षमता अभिवृद्धि, कार्यशाला र गोष्ठीहरुको संक्षिप्त प्रतिवेदन







मिति २०७७/११/०९ र १७ गते प्रदेश नं. २ स्थित सर्लाही जिल्लाको नवलपुर स्थित उष्ण प्रदेशिय वागवानी विकास केन्द्र नवलपुरमा प्रदेशस्तर किसान संघ , संगठन र संस्थाहरुको क्षमता अभिबृद्धि कार्यशाला गोष्ठी कृषि सहकारीसंग सम्बन्धित विभिन्न क्षेत्रका करिव ८४ जनाको सहभागितामा सम्पन्न भएको थियो ।राष्ट्रिय किसान आयोगका  कृषि विज्ञ सदस्य श्री उदयचन्द्र ठाकुरज्यूले  राष्ट्रिय किसान आयोगले हाल सम्म संचालन गरेका गतिविधिहरु लगायतका सम्पूर्ण कार्यहरुबारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।त्यसै गरी नेपाल कृषि कृषि अनुसन्धान परिषदका निर्देशक डा. रामवरण यादवले नार्क परवानीपुरले हाल सम्म गरेका सम्पूर्ण अनुसन्धान र प्रविधि तथा सेवा प्रवाहका बारेमा र  उष्ण प्रदेशिय वागवानी विकास केन्द्र नवलपुर सर्लाहीका प्रमुख श्री पदम प्रसाद अधिकारीले केन्द्रको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

प्रस्तुत भएका कार्यपत्रहरु लगायत तराइमा उखु खेती गर्ने कृषकहरु भुक्तानी समस्या, आयोगको कार्यकम कृषि सेवा टेवाहरुको बारेमा छलफल तथा अन्तरक्रिया र सहभागीहरुबाट उठेका प्रश्न र जिज्ञासा बारेमा छलफल भएको थियो ।

**किसान संघ/संस्था र संजालका पदाधिकारीहरुबाट उठेका जिज्ञासा, समस्याहरु र छलफलका विषयहरुः**

- उखु खेती गर्ने कृषकहरुको भूक्तानी सम्बन्धमा ।
- कृषकलाई बैक तथा वित्तिय संस्थाहरुले उपलब्ध गराउने सरल कर्जा सम्बन्धमा
- कृषि कार्यालय कृषि ज्ञान केन्द्रबाट कृषकहरुलाई दिईने अनुदान रकम वास्तविक कृषकहरुले प्राप्त गर्न बढी प्रकृया मुखी रहेको ।
- कृषकहरुले आवश्यक परेको समयमा भने जति रसायनिक मलखाद नपाएको ।
- वितरण हुदै आएको रसायनिकमलको उपलब्धता समयमा पनि नभएको र प्रयाप्तता पनि नभएको ।
- खेती गर्न चाहने कृषकको हातमा जग्गा नभएको र लिजमा लिन चाहनेले पनि लामो समय सम्म नपाउने समस्या भएको ।
- साना तथा मझौला कृषकहरुकोहातमा सरकारी अनुदानहरु नपुगेको ।
- खुला सिमाका कारण आउने ताजा तरकरी खेतीले गर्दा नेपालकको तरकारीले प्रतिस्पर्दा गर्न नसक्ने अवस्था भएको ।
- साना कृषकहरुलाई उचित सरल कर्जा अनुदान र ऋण उपलब्ध गराउन किसान आयोगको भूमिका सम्बन्धमा ।
- जलवायू परिवर्तनका कारण साना कृषकहरुलाई बढी समस्या हुने गरेको यसबाट साना कृषकहरुमा प्रत्यक्ष परेको असर र प्रभाव बारेमा ।
- वन्यजन्तुबाट भएको बालिनाली तथा मानविय क्षतीको उचित क्षतिपूर्ति र यसबाट बच्न दिर्घकालिन समाधान उपायहरु।
- विभिन्न आयोजनाहरुबाट सरकारले वितरण गर्दै आएको अनुदान रकम एकद्धार प्रणाली बनाई Duplication हुनबाट कसरी बचाउने र वास्तिक कृषक उद्यमिहरु सम्म कसरी अनुदान पुरयाउने ।
- विदेशिने यूवा पलायनलाई कसरी कम गर्न सकिन्छ ।


❖ कृषकहरुलाई नगदमा अनुदान दिने प्रणाली भन्दा कृषि जन्य औजार र उपकरणमा दिनु पर्ने ।


❖ साना कृषकहरुलाई उचित सरल कर्जा अनुदान र ऋण उपलब्ध गराउन समस्या भएको किसान आयोगले भूमिका खेल्न आवश्यक भएको ।

❖ कृषि पेशालाई कसरी दिगो र मर्यादित तुल्याउन सकिन्छ।

## अनुसूची ६

कोरोना भाईरस (कोभिड-१९) का कारण भएको बन्दाबन्दी तथा निशेधाज्ञाबाट कृषि तथा पशुपन्छीजन्य उत्पादन र बजारीकरणमा उत्पन्न भएका समस्याहरू, समाधानका लागि कृषक, कृषि उद्यमी र सरोकारवाला निकायहरूसँग भएका छलफल अन्तरक्रिया र बैठकहरूबाट प्राप्त सुझाबहरू





मूलुकभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण जारी बन्दाबन्दी।निशेधाज्ञाले कृषि तथा पशुजन्य उत्पादन, उत्पादनमा प्रयोग हुने कृषिजन्य सामग्रीहरुको उपलब्धता तथा ढुवानीमा भएको अवरोधको कारणले कृषकहरुको उत्पादन ठूलो परिमाणमा क्षति भएको र किसानहरुले ठूलो मात्राको घाटा व्यहोर्नु परेकोछ । खासगरी पशुपालक, दुग्ध उत्पादक, तरकारी, फलफूल, मत्स्यपालक, कुखुरापालक, अन्डा उत्पादक, च्याउ उत्पादक, पुष्प उत्पादक, चिया उत्पादक, कफी उत्पादक, र अलैची उत्पादक समेतका किसानले आफ्नो उत्पादनको बजार गुमाउनु परेकोछ ।यस्तो अवस्थामा राष्ट्रिय किसान आयोगले कृषि क्षेत्रमा देखिएका समस्या र समाधानका उपायहरुका विषयमा कृषक, कृषि उद्यमी, नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरु बीच विभिन्न चरणमा अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो । छलफलबाट प्राप्त सुझावहरू समेतलाई समेटेर तपसिलका विषयहरुमा नेपाल सरकारका सम्बन्धित निकाय तथा सरोकारवाला निकायहरुबाट आवश्यक नीतिगत तथा कार्यक्रमिक व्यवस्था हुन र तिनको प्रभावकारी कार्यान्वयन गर्न राष्ट्रिय किसान आयोग हार्दिक अपिल गर्दछ ।

- कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङ्ग कर्पोरेसनमा रासायनिक मल मौजाद अवस्थामा रहेको भएता पनि आन्तरिक ढुवानीमा अवरोध श्रृजना भएको देखिएकोले नेपाल सरकार तथा सम्बन्धित निकायबाट यो अवस्थाको अन्त्य गरी मल, बीउको सहज आपूर्ती तथा वितरण गर्ने र सोको अध्यावधिक सूचना प्रवाह हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट

तत्काल पहल गरिनु पर्ने,

- रासायनिक मल खरिदका लागि Government to Government (GtoG) मार्फत गर्दा सबै हिसावले उपयुक्त हुने देखिएकोले समय मै खरीद प्रकृया अगाडी बढाउन नेपाल सरकारबाट तत्काल पहल गरिनु पर्ने,
- मल वितरण प्रणालीमा कृषकको माग अनुसार प्रयास नभएको र केही जिल्लाहरुमा कृषकले सहज रूपमा मल प्राप्त गर्न नसकेको भन्ने गुनासो आएकोले जिल्लाको मागअनुसार वितरण प्रणालीलाई व्यवस्थित गरिनु पर्ने,
- कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङ्ग कर्पोरेसनलाई मलमा प्रदान गरिने आगामी आ.व.को अनुदान रकम पेश्कीको रूपमा चालु आ.व. मा उपलब्ध गराईनु पर्ने,
- मल तथा बीउ बिजन ढुवानीमा अवरोध र रोकतोकका कारण बिक्री वितरण तथा उपलब्धतामा सुस्तता आएकोले सहज आपूर्तीको व्यवस्था गरिनु पर्ने,
- दूग्ध किसानहरुको बक्यौता रकम अविलम्व भुक्तानी गरिनु पर्ने,
- दूग्ध उत्पादक किसान, व्यावसायी र दूग्ध उद्योगहरुलाई सहुलियत दरको कर्जा उपलब्ध गराईनु पर्ने,
- यस्तै खालका महामारी तथा अनेक प्राकृतिक प्रकोप पर्दा दूग्ध किसान र दूग्ध उद्योगीहरुलाई राहत पुर्‍याउने उद्धेश्यले राष्ट्रिय दुग्ध विकास वोर्ड अन्तरगत रहने गरी एउटा छुट्टै कोष स्थापना गरिनु पर्ने,
- पशुमा गरिने कृतिम गर्भाधानको कार्यलाई प्रभावकारी रुपमा विस्तार तथा सो को लागि आवश्यक पर्ने लिक्युईड नाईट्रोजनको यथाशिघ्र व्यवस्था गरिनु पर्ने ।
- हाल कुखुरामा फैलिएको रानीखेत रोगको संक्रमणबाट कुखुरापालक कृषकहरु धेरै मारमा परेका छ्न र कोभिडको महामारीसंगै यसले थप जटिलताको रुप नलेला भन्ने अवस्था नरहेकोले राज्यका सम्बन्धित निकायले यस विषयमा थप अध्ययन गरी आवश्यक कदम चालिनु पर्ने,
- कुखुराको मासु, अण्डा तथा दाना ओसारपसार गर्न रात्री समयमा मात्र सवारी साधन गुड्न अनुमति भएकोले यस्ता सामाग्री ढुवानी गर्न गन्तब्य तर्फ जाँदा सहज भए पनि फर्कदाँ

अवरोध श्रृजना भएको भन्ने गुनासो आएकोले त्यस्ता साधनलाई निर्वाध संचलन हुन दिईनु पर्ने,

- कुखुरापालक कृषकको लागि सरल र सहुलियत दरको कर्जा, प्रभावकारी विमा, राहतका कार्यक्रम घोषणा गरिनु पर्ने,
- दानाको लागी आवश्यक पर्ने कच्चा पदार्थ आयातमा लगाईएको भन्सार तथा कर महशूलमा पुनरावलोकन गरी दाना उद्योग तथा मकै र भट्टमास उत्पादन गर्ने किसानको हितमा हुने गरी महशूल निर्धारण गरिनु पर्ने,
- यतिवेला आँप र लिचीको उत्पादन समय भएको तर बजारहरु निशेधाज्ञका कारण बन्द भएकोले प्रतिस्पर्धी बजारको अभाव भएको छ । यसैले फलफूल उत्पादन गर्ने किसानहरु आफ्नो उत्पादन सस्तो मूल्यमा विचौलियालाई बेच्न वाध्य छन । यस्तो अवस्थामा कृषकको उत्पादनको उचित मूल्यको सुनिश्चितताको लागि नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरुबाट आवश्यक पहल गरिनु पर्ने,
- यो समय फलफूलका विरुवा लगाउने समय भएकोले विरुवा उत्पादन, ढुवानी र लक्षित किसानहरु समक्ष सहज रुपमा पुर्‍याउन ढुवानीमा सहजीकरण गरिनु पर्ने,
- निषेधाज्ञाको समयमा पूष्प व्यवसाय ज्यादै प्रभावित भएको, बजारको अभावमा प्रायः सवै नष्ट भएको, तत्काले बजार सामान्य अवस्थामा फर्किने नदेखिएको अवस्थामा पूष्प व्यवसायी किसानलाई राहत प्रदान गर्न उनीहरुले लिएको कर्जाको ब्याज १ बर्षको मिनाह गर्नुपर्ने, बन्दाबन्दी अवधिभरको किस्ताको पूनर्तालिका गरी किस्ता सार्ने व्यवस्था र पूष्प व्यवसायका लगि १ प्रतिशत व्याजमा सुलभ कर्जा उपलब्ध गराईनु पर्ने,
- निषेधाज्ञाको समयमा जिउंदो माछाको बजारीकरणको लागि आवश्यक पर्ने अक्सिजनको सर्भसुलभ आपूर्ती गरिनु पर्ने,
- बन्दाबन्दी।निशेधाज्ञाको आदेशमा कृषि तथा पशुपन्छी उत्पादन सामग्री तथा उपजलाई अति आवश्यक वस्तुको रुपमा सूचीकरण गरिनु पर्ने,
- कृषि तथा पशुपालन क्षेत्रमा कृषि विमाको विस्तार गर्नु पर्ने र विगत वर्षहरुमा प्रदान गरिदैं आएको विमाङ्क रकमको ७५ प्रतिशत अनुदानलाई कायम गरिनु पर्ने,

- आत्मनिर्भर भएका कृषि वस्तुमा आयात रोकिनु पर्ने र वितरण प्रणालीलाई चुस्त दुरुस्त बनाईनु पर्ने,
- चैते धान भित्र्याउनेसमय हुन लागेकोले उक्त धानको न्यूनतम समर्थन मूल्य तत्काल तोकिनु पर्ने,
- मल, बीउ, सिंचाई, भण्डारण लगायतका कृषि कार्यमा प्रयोग हुने विद्युतमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरिनु पर्ने,
- कृषि क्षेत्रमा लगानी बृद्धि गर्न २ प्रतिशत ब्याजमा ऋण प्रदान गरिनु पर्ने,
- कृषि औजार र साधनहरुमा पूर्ण रुपमा भन्सार छुटको व्यवस्था गरिनु पर्ने,
- किसानहरुको हकहित र अधिकार संरक्षणको लागि किसान कोष खडा गरी किसानको हितमा कल्याणकारी कार्यक्रम संचालन गरिनु पर्ने,
- गरिब तथा श्रमजिवी किसानहरुलाई रासन कार्डको व्यवस्था गरी दैनिक उपभोग्य वस्तुहरुको उपलब्ध गराईनु पर्ने,
- कृषि क्षेत्रको योगदान अनुसार बजेट विनियोजन गरिनु पर्ने ।
- मल तथा बीउ बिजन ढुवानी, बिक्री वितरण तथा उपलब्धतामा सुस्तता आएकोले सहज आपूर्तीको व्यवस्था गरिनु पर्ने,
- कृषि जन्य बस्तुको व्यवस्थित बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनुपर्ने,
- कृषि श्रमिक, उत्पादक किसान र कृषिजन्य सामाग्री ढुवानी र बजारीकरण गर्ने कृषि उद्यमीलाइ कोरोना भाइरसबाट सुरक्षित राख्नका लागि खोपको व्यवस्था गरिनु पर्ने,
- चिया, कफी, माछा, तरकारी, च्याउ, पुष्प उत्पादक कृषकहरूका लागि सरल र सहुलियत दरको कर्जा, प्रभावकारी विमा, राहतका कार्यक्रम घोषणा गरिनु पर्ने,
- फलफूल र तरकारी उत्पादन गर्ने किसानहरु आफ्नो उत्पादन सस्तो मूल्यमा विचौलियालाई बेच्न वाध्य छन । यस्तो अवस्थामा कृषकको उत्पादनको उचित मूल्यको सुनिश्चितताको लागि नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरुबाट आवश्यक पहल गरिनु पर्ने,

- यो समय फलफूलका विरुवा लगाउने समय भएकोले विरुवा उत्पादन, ढुवानी र लक्षित किसानहरु समक्ष सहज रुपमा पुर्‍याउन ढुवानीमा सहजीकरण गरिनु पर्ने,
- निषेधाज्ञाको समयमा च्याउ व्यवसाय ज्यादै प्रभावित भएको, बजारको अभावमा प्रायः सवै नष्ट भएको, तत्कालै बजार सामान्य अवस्थामा फर्किने नदेखिएको अवस्थामा च्याउ उत्पादक किसानलाई राहत प्रदान गर्न उनीहरुलाइ विना धितो ऋणको ब्यवस्था, ५०% ढुवानीमा अनुदान र च्याउको बीमा सहज रूपमा हुने व्यवस्था मिलाउनु पर्ने,
- निषेधाज्ञाको समयमा पूष्प व्यवसाय ज्यादै प्रभावित भएको बजारको अभावमा प्रायः सवै नष्ट भएको, तत्कालै बजार सामान्य अवस्थामा फर्किने नदेखिएको अवस्थामा पूष्प उत्पादक किसानलाई राहत प्रदान गर्न उनीहरुले लिएको कर्जाको ब्याज १ बर्षको मिनाह गर्नुपर्ने, १ प्रतिशत व्याजमा सुलभ कर्जा उपलब्ध गराउनु पर्ने, बन्दाबन्दी अवधिभरको किस्ताको पूनर्तालिका गरी किस्ता सार्ने व्यवस्था र ५० प्रतिशत ढुवानीमा अनुदानको व्यवस्था गरिनु पर्ने,
- अमिला जातका फलफूलहरूमा Citrus greening को समस्या रहेकोले तराइ तथा पहाडबाट बेर्ना ढुवानी गर्दा आन्तरिक क्वारेन्टाइनलाइ व्यवस्थित गरिनु पर्ने,
- जिल्लागत रूपमा वितरण गरिएको रासायनिक मल कृषकको माग अनुसार प्रयाप्त नभएकोले चिया तथा कफीको बगानमा मलको अभावको कारण चिया उत्पादन घटेकोले समयैमा माग अनुसार मल वितरण प्रणालीलाइ व्यवस्थित गरिनुपर्ने, ।
- निर्यातजन्य कृषि बस्तु चिया तथा कफीको नियार्त प्रर्वदन गर्नका लागि नेपाल सरकारले नीतिगत सुधार गरी उत्पादक, उद्यमीलाइ प्रोत्साहन गर्ने कार्यक्रमहरू संचालन गरिनु पर्ने,
- चियामा विषादीको अवशेष देखिएकोले तेश्रो मूलकमा निर्यात गर्न असहज परिस्थिति भएकोले चिया उत्पादक कृषक व्यवसायी तथा कामदारहरूलाई सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनु पर्ने,
- अन्तराष्ट्रिय बजारमा अर्गानिक अर्थोडक्स चियाको माग धेरै भएकोले सो को लागि आवश्यक नीतिगत ब्यवस्था गरि सो अनुसार कार्यक्रम कार्यान्वयन गरिनु पर्ने,
- अन्तराष्ट्रिय बजारमा चिया विक्री गरेवापत कृषक व्यवसायी उद्यमीहरूलाइ दिदै आएको निर्यात अनुदान (incentive) विगत २ बर्ष देखि नपाएकोले सोको उपलब्धता हुने व्यवस्था

गरिनु पर्ने,

- बन्दाबन्दिको कारण अन्तराष्ट्रिय उडानमा अवरूद् भएकोले चियाको नमूना (sample) पठाउन समस्या भएकोले नेपाल सरकारले आवश्यक सहजीकरण गरिनु पर्ने,
- कफीको उत्पादन क्षेत्र विस्तार लगायत विभिन्न अनुसन्धनात्मक कार्यलाइ विशेष जोड दिइनु पर्ने,
- अलैचीमा विभिन्न खालका रोग किराहरूको प्रकोप भएकोले सोको नियन्त्रणका लागि ठोस कार्यक्रमका साथै बजारीकरणमा आवश्यक सहजीकरण गरिनु पर्ने,
- कृषिमा दिने अनुदानहरू सोझै कृषकले नै पाउने ब्यवस्थाका लागि आवश्यक व्यवस्था गरिनु पर्ने,
- नेपाली कफीको आन्तरिक बजारमा प्रवर्दन गर्न विशेष कार्यक्रमहरू संचालन गरिनु पर्ने,
- विदेशी माछा आयात नियन्त्रण गर्दै उत्पादनमा जोड दिनु पर्ने, माछाको आन्तरिक ढुवानीमा समस्या भएकोले सहज ढुवानीको लागि सहजीकरण गरिनु पर्ने,
- नेपाली मत्स्य क्षेत्रमा भुरा माछाको बजार प्रर्वद्रनमा जोड दिइनु पर्ने,
- मत्स्यपालन क्षेत्रमा यातयात तथा ढुवानीमा देखिएको समस्याका कारण माछाका दाना, फिड्स तथा सप्लाइमा समस्या देखिएकोले ढुवानीमा आवश्यक सहजीकरण गरिनु पर्ने,
- कालीमाटी समेत अन्य थोक बजारमा उत्पादक किसानका लागि स्थल उपलब्ध गरिनु पर्ने,
- माछाको बीमा प्रकृयालाइ सरलीकृत गरी मत्स्यपालक कृषकले सहज रूपमा बीमा गर्न सक्ने वातावरण निर्माण गरिनु पर्ने,
- माछाका भुरा उत्पादन ह्याचरी निर्माणको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्ने,
- सघन माछा पालन प्रविधि, सौन्दर्य माछा पालन प्रवर्दनका लागि सरकारी नीजि क्षेत्रको साझेदारीमा कार्यक्रम संचालन गरिनु पर्ने,
- माछा भुरा ढुवानी गर्दा अक्सिजनको अभावले असहज वातावरण भएकोले भुरा वितरण

प्रणाली व्यवस्थित गर्न आवश्यक पहल हुनुपर्ने ।

- समग्र कृषि क्षेत्रमा कोभिडको प्रभावहरु अध्ययन गरि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनु पर्ने,
- कृषि तथा पशुपालन क्षेत्रमा कृषि विमाको विस्तार गरिनु पर्ने र विगत वर्षहरुमा प्रदान गरिदैं आएको विमाङ्क रकमको ७५ प्रतिशत अनुदानलाई कायम गरिनु पर्ने,
- आत्मनिर्भर भएका कृषि वस्तुमा आयात रोकिनु पर्ने र वितरण प्रणालीलाई चुस्त दुरुस्त बनाईनु पर्ने,
- मल, बीउ, सिंचाई, भण्डारण लगायतका कृषि कार्यमा प्रयोग हुने विद्युतमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरिनु पर्ने,

कोभिड लगायत बिभिन्न प्राकृतिक प्रकोपका कारण कृषि क्षेत्रमा भएको क्षतिको आकंलन गरी किसानको लागि आवश्यक राहतका विशेष कार्यक्रम संचालन गरिन, यो अवस्थामा पनि स्वास्थ्य मापदण्डलाई पूर्ण रुपमा पालना गरी आन्तरिक बजार र ढुवानी सेवालाई अविलम्व नियमित रुपमा संचालन गर्न नेपाल सरकार र सबै सरोकारवाला निकायहरुसंग हार्दिक अपिल गर्दछौ ।

# अनुसुची ७

## आयोगद्धारा गरिएका अनुगमन प्रतिवेदनका सार संक्षेप

कृषि क्षेत्रमा संचालित आयोजनाहरुको अनुगमन गरी प्रतिवेदन तयार पार्ने कार्यक्रम अन्तर्गत खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना धनुषा र सप्तरी कल्ष्टरको अनुगमन रिपोर्ट ।

नेपालको संविधान २०७२ ले हरेक नेपाली नागरिकको खाद्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थान दिएको छ । जसले प्रत्येक नेपाली नागरिकलाई खाद्य सम्बन्धी हक, खाद्य बस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थावाट सुरक्षित हुने हक र कानुन बमोजिम खाद्य संम्प्रभुताको हक हुने स्पष्ट ब्यवस्था गरेको छ । संविधानको यो ब्यवस्था दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals (SDGS) संग अनुकुल छ ।)

संम्विधानले खाद्य सम्प्रभुताको हक प्रत्याभूति गरेको सन्दर्भमा ADS(२०१५-३५)को आधारपत्रले खाद्य सम्बन्धी हकको सुनिश्चीतताका लागि गरिबी न्यूनीकरण र कृषि जन्य उत्पादन र उत्पादकत्व वृद्धि जलवायु परिवर्तन असरहरुको न्युनीकरणहरु खाद्यको उपलब्धता साथै पोषण ब्यवस्था सुधारका लागि नेपाल सरकारले World Bank को ।ऋण सहयोगमा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (FANSEP) शुरु गरेको छ ।

यो (FANSEP) आयोजना तराईका ४ जिल्ला र पहाडका ४ जिल्ला गरि जम्मा ८ जिल्लामा देशले निरन्तर सामना गर्नु परेका वाढी, पहिरो जस्ता विभिन्न प्राकृतिक प्रकोप र भूकम्पले क्षति पुर्‍याएका जिल्लाहरु जस्तै गोरखा, धादिङ, सिन्धुपाल्चोक, दोलखा, धनुषा, महोत्तरी, सिराहा र सप्तरी जिल्लाका ४ वटा कल्ष्टर २-२ जिल्ला हेर्ने गरी कायम गरिएको छ । यस आयोजनाले गरिवी न्युनीकरण र पोषण सुधारको लागि खाद्य उत्पादनमा २५% तरकारीमा ३०% दुधमा ३५% र मासुमा ४०% बृद्धी गर्ने लक्ष अनुरुप कार्यक्रम सचालन गरेको छ।

यस आयोगको दोस्रो चौमासिकमा संचालन गर्नु पर्ने कृषि क्षेत्रमा संचालित आयोजनाको अनुगमन गरि प्रतिवेदन तयारी कार्यक्रम अन्तर्गत आयोगका सदस्य श्री सदस्य भानुभक्त सिग्देल र उदयचन्द्र ठाकुरको नेतृत्वमा कृषि अर्थ विज्ञ चिरञ्जीवि अधिकारिको टिम २ वटा कल्ष्टर धनुषा, महवत्तरी र सिराहा, सप्तरी जिल्लामा मिति २०७७/११/५ गते देखि २०७७/११/१० सम्म भ्रमण अवलोकन गरेको थियो । उक्त FANSEP अन्तर्गत कल्ष्टरको संचालित कार्यक्रम फिल्डमा गई अनुगमन गरी तल उल्लेखित अनुसार रहेको छ ।

## कल्ष्टर धनुषा

| क्र.स. | जिल्ला | गाउँपालिका | लाभग्राही छनौट सर्वेक्षक | समुह गठन |
|---|---|---|---|---|
| १. | धनुषा | मुखियापट्टी, मुसरनीया, धनौजी | ४ वटा पालिकाको २४ वार्डमा सम्पन्न | लक्ष -४३४<br>प्रगती-२४८<br>फाल्गुन महिना भित्रमा समुह गठन कार्य पुराहुने |
| २. | महोत्तरी | पिपरा, एकडाडा | | |

## कल्ष्टर धनुषाको वास्तविक अवस्था

- समुह गठन कार्य FAOले कर्मचारी भर्ना गर्न ढिलाई भएकोले समयाभावले समयमा सम्पन्न गर्न नसकिएको ।
- प्रत्येक पालीकामा FAO का २ वटा पशु प्राविधिक २ वटा कृषि प्राविधिक र २ वटा पोषण प्राविधिक कार्यरत रहेका छन् ।
- हाल पालिकामा फार्म कृषक पाठशाला २८ वटा संचालनमा रहेका

१. वालीमा (गहु, आलु, तरकारी) २१ वटा
२. पोषणमा ७ वटा

३. पशुसेवा तर्फ हालसम्म फिल्ड स्कुल संचालन नआएको ।

## साना र मझौला खालका कृषकहरुलाई अनुदानको कार्यक्रम रहेको

१. साना अनुदान पोषणमा सुधार गर्ने -४७ वटा समुहलाई ५ लाख ।

२. पुरक अनुदान कृषि र पशु सेवा समुहलाई ४४ वटा समुह सहकारीलाई ६ लाख पुरक अनुदानमा १५% समुह सरकारीको साझेदारीमा गर्नु प्रावधान रहेको अनुदानको निवेदन कृषक समुह सहकारीवाट काम भैसकेको यही फाल्गुन ७ गते सम्म दरखास्त दिने अन्तिम मिति रहेको छ।

## कल्ष्टर सप्तरी

| क्र.स. | जिल्ला | गाउँपालिका | लाभग्राही छनौट सर्वेक्षक | समुह गठन |
|---|---|---|---|---|
| १. | सिराहा | १.वरियारपट्टी-<br>२.औरही | ४ वटा पालिकाको १७ वार्डमा सम्पन्न | लक्ष -४२८<br>प्रगती-३५४<br>१ महिना भित्रमा बाँकी समुह गठन कार्य पुरा हुने |
| २. | ससरी | १.राजगढ<br>२.बिष्णुपुर | | |

## कल्ष्टर सप्तरी वास्तविक अवस्था

- समुहगठनकार्य FAOले कर्मचारि भर्ना गर्न ढिलाई भएकोले समयाभावले समयमा सम्पन्न गर्न नसकिएको ।

- प्रत्येकपालीकामा FAO का २ वटा पशु प्राविधिक २ वटा कृषि प्राविधिक र २ वटा पोषण प्रविभिक कार्यरत रहेका छन् ।

- हाल २ जिल्लामा १४-१४ जम्मा २८ वटा फार्म फिल्ड स्कुल संचालनमा रहेका

१. पोषणमा ५ वटा

२. पशुसेवा तर्फ २३ वटा पाठशाला सचालनमा छ

३. मोडेल फार्म पाठशाला १६ हप्ताको १ सचालनमा छ पाठशाला सहजकर्ता कम भएकोले ४ वटा १४ दिने नमूना पाठशाला संचालन भएका र सो तालिम सम्पन्न भए पछि एउटा पाठशालावाट ७/७ जना सहजकर्ता छनौट गरी पाठशाला सचालनमा गर्ने लक्ष रहेको छ।

**साना र मझौलाखाले कृषकहरुलाई अनुदानको कार्यक्रम रहेको**

१. साना अनुदान पोषणमा सुधार गर्ने -४७ वटा समुहलाई ५ लाख

२. पुरकअनुदान कृषि र पशु समुहलाई ४४ वटा समुह सहकारीलाई ६ लाख पुरक अनुदानमा १५% समुह सरकारीले लगानी गर्नु पर्ने प्रावधान रहेको अनुदानको निवेदन कृषकसमुह सहकारीवाट काम भैसकेको यही फाल्गुन ७ गते सम्म अन्तिम मिति रहेक छ।

३. २०० वटा समूहहरुलाई अनुदान उपलब्ध गराउने प्रस्ताव तयार पार्ने ३ दिने तालिम सम्मन्न गरेको ।

नेपाल लाईभस्टक सेक्टर ईन्नोभेसन आयोजनाको बिराटनगर, हेटौडा, बुटवल र पोखराबाट संचालन गरेका क्रियाकलापहरुको अनुगमन रिपोर्ट

प्रदेश नं.१, २ र ३ मा रहेका विभिन्न जिल्लाहरुमा मिति २०७७/१२/२३ देखि २०७७/१२/२९ गते सम्म कृषि क्षेत्रमा संचालित परियोजनाहरुको अनुगमन सम्बन्धी कार्यक्रमको प्रतिवेदन

यस किसान आयोगको आ.व. २०७७/०७८ को स्विकृत कार्यक्रम अनुसार मिति २०७७/१२/२३ गते देखि मिति २०७७/१२/२९ गते सम्म राष्टिय किसान आयोगको एक टोली विज्ञ सदस्य श्री उदयचन्द्र ठाकुर र मिना तामाङ्गज्यूको नेतृत्वमा विराटनगर, हेटौडा, लाहान र चितवन जिल्लाहरुमा नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाइहरुको अनुगमनको साथै सुनसरी, सप्तकोशी पोल्ट्री फर्म प्रा.लि. राष्ट्रिय पशु प्रजजन कार्यालय लाहान, हेटौडा स्थित वार्ड नं. १२ मा संचालित कृषिका क्रियाकलाप लगायत जडिबुटी कृषि प्रणालि समेत अवलोकन गरियो ।

**अवलोकन गरिएको स्थानहरुः**

१. सप्तकोशी पोल्ट्री फर्म प्रा. लि. सुनसरी ।

२. नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाइ विराटनगर ।

३. राष्ट्रिय पशु प्रजनन कार्यलय लाहान ।

४. नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाइ हेटौडा

५. हेटौडा स्थित वार्ड नं. १२ मा संचालित कृषिका क्रियाकलाप ।

६. हेटौंडा सिखरपानी वडा नं. १५ मा संचालित गाई फर्म ।

७. दीर्घायु जडिबुटी उत्पादन सहकारी संस्था दीर्घायू तरकारी तथा पलफुल फर्म चितवन ।

### १. सप्तकोशी पोल्ट्री फर्म प्रा. लि. सुनसरी ।

मिति २०७७/१२/२४ गते सप्तकोशी पोल्ट्री फर्म प्रा. लि. सुनसरी कोशी गाँउपालिका वाड नं. ६ श्रीपुर, पोल्ट्री फर्म कुल २२ विघा क्षेत्रफल मा स्थापित रहेको छ । उक्त फर्म डीप लिटर प्रणाली द्धारा बनाइएको हो । उक्त फर्ममा ब्राउन लोहर्मन लेयर्स जातको कुखुरा अण्डा उत्पादनको लागी संचालन गरिएको छ । फर्मको क्षमता १,५३,३०० अण्डा दिने रहेको छ। कुल अण्डा उत्पादन ४,५९,९०,००० रहेको छ । कुल पूँजी रु. ५०,९५,७२,०९८ छ भने यो नेपालको पहिलो EIA स्विकृत कुखुरा फर्म हो ।

### २.नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाइ विराटनगर ।

मिति २०७७/१२/२४ गते नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाइ विराटनगरका इकाइ प्रमुख डा. श्री सुधिर कुमार सिंह र आयोजना इकाइका कर्मचारिहरुसंग आयोजनाको बारेमा छलफल र अन्तरकृया गरीयो जस अन्तरगत

प्रारम्भिक चरण बाट छनौट भएका उप आयोजना संख्या - १९९

**समस्याहरु**

सरकारी जग्गा प्रप्त नभइ लक्ष्य पुरा हुन समस्या ।

**सुझावः-**

पुर्धार निर्माण कृयाकलापको लागी सरकारी फर्म, कार्यलयहरु वा सरकारी जग्गाको पूर्व किन गरी कार्यक्रम स्वीकृत हुन उपयुक्त हुने ।

कार्य विधि कार्यान्वयनमा एक रुपता हुनु पर्ने ।

साइलेज बनाउने मेसिनको उपयुक्त प्रयोग र प्रचार /प्रसार हुनुपर्ने ।

### ३.राष्ट्रिय पशु प्रजनन कार्यालय लाहान ।

मिति २०७७/१२/२५ गते राष्ट्रिय पशु प्रजजन कार्यलय लाहानका ईकाइ प्रमुख श्री डा. शिव नाथ महतो र पशु प्रजनन कार्यालयका कर्मचारीहरुसँग कार्यलयको बारेमा छलफल र अन्तरक्रिया गरियो । जानकारी अनुसार ।

- राष्ट्रिय पशु प्रजनन कार्यलय लाहानले हाल सम्मको जर्सी, होलिस्टीन, हरियाना र मुर्राको

वीर्य उत्पादन जम्मा १३९७०२

- विर्य वीतरण साँढे सर्सी, साँढे होलिस्टीन, हरियाना  राँगो र बोका को जम्मा १४००६३
- तरल नाइट्रोजन उत्पाद लिटरमा ५१९३४
- तरल नाइट्रोजन खरिद लिटरमा ६५५५
- तरल नाइट्रोजन वितरण संख्या जम्मा ४९९८४ र
- कृतिम गर्भाधान गाई, भैंसी र बाख्रा को जम्मा संख्या १३८६४० रहेको ।

**समस्या**

घाँसेवालीको लागी सिचाईको अभाव ।

**पहल**

- सिचाई समस्या लाई सम्बवधन हुन प्रदेश २ का भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रमुख सचिव ज्यू सँग टेलफोन मार्फत समन्वय गराएको ।
- आयोजना बाट साढे गोठ निर्माणको सुरुवात भएको तथा प्रभागशाला भवन निर्माणको जग्गा छनोट भई सकेको पाइयो ।

## ४. नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाइ हेटौडा

मिति २०७७/१२/२६ र २७ गते  नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाइ हेटौडाका योजना अधिकृत श्री डा. सन्तोस घिमिरे र आयोजना ईकाइका कर्मचारीहरुसँग आयोजनाको बारेमा छलफल र अन्तरक्रिया गरियो र हेटौडा स्थित वार्ड नं. १२ मा संचालित कृषिका क्रियाकलाप लगायत जडिबुटी कृषि प्रणालि समेत अवलोकन गरियो ।। जस अन्तरगत

**संचालित मुख्य कार्यक्रमहरु**

- भकारो सुधार मलमुत्र ब्यवस्थापन सहयोग कार्यक्रम
- कृषक पाठशाला संचालन
- नयाँ समुह गठन तथा परिचालन

- पशु विमा अभिकर्ता तालिम
- डेरी प्रोडक्ट विधीधिकरण तालिम
- चिलिंग भ्याट तथा मिल्क एनालाइजर मर्मत तालिम
- कृतिम गर्भाधान तालिम
- समन्यवमा अन्तरक्रिया कार्यक्रम
- PPRS तालिम
- उप आयोजना पूर्ण प्रस्ताव तयारी तालिम कार्यशाला

- प्रारम्भिक चरण बाट छनौट भएका उप-आयोजना संख्या जम्मा - २३७

## ५.हेटौडा स्थित वार्ड नं. १२ मा संचालित कृषिका क्रियाकलाप ।

हेटौडा हात्ती गौडा स्थित वाड नं. १२ मा रहेको कुमार पाखिन को बाखा फार्म लगायत विजय किसान बहुमुखी कृषी तथा पशुपालन फर्म, लोकल कुखुरा आदीको अवलोकन गरिएकोमा उक्त स्थानमा UNDP द्धारा १२ वटा टनेल , वडा तह वाट ७ वटा र प्रदेश तह वाट १३ वटा गरी जम्मा ३२ वटा टनेल रहेको, मासिक एक टनेल बाट रु. २५ हजार आम्दानी रहेको, प्रत्येक टनेल १.५ देखि २ लाख सम्मको लगानीमा बनेको ।

ललित घलानको खर्भुज फार्म जुन १३ कठ्ठा जग्गामा बनेको टनेलेमा लागाइएको छ ।ललित घलान उक्त वडा का वडा अध्यक्ष समेत हुनुन्छ र कृषक विजय किसान बहुमुखी कृषि तथा पशुपालन फर्मलाई पाडा प्रर्वद्धन कार्यक्रमका लागि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट अनुदान प्रप्त भएको रु. ५,००,०००/- र स्व लगानी ५, ००,००० गरी जम्मा रु. १०,००,०००/- मा संचालित भएको साथै लोकल कुखुरा पनि रहेको ।

## सुझावः-

हे.उ.न.पा वाड नं.१२ का श्रीमान् वडा अध्यको ज्यूसँग भएको छलफलमा युवा स्वरोजगार र स्वरोजगार का ली वाडा स्तरमा यस्ता कृषिका कार्यक्रमहरु संचालनको पहल भएकोमा धन्यवाद दिदै आगामी दिनमा पनि यस्तै कृषिका कृयाकलाप स्थानिय तह बाट हुन सुझाव दिइयो ।

६.हेटौडा सिखरपानी वडा नं. १५ मा संचालित गाई फर्म ।

मिति २०७७/१२/२७ गते हेटौडा सिखरपानी वडा नं. १५ का कृषक श्रीराम घिसिङ्ग को नमुना गाई फार्म गाईको जात होलिस्टेन र जर्सी गाईको संख्या २५ वटा दिनमा १सय ५० लिटर दुध विक्रि गरीएको विना अनुदान ब्ययक्तिगत लगानीमा सांचालित गाई फर्म रहेको र आम्दानी सन्तुष्टजन रहेको ।

सिखर पशुदाता मत्स्य कृषि फर्म का दिल बाहादुर घलान को गाई फर्म गाईको जात होलिस्टेन र जर्सी अवलोकन गरियो उक्त गाई फर्ममा १३ वटा गाई रहेको र प्रति दिन दुध ९० लिटर विक्रि भएको मासिक १ लाख ५० हजार दुध विक्रि गरिएको ।

## नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको विकेन्द्रिकृत आयोजना सहयोग इकाइ बुटवल रुपन्देही

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको (आइ.डि.ए.) ८० मिलियन अमेरिकी डलर ऋण सहयोग सहित कुल ११५ मिलियन अमेरिकी डलरको लागतमा नेपालको पशु सेवालाई सुदृढीकरण गर्दै नविन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्वको वृद्धि, मूल्य श्रंखला विकासको साथै जलवायु अनुकूलन प्रविधिहरुको विकास र उपयोग गर्न तयार गरिएको आयोजना हो । यो आयोजना आ.व. ०७४/७५ देखि कार्यान्वयनमा आएको छ । यस आयोजनाले २८ जिल्लाका सम्पूर्ण पालिकाहरुमा आफ्ना सेवाहरु सञ्चालन र विस्तार गर्ने छ । आयोजना सञ्चालनको लागि काठमाडौंमा आयोजना ब्यवस्थापन कार्यालय र विराटनगर, हेटौडा, पोखरा तथा बुटवल गरी चार स्थानमा विकेन्द्रितृत आयोजना सहयोग इकाइहरु रहनेछन् ।

यस आयोजनामा चारवटा सम्भाग, आठवटा उप-सम्भागहरु रहेका छन् भने आयोजनाको पुरक अनुदानको कार्यक्रम वित्तीय संस्था समेतको सहभागितामा सञ्चालन हुने नवीनतम प्रयास गरिएको छ । यस आयोजना मार्फत खसीबोकाको मासु, दुग्ध र च्यङ्ग्रा पश्मिनाको मूल्य श्रृंखला विकासमा २०% कृषकका लर्फबाट लगानी, ३०% वित्तिय संस्था मार्फत ऋण प्रवाह र बाँकी ५०% (अधिकतम एक करोडसम्म ) आयोजनाको तर्फबाट अनुदान दिने ब्यवस्था गरिएको छ । छनौट गरिएका मूल्य श्रृंखलामध्ये खसीबोकाको मासु र दुग्ध मूल्य श्रृंखलाको विकासबाट निर्यात प्रवर्द्धनमा सहयोग पुर्‍याउने लक्ष्य लिइएको छ ।

## आयोजनाको उद्देश्य

पशुवस्तुहरुको उत्पादकत्व वृद्धि, पशुजन्य उत्पादनहरुको मूल्य श्रृंखला अभिवृद्धिका साथै

साना पशुपालक कृषकहरु र पहिचान गरिएका मूल्य श्रृंखलामा आधारित उद्यमहरुको जलवायु अनुकूलन क्षमतामा सुधार गर्ने ।

## आयोजना लागू हुने क्षेत्र

१. प्रदेश नं. १ मा विकेन्द्रिकृत सहयोग इकाइ रहने स्थान विराटनगर, जिल्लाहरु पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ र सुनसरी

२. प्रदेश नं. २ र ३ मा हेटौडा, जिल्लाहरु सप्तरी, धनुषा, सिराहा, काभ्रेपलाञ्चोक, काठमाण्डौ, मकवानपुर र चितवन

३. प्रदेश नं. ४ मा पोखरा, जिल्लाहरु स्याङजा, कास्की, मुस्ताङ, मनाङ, तनहुँ, म्याग्दी, नवलपुर

४. प्रदेश नं. ५ मा बुटवल, जिल्लाहरु रुपन्देही, नवलपरासी, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, पाल्पा र बर्दिया ।

## आयोजनाका अपेक्षित उपलब्धिहरु

- गाई र भैंसीको दुग्ध उत्पादन ४०% ले वृद्धि हुनेछ ।
- खसीबोकाको मासुको उत्पादनमा ४०% वृद्धि हुनेछ ।
- च्याङ्ग्राको पश्मना उत्पादन आयोजना अवधिभरमा ८०% ले वृद्धि हुनेछ ।
- उत्पादित वस्तुहरुको विक्री ३०% ले वृद्धि हुनेछ ।
- नवीनतम पशु सेवा प्रसार लगायतका कार्यक्रमहरुबाट २,००,००० कृषकहरु लाभान्वित हुनेछन् जसमध्ये ४५% महिलाहरुको सहभागिता हुनेछ ।
- आयोजनाले ५०० जना उद्यमीहरुलाई (दुग्ध, खसीबोकाको मासु र पश्मिना मूल्य श्रृंखला) अनुदान उपलब्ध गराई दुध तथा खसीबोकाको मासुको आत्मनिर्भरताकव साथै पश्मिनाको निर्यात प्रवर्द्धनमा सहयोग पर्‍याउने छ

## आयोजनाहरुको अनुगमन तथा भैपरि आउने समस्या समाधानको लागि अन्तरकृया अध्ययन सम्वन्धी कार्यक्रमको प्रतिवेदन अन्तर्गत नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना क्षेत्र रुपन्देही पाल्पा र कास्की को अनुगमन

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको( आइ. डि. ए.) ८० मिलियन अमेरिकी डलर ऋण सहयोग सहित कुल ११५ मिलियन अमेरिकी डलरको लागतमा नेपालको पशु सेवालाई सुदृढीकरण गर्दै नविन प्रविधीको माध्यमबाट उत्पादन र उत्पादकत्वको बृद्धि, मूल्य श्रृंखला विकासको साथै जलवायु अनुकुलन प्रविधिहरुको विकास र उपयोग गर्न तयार

गरिएको आयोजना हो। यो आयोजना आ.ब.०७४/०७५ देखि कार्यान्वयनमा आएको छ। यस आयोजना २८ जिल्लाका सम्पूर्ण पालिकाहरुमा आफ्ना सेवाहरु संचालन र विस्तार गर्ने छ। आयोजना संचालनको लागि काठमाडौंमा आयोजना ब्यवस्थापन कार्यालय र विराटनगर, हेटौडा, पोखरा तथा बुटुवल गरी चार स्थानमा विकेन्द्रिकृत आयोजना सहयोग इकाईहरु रहनेछन्।

यस आयोजनामा चारवटा सम्भाग, आठवटा उप-सम्भागहरु रहेक छन् भने आयोजनाको पूरक अनुदानको कार्यक्रम वित्तिय संस्था समेतको सहभागितामा संचालन हुने नविनतम प्रयास गरिएको छ। यस आयोजना मार्फत खसी बोकाको मासु, दुग्ध र च्याङ्ग्रा पश्मिनाको मूल्य श्रृंखला विकासमा २०% कृषकका तर्पबाट लगानी, ३०% वित्तिय संस्था मार्फत ऋण प्रवाह र बाँकी ५०%(अधिकतम एक करोड सम्म) आयोजनाको तर्फबाट अनुदान दिने ब्यवस्था गरिएको छ। छनौट गरिएका मूल्य श्रृंखला मध्ये खसी बोकाको मासु र दुग्ध मूल्य श्रृंखलाको विकासले आयात प्रतिस्थापन र पश्मिनाको मूल्य श्रृंखलाको विकासबाट निर्यात प्रवर्द्धनमा सहयोग पुर्‍याउने लक्ष्य लिएको छ।

**भ्रमण गरिएको स्थानहरुः**

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, बुटुवल, रुपन्देही, कपिलवस्तु जिल्ला वाणगंगा नगरपालिका वडा नं.३ स्थित पिपरा अमरदिप कृषि तथा मत्स्य फार्म

भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय, भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, पाल्पा, तानसेन नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, पोखरा, कास्की

## नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, बुटुवल, रुपन्देही

मिति २०७७/१२/२५ गते नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, बुटुवल, रुपन्देहीका प्रमुख डा. पुरुषोतम त्रिपाठीज्यू र आयोजना ईकाईका कर्मचारीहरुसँग आयोजनाको बारेमा छलफल तथा अन्तरकृया गरियो।

## नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, पाल्पा, तानसेन

मिति २०७७/१२/२६ गते नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, पाल्पा, तानसेनका प्रमुख डा. चन्द्र बहादुर रानाज्यू र आयोजना ईकाईका कर्मचारीहरुसँग आयोजनाको बारेमा छलफल तथा अन्तरकृया गरियो।

यस कल्ष्टरमा १२ जनाको दरवन्दी रहेको जस मध्ये २ जना ७ औं तह (कृषि तर्फ), १ जना छैठौं तह(भेटेरिनरी तर्फ), प्राविधिक २ जना ५ तह, लेखा र प्रशासन खाली। गुल्मीमा धेरै जसो करार कर्मचारीले कार्यालय चलाएको। पाल्पा र गुल्मीको लागि ११ करोड भन्दा बढि अनुदान पाएको। बाख्रा मिसन २ करोड, रोड ढोरपाटन ५० लाख, कालि गण्डकि कोरिडोर ५० लाख, गाई र बँगुर ब्लक ७५ हजार, स्मार्ट कृषि तरकारी कोरिडोर ४ करोड, मकै मिसन ५० लाख, संघिय शस्त्र १ करोड १ लाख, पोषण सुधार कार्यक्रम कुखुरा २० लाख, ग्रामीण कुखुराको स्रोत केन्द्र १० लाख, सामुदायिक वनमा जडीबुटी र घाँस खेति १० लाख रहेको। रामपुरको साइलेज उत्पादन राम्रो भएको कारण काठमाडौं र स्याङजामा विक्रि भएको। रामपुरमा ८ मेट्रिक टन मकै उत्पादन भएको। नवलपरासीमा ७०० रोपनी जग्गा लिजमा लिई काम गरेको।

**समस्याहरुः**

- जनशक्तीको अभाव।
- स्थानिय तहमा दरवन्धि भएपनि करार कर्मचारीले कार्यालय चलाएको।
- श्रमको शोषण
- Guide line नभएको।
- Lab को अभाव
- Silage बनाउने क्रममा plastic bag मा भन्सार छुट हुनु पर्ने।
- काट्ने मेसिनको अभाव
- जग्गा विस्तार गर्नु पर्ने।

## नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, पोखरा, कास्की

मिति २०७७/१२/२६ गते नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, पोखरा, कास्कीका प्रमुख डा. रेशम राज ज्ञवालीज्यू र आयोजना ईकाईका

कर्मचारीहरुसँग आयोजनाको बारेमा छलफल तथा अन्तरकृया गरियो।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना छनौट गरिएका पशुजन्य मूल्य शृंखलामा आबद्ध साना फार्म र व्यवसायमा जलवायु मैत्री नवीन प्रविधिहरुको प्रयोग बढाई पशुको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण गर्ने उद्देश्यले विश्व बैंकको ऋण सहयोगमा सञ्चालन गरिएको आयोजना हो । यो आयोजना आ.व. २०७४-७५ देखि कार्यान्वयन भइरहेको छ ।

## लक्षित लाभग्राही

यो आयोजनाले २००,००० लाभग्राहीलाई प्रत्यक्ष लाभ पुऱ्याउने र आयोजनाका कूल लाभग्राहीमध्य ४५% महिला हुने लक्ष लिएको छ । यी लाभग्राहीसम्म पुग्न आयोजनाले कृषकका समूह तथा सहकारीहरु मार्फत कार्यक्रम सञ्चालन गर्नेछ । आयोजना लागू भएका गाँउ तथा नगर पालिकाहरुमा नयाँ तथा पुराना गरेर २५०० कृषक समूह र ५०० सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने लक्ष आयोजनाले राखेको छ ।

## आयोजना लागू हुने क्षेत्र

यो आयोजना नेपालका ५ वटा प्रदेशका २८ जिल्लाका २८९ गाँउ तथा नगर पालिकाहरुमा प्रदेश सरकार तथा स्थानीय तहको समन्वयमा कार्यान्वयन भइरहेको छ ।

| क्र.सं. | प्रदेश | जिल्ला | गाउँ तथा नगर पालिका | | |
|---|---|---|---|---|---|
| | | | गाउँपालिका | नगरपालिका | जम्मा |
| १ | १ | ७ (पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी) | ४० | ३७ | ७७ |
| २ | २ | ३ (सप्तरी, धनुषा, सिरहा) | २४ | २९ | ५३ |
| ३ | वागमती | ४ (काभ्रेपलाञ्चोक, काठमाण्डौं, मकवानपुर र चितवन) | १६ | २५ | ४१ |
| ४ | गण्डकी | ७ (स्याँग्जा, कास्की, मुस्ताङ्ग, मनाङ्ग, तनहु, म्याग्दी र नवलपुर) | ३२ | १६ | ४८ |
| ५ | ५ | ७ (रुपन्देही, नवलपरासी, गुल्मी, अर्घाखाची, कपिलवस्तु, पाल्पा र बर्दिया) | ४३ | २७ | ७० |
| जम्मा | | | १५५ | १३४ | २८९ |

## आयोजनाका सम्भागहरु

यस आयोजनाका निम्न चारवटा सम्भागहरु छनः

क) संस्थागत सुदृढीकरण तथा आवश्यक नियामक क्षमता सबलीकरण

पशुपालन क्षेत्रको विकासको लागि उपयुक्त नीति तथा नियमहरु तर्जुमा गरी सेवा प्रवाहमा आवश्यक सुधार ल्याउने र पशुपालनमा निजी क्षेत्रको थप लगानी आकर्षित गरी जलवायु अनुकूलन तथा खाद्य स्वच्छता हासिल गर्ने तर्फ यस सम्भाग अन्तर्गतका क्रियाकलापहरु केन्द्रीत छन ।

यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख क्रियाकलापहरु यस प्रकार छनः

- पशुपालन क्षेत्रसग सम्बन्धित योजना, नीति र रणनीतिहरु तयार पार्ने ।
- आवश्यक कानूनहरु बनाउने ।
- बिद्यमान नीति, रणनीति र कानूनहरुमा समयानुकूल सुधार ल्याउने ।
- पशु सेवासँग सम्बन्धित सरकारी निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- पशुपालन क्षेत्रमा सूचना प्रणाली स्थापना गर्ने ।

ख) पशु सेवा क्षेत्रमा नवीनता प्रवर्दन तथा सेवा प्रवाहको आधुनिकीकरण

आयोजनाले पशुजन्य उत्पादनको उत्पादकत्व वृद्धि गर्ने र पशुपालन क्षेत्रमा जलवायु समुत्थान गर्ने लक्ष लिएको छ । यस सम्भाग अन्तर्गत सरोकारवाला संस्थाहरुको क्षमता सुदृढीकरण गरी पशुपोषण, नश्ल सुधार तथा रोग न्यूनीकरणका जलवायु मैत्री नवीन प्रविधि र अभ्यासहरुको प्रसार र प्रवद्र्धन गर्ने क्रियाकलापहरु सञ्चालन गरिने छ । यस सम्भाग अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरु वातावरणीय दृष्टिले दिगो हुनेछन र हरितगृह ग्याँस उत्सर्जनलाई कम गर्ने प्रकारका हुनेछन

यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख क्रियाकलापहरु यस प्रकार छनः

- उत्पादक संस्था ९कृषक समूह र सहकारी० हरु गठन तथा परिचालन गर्ने ।
- समग्र पशु सेवा क्षेत्रको सुदृढीकरण गर्ने ।
- प्रयोगशाला तथा क्वारेन्टीन चेकपोष्टहरुको सुदृढीकरण गर्ने ।
- रोग खोजी तथा रोग रोकथाम प्रणालीको सुदृढीकरण गर्ने ।

- पशु प्रजनन क्षेत्रलाई सुदृढ पार्ने ।
- पशु आहारामा सुधार ल्याउने ।
- पशु सेवा क्षेत्रको तालिम तथा प्रसारलाई सुदृढ पार्ने ।

ग) छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास
आयोजनाको यो सम्भागले साना पशुपालक र पशुपालक कृषकका संस्थाहरुलाई पूरक अनुदान प्रदान गरी उनीहरुको बजार पहुच बढाउने र उनीहरुलाई दूध, बाख्रा र पश्मिना मूल्य शृंखलामा जोड्ने लक्ष लिएको छ । यस सम्भाग अन्तर्गत आयोजनाले दूध, खसी बोकाको मासु र पश्मिनाको ढुवानी, भण्डारण, बजारीकरण, उत्पादन पश्चातको ह्रास न्यूनीकरण र प्रशोधन सम्बन्धी उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएका योग्य व्यवसाय योजनाहरुलाई बैंक तथा वित्तीय संस्थाहरु मार्फत कूल लगानीको ५० प्रतिशत वा बढीमा रु। १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने छ ।

यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख क्रियाकलापहरु यस प्रकार छनः

- उत्पादनशील दिगो साझेदारी विकास गर्ने ।
- उत्पादनमूलक गठबन्धनमा आधारित व्यवसाय योजनाहरु छनौट गरी पशुजन्य मूल्य शृंखला दूध, खसीबोकाको मासु र पश्मिनामा लगानी गर्ने ।

**समस्याहरु**

- कर्मचारी दरवन्दी अपुग रहेको ।
- कृषक तथा व्यवसायीहरुबाट प्राप्त हुने PCN र त्यसको छनौट प्रकृया धेरै चरणमा र धेरै समय लाग्ने साथै लामो फारमहरु रहेको ।
- आवेदकहरुबाट प्राप्त हुने पूर्ण प्रस्ताव संगै पेश गर्नु पर्ने ऋण स्वीकृतीका लागी साना कृषकहरुलाई प्राप्त गर्न कठिनाई रहेको ।
- व्यवसायीलाई Grant को रकम पोथी जनावर खरीद गर्न नमिल्ने गरी वनेको कार्य विधिले ऋणको किस्ता भुक्तानी गर्न असहज हुने ।
- संघीय संरचनामा Sub-Project को Technical backup दिने जिम्मेवारी र Exit Strategy भरपर्दो नभएको ।

**सुझावहरुः**

- राष्ट्रिय स्तरमै वैंक तथा वित्तिय संस्थाहरुसंग एकमुष्ट सम्झौता भई ऋणको सहज पहुच हुनुपर्ने ।
- सरल र छोटो प्रकृयाबाटै उप-आयोजना छनोट हुनुपर्ने ।
- कार्यविधिमा शंसोधन गरी पोथी पशु खरीद गर्न समेत सक्ने व्यवस्था गर्ने ।
- उप-आयोजनाको प्राविधिक सहायताका लागी सम्बन्धित विषयका स्नातकहरु खटाउने व्ववस्था गर्ने ।
- उप-आयोजनामा लापर्वाही गर्नेलाई कारवाही गर्ने र आयोजना सकिएपछी स्थानीय तहमा हस्तान्तरण गर्नु पर्ने ।

## आयोजनाको उद्देश्य

पशुवस्तुहरुको उत्पादकत्व बृद्धि, पशुजन्य उत्पादनहरुको मूल्य श्रृंखला अभिबृद्धिका साथै साना पशुपालक कृषकहरु र पहिचान गरिएका मूल्य श्रृंखलामा आधारित उद्यमहरुको जलवायू अनुकुलन क्षमता सुधार गर्ने।

## आयोजना लागु हुने क्षेत्र

यो आयफजना नेपालका विभिन्न पाँचवटा प्रदेशका २८ वटा जिल्लामा संचालन हुनेछ। केन्द्रमा एउटा आयोजना ब्यवस्थापन कार्यालय र सो कार्यालयलाई सहयोग पुर्‍याउने चारवटा विकेन्द्रिकृत आयोजना सहयोग इकाइहरु मार्फत यो आयोजना संघ, प्रदेश र स्थानिय तहको समन्वयमा कार्यान्वयन गरिनेछ।

| क्र.सं. | जिल्ला | प्रदेश | विकेन्द्रिकृत सहयोग इकाइ रहने स्थान |
|---|---|---|---|
| १ | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी | १ | विराटनगर |
| २ | सप्तरी, धनुषा, सिराह, काभ्रपलान्चोक, काठमाडौं, मकवानपुर र चितवन | २ र ३ | हेटौंडा |
| ३ | स्याङजा, कास्की, मुस्ताङ्ग, मनाङ्ग, तनहुँ, म्याग्दी र नवलपुर | ४ | पोखरा |
| ४ | रुपन्देही, नवलपरासी, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, पाल्पा र बर्दिया | ५ | बुटुवल |

### आयोजनाका अपेक्षित उपलब्धीहरु

- गाई र भैंसीको दुग्ध उत्पादन ४०% ले बृद्धि हुनेछ।
- खसी बोकाको मासुको उत्पादन ४०% ले बृद्धि हुनेछ।
- च्याङग्राको पश्मिना उत्पादन आयोजना अवधि भरमा ८०% ले बृद्धि हुनेछ।
- उत्पादित वस्तुहरुको विक्रि ३०% ले बृद्धि हुनेछ।
- नविनतम पशु सेवा प्रसार लगायतका कार्यक्रमहरुबाट २००००० कृषकहरु लाभान्वित हुनेछन् जस मध्ये ४५% महिलाहरुको सहभागिता हुनेछ।
- आयोजनाले ५०० जना उद्यमीहरुलाई(दुग्ध, खसी बोकाको मासु र पश्मिना मुल्य श्रृंखला) अनुदान उपलब्ध गराई दूध तथा खसी बोकाको मासुको आत्मनिर्भरताको साथै पश्मिनाको निर्यात प्रवर्द्धनमा सहयोग पुर्‍यायने छ।

कृषि क्षेत्रमा संचालन भएको कार्यक्रम तथा योजनाहरुको अनुगमन पनि गरिएको थियो जुन यस प्रकार भए गरेको पाईएको थियो।

### कोरोना भाईरस (COVID 19) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण कृषक स्तरमा कृषि उपज उत्पादन तथा वजारीकरण प्रणालीमा भएका समस्याहरु र काठमाण्डौ उपत्यकामा कृषि उपज ढुवानीको अवस्था वारेको अनुगमन

मिति २०७८/०२/३० मा राष्ट्रिय किसान आयोगका सदस्य सूर्य प्रसाद खनाल र जीवयन्ती पौडेल सयोजकत्वमा अनुगमानको क्रममा थानकोटको नागढुङ्गा महानगरिय प्रहरी प्रवागमा गई तहाका प्रहरि निरिक्षक श्री त्रिभून सिहं थापा सग भेट गरी कृषकले उत्पादन गरेका कृषि उपजको ढुवानीको अवस्था कस्तो छ भनि जिज्ञाशा राख्दा यस नाकावाट तरकारी फलफूल खाध्यान्न अण्डा दुध मासु आदीलाई चौविसै घन्टा खुल्ला गरिएको छ । पहिचान खुलेका खाध्यान्नका गाडीहरु सहजै छाडीएको छ । तर दुई जना भन्दा वढी यात्रु लिएर फर्केका पहिचान नखुलेका सवारी साधनहरुलाई केही घन्टा होल्डमा राखिए र छाडीन्छ भन्ने जानकारी पाईयो ।

त्यस पछि उत्पादक कृषक र विचौलीया व्यापारीको राय कस्तो रहेको छ भनि धादिङ्ग जिल्लाको धार्कें तरकारी संकलन केन्द्र र महादेव वेसी तरकारी उत्पादनको पकेट केन्द्रमा गईयो ।

अनुगमनको क्रममा धार्कै सकलन केन्द्रका व्यापारी संग सम्पर्क गरी गत वर्षको लकडाउनमा कृषकको तरकरी विक्री नभएको अवस्था थियो भने यस वर्ष उत्पादन भएको तरकारी सहजै विक्री भै रहेको छ । तर विक्री मूल्य ३० देखि ५० प्रतिशत कमी भएको अवस्था छ । ढुवानीको समस्या नभएको जानकारी गराए भने हाम्रो अनुगमनको दृष्य हेरीरहेका एक युवाले तपाईहरु अनुगमनमा आउनु भयो तपाइले सम्पर्क गरेका विचौलीया व्यापारीले कृषकहरुलाई धेरै सोषण गरेका छन् । सही कृषि उपज उत्पादक कृषकले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् भन्ने आक्रोस व्यक्त गरे ।

ततः पश्चात अनुगमन टोली महादेववेसी तर्फ लागियो महादेववेसीमा श्री चन्द्रज्योती एकिकृत ग्रामिण विकास समाज (सिड्स) मा गईयो । तहाँ समाजका सचिव श्री गोकर्ण रुपाखेती संग सम्पर्क गर्दा नीजले आफ्नै कार्यालयमा राष्ट्रिय किसान आयॊगवाट गएको अनुगमन टोलीलाई छलफल कार्यक्रमको अवसर प्रदान गरी गर्नु भयो । उहाले पालीकाका ११ नं वडा अध्यक्ष श्री रवि प्रकास ओझा, वाड नं ११ का सदस्य व्दय शुक्र वहादुर तामाङ्ग र लक्ष्मी सुनुवार , जिल्ला समन्वय समितिका सदस्य उर्मिला रेग्मी, जिल्ला किसान महा संघका सदस्य केशव रुपाखेती लगायत कृषक व्यापारी गरी जम्मा २९ जना सरोकार वाला कृषक प्रतिनिधिहरुको सहभागिता छलफल भयो । सहभागिले सरकार केन्द्र वा प्रदेश जो कोहीले किसान अनुदानका कार्यक्रम आए पनि अधिकांस कृषकहरुको बौद्धिक स्तरले गर्दा प्रकृयागत झन्झटका कारण प्रस्ताव पेश गरी अनुदान माग गर्न असमर्थ भएको हुँदा यस विषयमा किसान आयोगले सहजीकरण गर्नु पर्यो । यहाँ केन्द्रीय सहकारी महा सघले अनुदानमा करिव २० हजार मे. टन को शित भण्डार निर्माण भएको भए पनि प्राविधिक कमजोरीका कारण संचालनमा समस्या रहेकोले संचालन गर्न पहल गर्नु पर्ने ।

यस क्षेत्रमा कुन वालीको लागि के खेति उपयुक्त हुन्छ भन्ने विषयमा सम्भाव्यता अध्ययन गरी कृषकहरुलाई सिफारिस गर्नु पर्ने ।

कृषि सामाग्री कम्पनीले सचालन गरेको मलको डिपोमा युरीया,  डिएपी र पोटास मल खरिद गर्दा SS (सिगल सुपर फस्फेट) मल १० के जी अनिवार्य कृषकले लिनु पर्ने वाध्याता रहेको र उक्त मल खेतमा राख्दा पनि नपग्लने भएकोले सम्वन्धित निकायमा किन त्यसो भएको हो जानकारिको लागि माग गरेका थिए ।

सोही क्रममा डिपो संचालक श्री विनोद रुपाखेती सग सम्पर्क गर्दा कृषि सामाग्री कम्पनी गर्दा हामीलाई यहा माग नभए पनि खरिद गर्न लगाउने भएकोले यसो गरिएको भन्ने जानकारी

पाइयो। थप जानकारीको लागि आवश्यक परे फोन नं. ९८५१२१७१८८ सम्पर्क गर्न भनेका छन् ।

अन्त्यमा थाक्रे गाउँपालीका ११ नं. वडा का अध्यक्ष श्री रवि प्रकास ओझाले निम्न वुदाहरुमा जोड दिनु भएको थियो ।

- कृषकलाई सहुलियत कर्जा सरल रुपमा उपलब्ध गराउनुपर्ने
- राम्रा कृषकहरुलाई अवलोकन भ्रमण गराई अन्य क्षेत्रको अनुभव आदान प्रदान गर्न लगाउने।
- किसान विमाको व्यवस्था हुनु पर्ने
- वाली विमा सजिलै उपलब्ध हुने गरी व्यवस्था हुनु पर्ने ।
- सरकारले गुणस्तर युक्त वीउ विजन उपलब्ध गराउनु पर्ने ।

## कोरोना भाईरस (COVID 19) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण कृषक स्तरमा कृषि उपज उत्पादन तथा वजारीकरण प्रणालीमा भएका समस्याहरु र काठमाण्डौ उपत्यकामा कृषि उपज ढुवानीको अवस्था वारेको अनुगमन

### पृष्ठभूमिः

मुलुकभर फैलिएको कोरोना भाईरस (कोभिड-१९) को महामारीका कारण जारी भएको बन्दाबन्दी/निषेधाज्ञाको कारण कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण र कृषि उत्पादनमा प्रयोग हुने सामाग्रीहरुमा सहजता भए नभएको बारे राष्ट्रिय किसान आयोगले अनुगमन गरी वास्तविकता थाहा पाँउन यो कार्यक्रम गरेको हो । भ्रमणका क्रममा उपत्यकका विभिन्न् स्थानहरुमा रहेका चेकजाँच गर्ने स्थानमा सुरक्षा निकायहरुसँग प्रत्यक्ष कुराकानी गरी सुचना लिएको हो ।

### भ्रमणका उद्धेश्यहरुः

- कृषिजन्य तथा पशुजन्य बाली तथा बस्तुको ढुवानीको अवस्था बारे जानकारी लिनु ।
- कृषि उत्पादनमा प्रयोग हुने सामाग्रीहरुको ढुवानीको अवस्थाको जानकारी लिनु ।

### भ्रमणगरिएको स्थानहरुः

१. चाबहिल चोक, काठमाडौं

२. बौद्ध चोक,काठमाडौं

३. बल्खु चोक, काठमाडौं

४. सल्लाघाँरी चोक, भक्तपुर

५. साँगा नाका, भक्तपुर

६. सानेपा चोक, ललितपुर

### मितिः

मिति २०७८/०२/३० गते

**क्रियाकलापहरु:**

## चाबहिल चोक, काठमाडौं

- आयोगका सदस्यज्यूहरु एवं कर्मचारीको टोली बिहान १२:३० बजे काठमाडौंको चाबहिलमा रहेको चेक पोइन्टमा गएर तहाँ डिउटिमा खटिएका प्रहरीहरुसँग र रोकिएको सबारी साधनहरुसँग जानकारी लिएको ।
- चितवनबाट तरकारी लिएर काठमाडौ आएको र चितवन फर्कने क्रममा गाडि नम्बर प्रदेश २-०३ ००१ च ०३२९ गाडी प्रहरीद्धारा रोकि राखिएको थियो । गाडी धनी अर्जुन हमालसँग जानकारी लिदा बिहान ३:३० बजे काठमाडौं आएको उक्त गाडी unload गरी चितवन फकर्ने क्रममा ९ बजे पछि प्रहरीद्धारा रोकिएकोले दुख भएको जानकारी प्राप्त भएको ।
- सोही क्रममा से १ च १७०८गाडी नम्बर किर्तिपुरबाटतरकारीहरु Online Delivery System बाट ढुबानी गर्दा प्रहरीले गर्न नदिएको तहाँ रोकिएको सबारी साधनका चालक मेघराज तिवारीबाट जानकारी प्राप्त भएको ।
- डिउटिमा खटिएको प्रहरीहरुसँग जानकारी लिदा उहाँहरुलाई माथिबाट ९ बजे पछि बिना पासको सवारी साधनहरु रोक्ने निर्देशन भएकोले सोही अनुसार आदेश पालना गरिएको र थप जानकारीको लागि ट्राफिक कन्ट्रोल १०३ मा अथवा ट्राफिक प्रहरीको प्रवक्ताज्यूसँग कुराकानी गर्न आग्रह गर्नु भयो ।

## बौद्ध चोक, काठमाडौं

- डिउटिमा खटिएको प्रहरीहरुसँग जानकारी लिदाँ साँघुबाट तरकारी लिएर आएको सवारी साधहरुलाई छोडने गरिएको ।
- माथिबाट ९ बजे पछि रोक्ने आदेश भएपनि ब्यवहारिकताको हिसाबले छिटो बिग्रने तरकारी गोलभेडा, आँप आदिलाई छोडने गरिएको जानकारी प्राप्त भएको ।
- उक्त समयमा त्यहाँ कुनै कृषि र पशु सेवा क्षेत्रसँग सम्बन्धित ढुवानीको सवारी साधनहरु रोकिएको अवस्थामा नरहेको ।

## बल्खु चोक, काठमाडौं

- डिउटिमा खटिएको प्रहरीहरुसँग जानकारी लिदाँ ९ बजे पछि बिना पासको सबै सबारी

साधहरुलाई रोक्ने गरिएको तर अति क्षति हुने तरकारी, फलफूल र दुग्धजन्य पदार्थहरुलाई रोक्ने नगरिएको साथै करिव ३ दिन देखि निषेधाज्ञा खुकुलो गर्दै गईरहेको जानकारी प्राप्त भएको ।

- अनुगमन गर्ने क्रममा त्यहाँ कुनै कृषि र पशु सेवा क्षेत्रसँग सम्बन्धित ढुवानीको सवारी साधनहरु रोकिएको अवस्थामा नरहेको ।
- काठमाडौंमा ढुवानी गरेर फर्कने खाली सवारी साधनको हकमा चाही चलानीको भरमा सवारी साधनहरु पास गराइरहेको जानकारी प्राप्त भएको ।

**सल्लाघाँरी चोक, भक्तपुर**

- डिउटिमा खटिएको प्रहरीहरुसँग जानकारी लिदाँ खाद्यान्न, तरकारी,फलफूल, दुग्ध र दुग्धजन्य उत्पादनहरुको ढुवानी लिएर आएको सवारी साधहरुलाई छोडने गरिएको ।
- माथिबाट ९ बजे पछि रोक्ने आदेश भएपनि मानबताको हिसाबले छिटो बिग्रने तरकारी, फलपुल, दुग्ध र दुग्धजन्य पदार्थहरु छोडने गरिएको जानकारी प्राप्त भएको ।
- उक्त समयमा कुनै कृषि र पशु सेवा क्षेत्रसँग सम्बन्धित ढुवानीको सवारी साधनहरु रोकिएको अवस्थामा नरहेको ।

**साँगा नाका, भक्तपुर**

- डिउटिमा खटिएको प्रहरीहरुसँग जानकारी लिदाँ खाद्यान्नतथा तरकारी एवं फलफूल लिएर आएको सवारी साधहरुलाई रोक्ने नगरिएको ।
- काठमाडौंमा ढुवानी गरेर फर्कने खाली सवारी साधनको हकमा चाही चलानीको भरमा सवारी साधनहरु पास गराइरहेको जानकारी प्राप्त भएको ।
- अनुगमन गर्ने क्रममा त्यहाँ कुनै कृषि र पशु सेवा क्षेत्रसँग सम्बन्धित ढुवानीको सवारी साधनहरु रोकिएको अवस्थामा नरहेको ।

**च) सानेपा चोक, ललितपुर**

- डिउटिमा खटिएको प्रहरीहरुसँग जानकारी लिदाँ ९ बजे पछि बिना पासको सबै सबारी साधहरुलाई रोक्ने गरिएको तर अति क्षति हुने तरकारी, फलफूल र दुग्धजन्य पदार्थहरुलाई निवार्ध रुपमा चल्न दिएको जानकारी पाप्त भएको।

- निषेधाज्ञा शुरु भएको बेला जस्तो कडा रुपमा रोकटोक नगरिएको ।
- अनुगमन गर्ने क्रममा त्यहाँ कुनै कृषि र पशु सेवा क्षेत्रसँग सम्बन्धित ढुवानीको सवारी साधनहरु रोकिएको अवस्थामा नरहेको ।

**सिकाई/निष्कर्ष तथा सुझावहरुः**

उपरोक्त स्थानहरुको स्थलगत रुपमा अनुगमन गर्दा काठमाडौंको चाबहिलमा अत्यावश्यक बस्तुहरुखाद्यान्न, तरकारी, फलफूल, दुग्ध तथा दुग्धजन्यपदार्थहरु पुर्याई सम्बन्धित ठाँउमा फर्किने क्रममा ९ बजे भित्रको समय अवधिमा पुग्न नसकेको देखियो । यसरी बस्तु तथा सेवा उपलब्ध गराई फर्किने फलफूल, दुध तरकारीका गाडीहरुलाई सम्बन्धित ठाँउ सम्म पुग्न व्यावाहरिक हिसाबले पनि गाडिहरुलाई छुट दिनु पर्ने उपयुक्त देखिन्छ । भ्रमण गरिएको अन्य स्थानको हकमा अति क्षति हुने तरकारी, फलफूल र दुग्धजन्य पदार्थहरुलाई निवार्ध रुपमा चल्न दिएको जानकारी प्राप्त भएको।

**भ्रमण टोली नामाबलीः**

श्री पुष्पा भुसाल, सदस्य, राष्ट्रिय किसान आयोग

श्री टेक बहादुर बोगटी, सदस्य, राष्ट्रिय किसान आयोग

श्री दिपेन्द्र कुँवर, क.अ., राष्ट्रिय किसान आयोग

श्री शान्तालाल रन्जितकार, हलुका सवारी चालक, राष्ट्रिय किसान आयोग

**भ्रमणका केही तस्बिरहरु**

**चाबहिल चोकमा गरिएको अनुगमनका केही तस्विरहरु**

साँगाबाट अनुगमन गरेर फर्कने क्रममा बाटोको किनारामा बिक्रिमा राखेको तरकारी किसानहरुसँग पनि अन्तरक्रिया गरियो । जस अन्तरगत

कृषक सुर्वन रानामगरले आफ्नै जग्गामा ३ लाखको लगानीमा १३ वटा टनेल निर्माण गरेर गोलभेडा, साग, प्याज, बोडी, सिमि आदी खेती गरिरहेको जानकारी प्राप्त भएको ।

# अनुसुची ८

# आयोगबाट जारी गरिएका प्रेस विज्ञप्तीहरु

नेपाल सरकार
# राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं, नेपाल ।

☎ ०१-५१०६१७६
०१-५१०६१७८
०१-५१०६१८०
०१-५१०६१८२
०१-५१०६१८६

पत्र संख्याः
चलनी नं.:

७ भाद्र २०७७

## विज्ञप्ति

यस वर्ष धान रोपाईको कार्य सम्पन्न भई सकेको र हालको समयमा कृषकहरुले धानबालीमा थप रासायनिक मलखाद (यूरिया) टपड्रेस गर्ने बेला हुदा सम्म पनि कृषकहरुले रासायनिक मल (यूरिया) नपाएको जन गुनासो यत्रतत्र सुनिन आएको हुदा यस तर्फ राष्ट्रिय किसान आयोगको गंभिर ध्यानाकर्षण भएको छ। यस सन्दर्भमा कृषकहरुको माग अनुसार रासायनिक मल (यूरियाको) समयमा नै संम्बोधन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई राष्ट्रिय किसान आयोग अनुरोध गर्दछ।

साथै विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID 19) मारमा नेपाल पनि अछुतो रहन सकेको छैन। कृषकहरुले समयमा कृषि उत्पादनका सामाग्री नपाउने र उत्पादित कृषि उपजको बजारीकरणको सहजता नभएको र उचित मूल्य नपाउने अवस्था रहेको छ ।यस विषम परिस्थिको बेलामा नेपाल सरकार द्धारा संचालित कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति लगायत नीजि क्षेत्रबाट संचालित फलफूल तथा तरकारी बजारमा फलफुल तथा तरकारीको मूल्य बढाउने, कालो बजारी गर्ने, कृतिम अभाव सृजना गर्ने, स्थानिय स्तरमा कृषकहरुको उत्पादन भएको ताजा तरकारीलाई बेवास्ता गर्दै भारतबाट आयात भएको फलफूल तथा तरकारीका ट्रकहरु रातको समयमा प्रवेश गराई सामाजिक तथा भौतिक दुरीलाई समेत बेवास्ता गर्दै तरकारी तथा फलफूल अनलोडिङ्ग तथा खरिद बिक्री गर्ने गरेको समेत भएको जनगुनासो आएकोले यस तर्फ पनि राष्ट्रिय किसान आयोगको गंभिर ध्यानाकर्षण भएको छ। यस तर्फ पनि कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत सम्बन्धित सरोकारवाला निकायहरुलाई पहल गर्न राष्ट्रिय किसान आयोग अनुरोध गर्दछ ।

रविन्द्र के.सी.
सदस्य एंवम प्रवक्ता

<u>सादर अवगतार्थ</u>
माननीय मन्त्रीज्यू,
कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरवार,काठमाण्डौं।

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

किर्तिपुर, काठमाण्डौं

पत्रसंख्याः २०७७/७८
च.नं.:

मितिः २०७८ /०१ /२७

## विषय : प्रेश विज्ञप्ती

हाल विश्वभर फैलिएको कोरोना भाइरस (Covid - 19) को प्रभावबाट नेपाल पनि अछुतो रहन सकेको छैन । कोभिडको प्रभावबाट मानवजातीको स्वास्थ्यमा गंभीर संकट आईरहेको र दिन प्रतिदिन यसबाट विश्व समुदायमा आक्रान्त भईरहेको छ । कोभिडको प्रकोपबाट आक्रान्त नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै नेपाल सरकारले समयमै सचेतनपूर्वक बिभिन्न कदमहरु अगाडी बढाईरहेको र यसैको लागि देशका अधिकाशं स्थानहरुमा निशेधाज्ञा जारी गरेको छ । यस विषम परिस्थितिमा नेपाल सरकारको निर्देशनलाई गम्भिरतापूर्वक पालना गर्दै कठोर अनुशासनमा रहनुको हामीसँग कुनै विकल्प छैन । यति हुँदा हुदै पनि हाम्रो अर्थतन्त्रमा उद्योग व्यवसाय, उत्पादन, दैनिक कामकाज र जनजीवनमा ठूलो धक्का र असर परिरहेको छ । अर्कोतिर उद्योग व्यवसाय संचालन छैन भने उत्पादन र व्यवसायमा किसानहरुले ठुलो क्षति व्यहोरिरहेका छन । निशेधाज्ञाको कारण कृषि तथा पशुजन्य उत्पादन, उत्पादनमा प्रयोगहुने कृषिजन्य सामग्रीहरुको उपलब्धता तथा ढुवानीमा कृषकहरुले ठूलो समस्या तथा चुनौति भोग्नु परेको छ । खासगरी पशुपालन, दुग्ध उत्पादक, तरकारी फलफूल, मत्स्य, कुखुरापालक, अन्डा उत्पादक, च्याउ, केरा उत्पादक किसानले आफ्नो उत्पादन बजार नहुँदा ठुलो क्षति व्यहोर्नु परेको छ ।

यस विषम परिस्थितिमा किसानहरुको उपजलाई उचित मूल्यमा बजार र उपभोक्ता समक्ष पुऱ्याउनको लागि कृषि उपज ढुवानीमा सावधानीपूर्वक सहजता बनाउने, कृषि उपजको मूल्य श्रृखंला र आपूर्ती व्यवस्थापन गर्नु अपरिहार्यता भएको छ । यसैगरी कृषकहरुको लागि आवश्यक पर्ने विउ, मल लगायतका कृषि सामाग्रीको सहज उपलब्धता गराउने साथै कोभिड लगायत प्राकृतिक प्रकोपका कारण भएको क्षतिको आकंलन गरी कृषकको लागि आवश्यक राहतका विशेष कार्यक्रम संचालन गराउने र यो अवस्थामा आन्तरिक बजारलाई अविलम्व नियमित र व्यवस्थित गर्न निश्चित मापदण्डको आधारमा ढुवानी सेवा नियमित रुपमा संचालन गर्न नेपाल सरकार र अन्य सरोकारवाला निकायहरुको गम्भिर ध्यानाकर्षण गराउँदछौं । यसैगरी यस विषयमा नेपाल सरकार र कृषि तथा किसानसंग सम्बन्धित अन्य सरोकारवाला निकायहरु बीच आवश्यक सहजिकरण गर्ने निर्णय आयोगले गरेको छ ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

**समृद्ध नेपालको शानः अधिकार सम्पन्न किसान**

फोन नं: -०१-५९०६१८२, ५९०६१७६, ५९०६१८० ईमेलः nfcnepal2017@gmail.com वेभसाइटः www. www.nfc.gov.np

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

किर्तिपुर, काठमाण्डौं

पत्रसंख्याः २०७७/७८

च.नं.:

मितिः २०७८ /०२ /२३

## प्रेस विज्ञप्ती

मूलुकभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण जारी बन्दाबन्दी /निशेधाज्ञाले कृषि तथा पशुजन्य उत्पादन, उत्पादनमा प्रयोग हुने कृषिजन्य सामग्रीहरुको उपलब्धता तथा ढुवानीमा भएको अवरोधको कारणले कृषकहरुको उत्पादन ठूलो परिमाणमा क्षति भएको र किसानहरुले ठूलो मात्राको घाटा व्यहोर्नु परेकोछ । खासगरी पशुपालक, दुग्ध उत्पादक, तरकारी, फलफूल, मत्स्यपालक, कुखुरापालक, अन्डा उत्पादक, च्याउ उत्पादक समेतका किसानले आफ्नो उत्पादनको बजार गुमाउनु परेकोछ । यस्तो अवस्थामा राष्ट्रिय किसान आयोगले मिति २०७८ जेष्ठ १९, २० २१ र २२ मा कृषि क्षेत्रमा देखिएका समस्या र समाधानका उपायहरुका विषयमा नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो । छलफलबाट प्राप्त सुझावहरू समेतलाई समेटेर तपसिलका विषयहरुमा नेपाल सरकारका सम्बन्धित निकाय तथा सरोकारवाला निकायहरुबाट आवश्यक नीतिगत तथा कार्यक्रमिक व्यवस्था हुन र तिनको प्रभावकारी कार्यान्वियन गर्न राष्ट्रिय किसान आयोग हार्दिक अपिल गर्दछ ।

- कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङ्ग कर्पोरेसनमा रासायनिक मल मौजाद अवस्थामा रहेको भएता पनि आन्तरिक ढुवानीमा अवरोध श्रृजना भएको देखिएकोले नेपाल सरकार तथा सम्बन्धित निकायबाट यो अवस्थाको अन्त्य गरी मल, बीउको सहज आपूर्ती तथा वितरण गर्ने र सोको अध्यावधिक सूचना प्रवाह हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तत्काल पहल गरिनु पर्ने,
- रासायनिक मल खरिदका लागि Government to Government (GtoG) मार्फत गर्दा सबै हिसावले उपयुक्त हुने देखिएकोले समय मै खरीद प्रकृया अगाडी बढाउन नेपाल सरकारबाट तत्काल पहल गरिनु पर्ने,
- मल वितरण प्रणालीमा कृषकको माग अनुसार प्रयाप्त नभएको र केही जिल्लाहरुमा कृषकले सहज रूपमा मल प्राप्त गर्न नसकेको भन्ने गुनासो आएकोले जिल्लाको मागअनुसार वितरण प्रणालीलाई व्यवस्थित गरिनु पर्ने,
- कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङ्ग कर्पोरेसनलाई मलमा प्रदान गरिने आगामी आ.व.को अनुदान रकम पेश्कीको रूपमा चालु आ.व. मा उपलब्ध गराईनु पर्ने,
- मल तथा बीउ बिजन ढुवानीमा अवरोध र रोकतोकका कारण बिक्री वितरण तथा उपलब्धतामा सुस्तता आएकोले सहज आपूर्तीको व्यवस्था गरिनु पर्ने,
- दूग्ध किसानहरुको बक्यौता रकम अविलम्व भुक्तानी गरिनु पर्ने,
- दूग्ध उत्पादक किसान, व्यावसायी र दूग्ध उद्योगहरुलाई सहुलियत दरको कर्जा उपलब्ध गराईनु पर्ने,
- यस्तै खालका महामारी तथा अनेक प्राकृतिक प्रकोप पर्दा दूग्ध किसान र दूग्ध उद्योगीहरुलाई राहत पुऱ्याउने उद्धेश्यले राष्ट्रिय दुग्ध विकास वोर्ड अन्तरगत रहने गरी एउटा छुट्टै कोष स्थापना गरिनु पर्ने,
- पशुमा गरिने कृतिम गर्भाधानको कार्यलाई प्रभावकारी रुपमा विस्तार तथा सो को लागि आवश्यक पर्ने लिक्युईड नाईट्रोजनको यथाशिघ्र व्यवस्था गरिनु पर्ने ।
- हाल कुखुरामा फैलिएको रानीखेत रोगको संक्रमणबाट कुखुरापालक कृषकहरु धैरै मारमा परेका छन र कोभिडको महामारीसंगै यसले थप जटिलताको रुप नलेला भन्ने अवस्था नरहेकोले राज्यका सम्बन्धित निकायले यस विषयमा थप अध्ययन गरी आवश्यक कदम चालिनु पर्ने,
- कुखुराको मासु, अण्डा तथा दाना ओसारपसार गर्न रात्री समयमा मात्र सवारी साधन गुड्न अनुमति भएकोले यस्ता सामाग्री ढुवानी गर्न गन्तव्य तर्फ जाँदा सहज भए पनि फर्कदाँ अवरोध श्रृजना भएको भन्ने गुनासो आएकोले त्यस्ता साधनलाई निर्वाध संचलन हुन दिईनु पर्ने,

**समृद्ध नेपालको शानः अधिकार सम्पन्न किसान**

फोन नंः -०१-५९०६१८२, ५९०६१७६, ५९०६१८० ईमेलः **nfcnepal2017@gmail.com** वेभसाइटः www. **www.nfc.gov.np**

नेपाल सरकार
# राष्ट्रिय किसान आयोग
किर्तिपुर, काठमाण्डौं

- कुखुरापालक कृषकको लागि सरल र सहुलियत दरको कर्जा, प्रभावकारी बिमा, राहतका कार्यक्रम घोषणा गरिनु पर्ने,
- दानाको लागी आवश्यक पर्ने कच्चा पदार्थ आयातमा लगाईएको भन्सार तथा कर महशूलमा पुनरावलोकन गरी दाना उद्योग तथा मकै र भट्टमास उत्पादन गर्ने किसानको हितमा हुने गरी महशूल निर्धारण गरिनु पर्ने,
- यतिवेला आँप र लिचीको उत्पादन समय भएको तर बजारहरु निशेधाज्ञका कारण बन्द भएकोले प्रतिस्पर्धी बजारको अभाव भएको छ । यसैले फलफूल उत्पादन गर्ने किसानहरु आफ्नो उत्पादन सस्तो मूल्यमा विचौलियालाई बेच्न वाध्य छन । यस्तो अवस्थामा कृषकको उत्पादनको उचित मूल्यको सुनिश्चितताको लागि नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरुबाट आवश्यक पहल गरिनु पर्ने,
- यो समय फलफूलका विरुवा लगाउने समय भएकोले विरुवा उत्पादन, ढुवानी र लक्षित किसानहरु समक्ष सहज रुपमा पुऱ्याउन ढुवानीमा सहजीकरण गरिनु पर्ने,
- निषेधाज्ञाको समयमा पुष्प व्यवसाय ज्यादै प्रभावित भएको, बजारको अभावमा प्रायः सबै नष्ट भएको, तत्कालै बजार सामान्य अवस्थामा फर्किने नदेखिएको अवस्थामा पुष्प व्यवसायी किसानलाई राहत प्रदान गर्न उनीहरुले लिएको कर्जाको ब्याज १ बर्षको मिनाह गर्नुपर्ने, बन्दाबन्दी अवधिभरको किस्ताको पूनर्तालिका गरी किस्ता सार्ने व्यवस्था र पुष्प व्यवसायका लगि १ प्रतिशत व्याजमा सुलभ कर्जा उपलब्ध गराईनु पर्ने,
- निषेधाज्ञाको समयमा जिउंदो माछाको बजारीकरणको लागि आवश्यक पर्ने अक्सिजनको सर्भसुलभ आपूर्ती गरिनु पर्ने,
- बन्दाबन्दी /निशेधाज्ञाको आदेशमा कृषि तथा पशुपन्छी उत्पादन सामग्री तथा उपजलाई अति आवश्यक वस्तुको रुपमा सूचीकरण गरिनु पर्ने,
- कृषि तथा पशुपालन क्षेत्रमा कृषि विमाको विस्तार गर्नु पर्ने र विगत वर्षहरुमा प्रदान गरिदैं आएको विमाङ्क रकमको ७५ प्रतिशत अनुदानलाई कायम गरिनु पर्ने,
- आत्मनिर्भर भएका कृषि वस्तुमा आयात रोकिनु पर्ने र वितरण प्रणालीलाई चुस्त दुरुस्त बनाईनु पर्ने,
- चैते धान भित्र्याउनेसमय हुन लागेकोले उक्त धानको न्यूनतम समर्थन मूल्य तत्काल तोकिनु पर्ने,
- मल, बीउ, सिंचाई, भण्डारण लगायतका कृषि कार्यमा प्रयोग हुने विद्युतमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरिनु पर्ने,
- कृषि क्षेत्रमा लगानी बृद्धि गर्न २ प्रतिशत ब्याजमा ऋण प्रदान गरिनु पर्ने,
- कृषि औजार र साधनहरुमा पूर्ण रुपमा भन्सार छुटको व्यवस्था गरिनु पर्ने,
- किसानहरुको हकहित र अधिकार संरक्षणको लागि किसान कोष खडा गरी किसानको हितमा कल्याणकारी कार्यक्रम संचालन गरिनु पर्ने,
- गरिब तथा श्रमजिवी किसानहरुलाई रासन कार्डको व्यवस्था गरी दैनिक उपभोग्य वस्तुहरुको उपलब्ध गराईनु पर्ने,
- कृषि क्षेत्रको योगदान अनुसार बजेट विनियोजन गरिनु पर्ने ।

कोभिड लगायत बिभिन्न प्राकृतिक प्रकोपका कारण कृषि क्षेत्रमा भएको क्षतिको आकंलन गरी किसानको लागि आवश्यक राहतका विशेष कार्यक्रम संचालन गरिन, यो अवस्थामा पनि स्वास्थ्य मापदण्डलाई पूर्ण रुपमा पालना गरी आन्तरिक बजार र ढुवानी सेवालाई अविलम्व नियमित रुपमा संचालन गर्न नेपाल सरकार र सबै सरोकारवाला निकायहरुसंग हार्दिक अपिल गर्दछौ ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

**समृद्ध नेपालको शानः अधिकार सम्पन्न किसान**

फोन नंः -०१-५९०६१८२, ५९०६१७६, ५९०६१८० ईमेलः nfcnepal2017@gmail.com वेभसाइटः www. www.nfc.gov.np

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

किर्तिपुर, काठमाण्डौं

पत्रसंख्याः २०७७/७८

च.नं.:

मितिः २०७८ /०३ /१५

## १८ औं राष्ट्रिय धान दिवसको अवसरमा

# प्रेस विज्ञप्ती

नेपालमा आज "धान उत्पादनमा बृद्धिः खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि" भन्ने नाराका साथ राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव स्थापनाको १८ औं वर्ष मनाईदै गरेको अवसरमा सम्पूर्ण किसान दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । 'मानो रोपेर मुरी उब्जाउने' रोपाईको समयमा रुपमा हरेक वर्ष असार १५ गतेका दिनलाई नेपालभर धान दिवस तथा रोपाईं महोत्सवको रुपमा मनाउने गरिन्छ ।

धान नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा समेत महत्वपूर्ण वालीको रुपमा रहेको छ । नेपाली समाजमा जन्मेदेखि मृत्यु पर्यन्तसम्म हुने हरेक सामाजिक एवम् सांस्कृतिक कार्यहरुमा धानकै प्रयोग गर्ने गरिन्छ । वैदिकयुगदेखि महत्व बोकेको धान हामी आम नेपालीको लागि प्रमुख र आधारभूत खाद्यान्न मात्र नभएर संस्कृतिको धरोहर पनि हो ।तराईको समथर फाँटदेखि ३०५० मिटर उचाईसम्म धान खेति गरिन्छ । मूलुकको खेति गरिने कूल क्षेत्रफलको करिव ४७ प्रतिशत जमिनमा धान खेति गरिन्छ ।अन्नवाली उत्पादनको कूल क्षेत्रफलको करीब ४३ प्रतिशतमा धान खेती हुने गरेको र कूल अन्नबाली उत्पादनमा ५० प्रतिशत भन्दा बढी धानको हिस्सा रहेको छ। मुलुकको कूल गार्हस्थ्य उत्पादनमा करिव २६ प्रतिशत अंश कृषिको रहेकोमा धानको कृषिक्षेत्रको गार्हस्थ्य उत्पादनमा करिव १५ प्रतिशत योगदान रहेको तथ्यले धानवालीले नेपालीको खाद्य तथा पोषण सुरक्षाको सुनिश्चिता कायम राख्न साथै राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । चालु आर्थिक वर्षमा करिव १४ लाख ७३ हजार हेक्टर क्षेत्रफलबाट ५६ लाख २१ हजार मेट्रिक टन धान उत्पादन भएको नेपालमा धानको क्षेत्रफलमा गर्त वर्षको भन्दा १ प्रतिशत र उत्पादनमा १.३ प्रतिशतले बृद्धि भएको देखिन्छ भने उत्पादकत्व पनि बृद्धि भएको देखिन्छ ।

धानको विशेष महत्व भएको र सरकारी प्रयासबाट धानको क्षेत्रफल विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कार्यक्रमहरु संचालन भई रहेता पनि नेपालमा धान /चामलको आयातको अवस्था भने दिन प्रतिदिन बढ्दो छ । मसिनो चामल खाने वानीले गर्दा करिव ४० अर्वको चामल आयात भएको तथ्याङ्कले नेपालमा धानको उत्पादन र उत्पादकत्व बृद्धि गर्नको लागि राज्यले थप प्रभावकारी कार्यक्रम संचालन गर्नु पर्ने आवश्यकता रहेको छ ।धानको उत्पादन र उत्पादकत्व बढाउनको लागि चैते तथा वर्षे धानको क्षेत्र विस्तार तथा प्रवर्द्धन, उत्पादन समाग्रीहरु सहज उपलब्धता, यान्त्रीकरण र उच्चप्रविधिको प्रयोग, भण्डारणकक्ष तथा गोदाम घरको निर्माण, समयमा नै न्यूनतम समर्थन मूल्य निर्धारण र सरकारी स्तरबाट खरिद तथा वितरणमा प्रणालीमा विशेष ध्यान दिनु आवश्यक छ ।

कोभिड लगायत बिभिन्न प्राकृतिक प्रकोपका कारण कृषि क्षेत्रमा भएको क्षतिलाई परिपूर्ती गर्न पनि व्यावसायिक धान खेतिले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । खाद्य सुरक्षा र आत्मनिर्भरताको लागि पनि आजको दिनको राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सवले सहयोग पुऱ्याउने अपेक्षा गरेको छु । राष्ट्रिय धान दिवसको यस अवसरमा किसानको हकहित संरक्षण र कृषिलाई आत्मनिर्भर बनाउन नेपाल सरकार र सबै सरोकारवाला निकायहरुसँग हार्दिक अपिल गर्दछौं ।

डा. प्रेम प्रसाद दंगाल

अध्यक्ष

राष्ट्रिय किसान आयोग

समृद्ध नेपालको प्राण: अधिकार सम्पन्न किसान

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

किर्तिपुर, काठमाण्डौं

पत्रसंख्याः २०७७/७८

च.नं.:

मितिः २०७८ /०३ /२७

## प्रेस विज्ञप्ती

मुलुक कोरोना भाईरस (कोभिड–१९) को महामारीको चपेटामा रहेको समयमा फेरि अविरल वर्षाका कारण बाढी, पहिरो र डुवान लगायतका प्राकृतिक प्रकोपको सामना गर्नु परेको छ । प्राकृतिक विपतको यस घटनाप्रति दुःख व्यक्त गर्दै यस घटनाबाट दिवगंत हुनुभएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा संवेदनाको साथै घाइतेजनहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

विगत केही समययता देशका विभिन्न जिल्लाहरुमा आएको अविरल वर्षाका कारण बाढी, पहिरो र डुवानले गर्दा तराई र कतिपय पहाडी क्षेत्रका हजारौं हेक्टर जमिन र कृषि वालीमा क्षति पुगेको छ । जसका कारण अर्बौं रुपैंयाँको नोक्सानी किसानले व्यहोर्नु परेको छ । मुख्य रुपमा धानवाली, माछापालन र लहरे तरकारी वालीमा बढी क्षति भएको छ । यस संवेदनशील घडीमा प्रभावित नागरिकको जीवन रक्षा, उद्धार र राहतको कार्यलाई अझै प्रभावकारी बनाउन छिटोभन्दा छिटो प्रभावित क्षेत्रमा उद्धार टोली खटाएर थप मानवीय र भौतिक क्षति न्यूनिकरणको लागि राष्ट्रिय किसान आयोग नेपाल सरकार समक्ष अपिल गर्दछ । बाढी, पहिरो र डुवानबाट भएको क्षतिको यथार्थ विवरण संकलन गरी कृषकहरूलाई राहत कार्यक्रम, कृषि व्यवसायको पुर्नस्थापना, रोजगारीको व्यवस्था र कृषकहरुलाई प्रोत्साहनको विशेष कार्यक्रम घोषणा गर्न राष्ट्रिय किसान आयोग नेपाल सरकार र सबै सरोकारवाला निकायहरुसंग हार्दिक अपिल गर्दछ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

**समृद्ध नेपालको शानः अधिकार सम्पन्न किसान**

फोन नंः -०१-५९०६१८२, ५९०६१७६, ५९०६१८० ईमेलः nfcnepal2017@gmail.com वेभसाइटः www. www.nfc.gov.np

नेपाल सरकार
# राष्ट्रिय किसान आयोग
किर्तिपुर, काठमाण्डौं

पत्रसंख्याः २०७७/७८
च.नं.:

मितिः २०७८ /०३ /३१

## प्रेस विज्ञप्ती

मूलुकभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण जारी बन्दाबन्दी /निशेधाज्ञा तथा विभिन्न प्राकृतिक प्रकोपले कृषि तथा पशुजन्य उत्पादन, उत्पादनमा प्रयोग हुने कृषिजन्य सामग्रीहरुको उपलब्धता तथा ढुवानीमा भएको अवरोधको कारणले कृषकहरुको उत्पादन ठूलो परिमाणमा क्षति भएको र किसानहरुले ठूलो मात्राको घाटा व्यहोर्नु परेकोछ । खासगरी तरकारी, फलफूल, मत्स्यपालक, च्याउ उत्पादक, पुष्प उत्पादक, चिया उत्पादक, कफी उत्पादक र अलैची उत्पादक समेतका किसानले आफ्नो उत्पादनको बजार गुमाउनु परेकोछ । यस्तो अवस्थामा राष्ट्रिय किसान आयोगले कृषि क्षेत्रमा देखिएका समस्या र समाधानका उपायहरुका विषयमा कृषक, कृषि उद्यमी, नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरु बीच विभिन्न चरणमा अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो । छलफलबाट प्राप्त सुझावहरू समेतलाई समेटेर तपसिलका विषयहरुमा नेपाल सरकारका सम्बन्धित निकाय तथा सरोकारवाला निकायहरुबाट आवश्यक नीतिगत तथा कार्यक्रमिक व्यवस्था हुन र तिनको प्रभावकारी कार्यान्वयन गर्न राष्ट्रिय किसान आयोग हार्दिक अपिल गर्दछ ।

- मल तथा बीउ बिजन ढुवानी, बिक्री वितरण तथा उपलब्धतामा सुस्तता आएकोले सहज आपूर्तीको व्यवस्था गरिनु पर्ने,
- कृषि जन्य बस्तुको व्यवस्थित बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनु पर्ने,
- कृषि श्रमिक, उत्पादक किसान र कृषिजन्य सामाग्री ढुवानी र बजारीकरण गर्ने कृषि उद्यमीलाई कोरोना भाइरसबाट सुरक्षित राख्न खोपको व्यवस्था गरिनु पर्ने,
- चिया, कफी, माछा, तरकारी, च्याउ, पुष्प उत्पादक कृषकहरूका लागि सरल र सहुलियत दरको कर्जा, प्रभावकारी विमा र राहतका अन्य कार्यक्रम घोषणा गरिनु पर्ने,
- फलफूल र तरकारी उत्पादन गर्ने किसानहरु आफ्नो उत्पादन सस्तो मूल्यमा विचौलियालाई बेच्न बाध्य छन । यस्तो अवस्थामा कृषकको उत्पादनको उचित मूल्यको सुनिश्चितताको लागि नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरुबाट आवश्यक पहल गरिनु पर्ने,
- यो समय फलफूलका विरुवा लगाउने समय भएकोले विरुवा उत्पादन, ढुवानी र लक्षित किसानहरु समक्ष सहज रुपमा पुऱ्याउन ढुवानीमा सहजीकरण गरिनु पर्ने,
- निषेधाज्ञाको समयमा च्याउ व्यवसाय ज्यादै प्रभावित भएको, बजारको अभावमा प्रायः सबै नष्ट भएको, तत्काले बजार सामान्य अवस्थामा फर्किने नदेखिएको अवस्थामा च्याउ उत्पादक किसानलाई राहत प्रदान गर्न उनीहरुलाइ विना धितो ऋणको व्यवस्था, ५० प्रतिशत ढुवानीमा अनुदान र च्याउको बीमा सहज रूपमा हुने व्यवस्था मिलाउनु पर्ने,
- निषेधाज्ञाको समयमा पूष्प व्यवसाय ज्यादै प्रभावित भएको र बजारको अभावमा प्रायः सबै नष्ट भएको, तत्काले बजार सामान्य अवस्थामा फर्किने नदेखिएको अवस्थामा पूष्प उत्पादक किसानलाई राहत प्रदान गर्न उनीहरुले लिएको कर्जाको व्याज १ बर्षको मिनाह गर्नुपर्ने, १ प्रतिशत व्याजमा सुलभ कर्जा उपलब्ध गराउनु पर्ने, बन्दाबन्दी अवधिभरको किस्ताको पूनर्तालिका गरी किस्ता सार्ने व्यवस्था र ५० प्रतिशत ढुवानीमा अनुदानको व्यवस्था गरिनु पर्ने,
- अमिला जातका फलफूलहरूमा सिट्रस ग्रिनिङ (Citrus greening) को समस्या रहेकोले तराइ तथा पहाडबाट बेर्ना ढुवानी गर्दा आन्तरिक क्वारेन्टाइनलाई व्यवस्थित गरिनु पर्ने,

**समृद्ध नेपालको शानः अधिकार सम्पन्न किसान**

फोन नं: -०१-५९०६१८२, ५९०६१७६, ५९०६१८० ईमेलः **nfcnepal2017@gmail.com** वेभसाइटः www. **www.nfc.gov.np**

- जिल्लागत रूपमा वितरण गरिएको रासायनिक मल कृषकको माग अनुसार प्रयाप्त नभएकोले चिया तथा कफीको बगानमा मलको अभावको कारण चिया उत्पादन घटेकोले समयैमा माग अनुसार मल वितरण प्रणालीलाइ व्यवस्थित गरिनु पर्ने,
- निर्यातजन्य कृषि बस्तु चिया तथा कफीको नियार्त प्रर्वदन गर्नका लागि नेपाल सरकारले नीतिगत सुधार गरी उत्पादक, उद्यमीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू संचालन गरिनु पर्ने,
- चियामा विषादीको अवशेष देखिएकोले तेश्रो मूलकमा निर्यात गर्न असहज परिस्थिति भएकोले चिया उत्पादक कृषक, व्यवसायी तथा कामदारहरुलाई सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनु पर्ने,
- अन्तराष्ट्रियबजारमा अर्गानिक अर्थोडक्स चियाको माग धेरै भएकोले सो को लागि आवश्यक नीतिगत व्यवस्था गरि सो अनुसार कार्यक्रम कार्यान्वयन गरिनु पर्ने,
- अन्तराष्ट्रिय बजारमा चिया विक्री गरेवापत कृषक व्यवसायी उद्यमीहरूलाई दिदै आएको निर्यात अनुदान (incentive) विगत २ बर्ष देखि नपाएकोले सोको उपलब्धता हुने व्यवस्था गरिनु पर्ने,
- बन्दाबन्दिको कारण अन्तराष्ट्रिय उडानमा अवरूद्ध भएकोले चियाको नमूना (Sample) पठाउन समस्या भएकोले नेपाल सरकारले आवश्यक सहजीकरण गरिनु पर्ने,
- कफीको उत्पादन क्षेत्र विस्तार लगायत विभिन्न अनुसन्धनात्मक कार्यलाई विशेष जोड दिइनु पर्ने,
- अलैचीमा विभिन्न खालका रोगको प्रकोप आएकाले सोको नियन्त्रणका लागि ठोस कार्यक्रमका साथै बजारीकरणमा आवश्यक सहजीकरण गरिनु पर्ने,
- कृषिमा दिईने अनुदानहरू सोझै कृषकले नै पाउने व्यवस्थाका लागि आवश्यक व्यवस्था गरिनु पर्ने,
- नेपाली कफीको आन्तरिक बजार प्रवर्दन गर्न विशेष कार्यक्रमहरू संचालन गरिनु पर्ने,
- विदेशी माछा आयातमा नियन्त्रण गर्दै आन्तरिक उत्पादनमा जोड दिनु पर्ने, माछाको आन्तरिक ढुवानीमा समस्या भएकोले सहज ढुवानीको लागि सहजीकरण गरिनु पर्ने,
- नेपाली मत्स्य क्षेत्रमा भुरा माछाको बजार प्रर्वद्धनमा जोड दिइनु पर्ने,
- मत्स्यपालन क्षेत्रमा यातायात तथा ढुवानीमा देखिएको समस्याका कारण माछाका दाना, फिड्स तथा सप्लाइमा समस्या देखिएकोले ढुवानीमा आवश्यक सहजीकरण गरिनु पर्ने,
- कालीमाटी समेत अन्य थोक बजारमा उत्पादक किसानका लागि स्थान उपलब्ध गरिनु पर्ने,
- माछाको बीमा प्रकृयालाई सरलीकृत गरी मत्स्यपालक कृषकले सहज रूपमा बीमा गर्न सक्ने वातावरण निर्माण गरिनु पर्ने,
- माछाका भुरा उत्पादन ह्याचरी निर्माणको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्ने,
- जिउँदो माछा ढुवानी तथा विक्री वितरण गर्नका लागि अक्शिजन जडित भ्यान र विभिन्न स्थानमा व्यवस्थित माछा मार्ट स्थापना गरिनु पर्ने,
- सघन माछा पालन प्रविधि, सौन्दर्य माछा पालन प्रवर्दनका लागि सरकारी नीजि क्षेत्रको साझेदारीमा कार्यक्रम संचालन गरिनु पर्ने,



फोन नं: -०१-५९०६१८२, ५९०६१७६, ५९०६१८० ईमेलः **nfcnepal2017@gmail.com** वेभसाइटः www. **www.nfc.gov.np**

- माछा भुरा ढुवानी गर्दा अक्सिजनको अभावले असहज वातावरण भएकोले भुरा वितरण प्रणाली व्यवस्थित गर्न आवश्यक पहल हुनुपर्ने,
- समग्र कृषि क्षेत्रमा कोभिडको प्रभावहरू अध्ययन गरि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनु पर्ने,
- कृषि तथा पशुपालन क्षेत्रमा कृषि विमाको विस्तार गरिनुपर्ने र विगत वर्षहरुमा प्रदान गरिदैं आएको विमाङ्क रकमको ७५ प्रतिशत अनुदानलाई कायम गरिनु पर्ने,
- आत्मनिर्भर भएका कृषि वस्तुमा आयात रोकिनु पर्ने र वितरण प्रणालीलाई चुस्त दुरुस्त बनाईनु पर्ने,
- मल, बीउ, सिंचाई, भण्डारण लगायतका कृषि कार्यमा प्रयोग हुने विद्युतमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरिनु पर्ने,

कोभिड लगायत बिभिन्न प्राकृतिक प्रकोपका कारण कृषि क्षेत्रमा भएको क्षतिको आकंलन गरी किसानको लागि आवश्यक राहतका विशेष कार्यक्रम संचालन गरिन, यो अवस्थामा पनि स्वास्थ्य मापदण्डलाई पूर्ण रुपमा पालना गरी आन्तरिक बजार र ढुवानी सेवालाई अविलम्व नियमित रुपमा संचालन गर्न नेपाल सरकार र सबै सरोकारवाला निकायहरुसंग हार्दिक अपिल गर्दछौ ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

## अनुसूची ९

## आयोगमा सूचिकृत भएका संघ/संस्था/संगठन/संजालका विवरणहरु

### आ.ब. २०७४।७५ मा सुचिकृत सँघ सँगठनहरु

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ती | सम्पर्क फोन नंः |
|---|---|---|---|---|---|
| १ | २०७४।९।२८ | अखिल नेपाल किसान महासँघ क्रान्तिकारी केन्द्र | सखँमुल काठमान्डौ | नहेन्द्र खड्का सिमा रिजाल | ९८५५०५८६२९ ९८५१२४२६६९ |
| २ | २०७४।९।३० | ग्रामिण कृषि कार्यकर्ता सन्जाल नेपाल | काठमान्डौ | रिखि राम भुषाल | ९८५७६३०५१५ |
| ३ | २०७४।१०।०३ | अष्टज अभियान | काठमान्डौ | यूवराज भन्डारी निलकण्ठ तिवारी | ९८४७४४३४३१ |

### आ.ब. २०७५।७६ मा सुचिकृत सँघ सँगठनहरु

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ती | सम्पर्क फोन नंः |
|---|---|---|---|---|---|
| ४ | २०७५।४।२३ | अखिल नेपाल किसान महासंघ | अद्धत मार्ग,वागवजार, काठमाण्डौ | शिवहरि खनाल | ९८५११९९५५१ |
| ५ | २०७५।४।२३ | दलित भूमिहिन किसान संघ | वल्खु १४,काठमाण्डौ | लाल वहादुर विश्वकर्मा | ४०३६३०४ ९८४८८२०९०० |
| ६ | २०७५।५।८ | राष्ट्रिय कृषक समुह महासंघ, नेपाल | नया वजार,काठमाण्डौ | उद्धव अधिकारी | ९८४१२९८०२६ |
| ७ | २०७५।५।२१ | अखिल नेपाल कुखुरा पालक किसान संघ | चन्द्रागिरी न.पा.३, काठमाण्डौ | गणेश वहादुर कुंवर | ९८५१०३५०२३ |
| ८ | २०७५।५।२२ | नेपाल पिछडा वर्ग किसान संघ | हेटौडा ११,मकवानपुर | राम प्रमोद महतो | ९८१०९२८९२३ |
| ९ | २०७५।५।२२ | नेपाल किसान संजाल | वुढानिलकण्ठ १०,काठमाण्डौ | गोविन्द राई | ९८५२०५१८०५ |
| १० | २०७५।५।२२ | राष्ट्रिय भुमि अधिकार मंच,नेपाल,राष्ट्रिय समिति | भरतपुर मनपा.१,ठिमुरा चितवन | ल्याम व.दर्जी | ०१६९१४५८ |
| ११ | २०७५।१०।४ | राष्ट्रिय महिला किसान महासंघ | का.म.पा.१०,वानेश्वर, | गंगा लक्ष्मी अवाल | ९८४१२४१७४७ |
| १२ | २०७५।१०।४ | अखिल नेपाल पशुपालक किसान संघ(क्रान्तिकारी ) | केन्द्रिय कार्यालय,काठमाण्डौ | आनन्दराम फुयाल | ९८५५०६४८७४ |
| १३ | २०७५।१०।४ | नेपाल जलवायु परिर्वतन महासंघ | का.म.न.पा.१३, काठमाण्डौ | राम कुमार ढुंगाना | ९८५१०१२८७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | २०७५।०९।११ | किशान महासंघ नेपाल | का.म.न.पा.१० काठमाण्डौ | ओम लामिछाने | ९८५१०५४२४३ |
| १५ | २०७५।१०।४ | नेपाल कृषि सुचना संजाल | गोकणर्श्वर न.पा.६,काठमाण्डौ | लेख वहादुर मोतान | ९८४१०७१४५० |
| १६ | २०७५।१०।४ | राष्ट्रिय व्यबसायी कृषि तथा पशुपालक किसान महासंघ नेपाल | का.म.न.पा.३४, काठमाण्डा | बाबुराम अधिकारी | ९८४६०८९५१४ |
| १७ | २०७५।१०।४ | नेपाल किसान संघ | सानेपा ,ललितपुर | आर्दश विक्रम कार्की | ९८५१२४८८९९ |
| १८ | २०७५।१०।१ | राष्ट्रिय अर्गानिक कृषि उपज उत्पादक व्यवसायी किसान संघ | सम्पर्क ठेगाना।कोटेश्वर ३२ | ईश्वरी प्रसाद पाण्डे | ९८४९२२४१७२ |
| १९ | २०७५।१०।४ | रिजेनेरेट फार्मस नेटवर्क नेपाल | रम्भा गा.पा.५,पाल्पा | तारा कार्की | ९८४१४०७२४१ |

## आ.ब. २०७७।७८ मा सुचिकृत सँघ सँगठनहरु

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क व्यक्ती | सम्पर्क फोन नं: |
|---|---|---|---|---|---|
| १ | २०७७।११।११ | राष्ट्रिय महिला किसान संजाल | ललितपुर | माया के.सी. | ९८४६०७९८४३ |
| २ | २०७७।१२।३० | अखिल नेपाल किसान महासंघ क्रान्तिकारी | काठमान्डौ | सिताराम तामाङ्ग | ९८४१५५४१०६ ९८४१२१५११९ |

## २०७८ सालको विजयादशमी, दीपावली,
## नेपाल सम्वत् ११४२
## तथा छठ पर्वको
## उपलक्ष्यमा सम्पूर्ण किसान दाजुभाई,
## दिदीबहिनी लगायत सम्पूर्ण नेपालीहरूमा
## हार्दिक मंगलमय **शुभकामना**
## व्यक्त गर्दछौं ।

# राष्ट्रिय किसान आयोग परिवार
## कीर्तिपुर, काठमाडौं

*"समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान"*